
वैशाख - १

# सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन


वर्ष २८, अङ्क १ | २०७६, वैशाख १-१५ | पूर्णाङ्क ६४३


प्रकाशक

**सर्वोच्च अदालत**

रामशाहपथ, काठमाडौं

फोन नं. ४२००७२८, ४२००७२९, ४२००७५० Ext.२५११ (सम्पादन), २५१४ (छापाखाना), २१३१ (बिक्री)

फ्याक्सः ४२००७४९, पो.व.नं. २०४३८

**Email:** info@supremecourt.gov.np, **Web:** www.supremecourt.gov.np

**सम्पादन तथा प्रकाशन समिति**

| | |
|---|---|
| **माननीय न्यायाधीश श्री केदारप्रसाद चालिसे, सर्वोच्च अदालत** | **- अध्यक्ष** |
| **मुख्य रजिष्ट्रार श्री नृपध्वज निरौला** | **- सदस्य** |
| **नायब महान्यायाधिवक्ता श्री पदमप्रसाद पाण्डेय, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय** | **- सदस्य** |
| **रजिष्ट्रार श्री नारायणप्रसाद पन्थी** | **- सदस्य** |
| **अधिवक्ता श्री रूद्रप्रसाद पोखरेल, कोषाध्यक्ष, नेपाल बार एसोसिएसन** | **- सदस्य** |
| **वरिष्ठ अधिवक्ता श्री खगेन्द्रप्रसाद अधिकारी, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन** | **- सदस्य** |
| **प्रा.डा.विजय सिंह सिजापति, डिन, त्रिभुवन विश्वविद्यालय, कानून संकाय** | **- सदस्य** |
| **सहरजिष्ट्रार श्री भीमकुमार श्रेष्ठ, सर्वोच्च अदालत** | **- सदस्य सचिव** |

**सम्पादक :** श्री रामप्रसाद पौडेल

**सम्पादन तथा प्रकाशन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री मन्दिरा शाही
शाखा अधिकृत श्री देवी चौधरी
शाखा अधिकृत श्री राजकुमार गुरूङ
कम्प्युटर अधिकृत श्री विक्रम प्रधान
ना.सु. श्री यशोदा निरौला
ना.सु. श्री अर्जुनबाबु सापकोटा
सि.क. श्री ध्रुव सापकोटा
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री राजेश तिमल्सिना

**भाषाविद् :** श्री रामचन्द्र फुयाल

**बिक्री शाखामा कार्यरत् कर्मचारी**

ना.सु.श्री अर्जुन चौधरी

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

सुपरभाइजर श्री कान्छा श्रेष्ठ
मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर हेल्पर श्री तुलसीनारायण महर्जन
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सहायक डिजायनर श्री रसना बज्राचार्य
सिनियर बुकबाइन्डर श्री रमेश बासुकला
सिनियर बुकबाइन्डर श्री विद्यानन्द पोखरेल
बुकबाइन्डर श्री मीरा वाग्ले
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
सिनियर प्रेसम्यान श्री अर्जुन घिमिरे
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
बुकबाइन्डर श्री गंगा थापा
बुकबाइन्डर श्री धनमाया मानन्धर

**विभिन्न इजलासहरुबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | | | |
|---|---|---|---|
| संयुक्त इजलास | ६ | इजलास नं. १० | ४ |
| इजलास नं. १ | ४ | इजलास नं. ११ | ६ |
| इजलास नं. २ | ४ | इजलास नं. १२ | ५ |
| इजलास नं. ३ | ३ | इजलास नं. १३ | ३ |
| इजलास नं. ४ | १ | इजलास नं. १६ | २ |
| इजलास नं. ५ | १० | | |
| इजलास नं. ६ | १० | | |
| इजलास नं. ७ | ११ | | |
| इजलास नं. ८ | २ | | |
| इजलास नं. ९ | ४ | | |
| जम्मा | ५५ | जम्मा | २० |

कूल जम्मा ५५ + २० = ७५

# नेपाल कानून पत्रिका

मा प्रकाशित भएका फैसलाहरू (२०१५ सालदेखि हालसम्म)

हेर्न, पढ्न तथा सुरक्षित गर्न

# www.nkp.gov.np

मा जानुहोला ।

**खोज्ने तरिका**

सर्वप्रथम **www.nkp.gov.np** लगइन गरेपश्चात् गृहपृष्ठमा देखिने **शब्दबाट फैसला खोज्नुहोस्** भन्ने स्थानमा आफूले खोज्न चाहेअनुसारको कुनै शब्द नेपाली युनिकोड फन्टमा टाइप गर्नुहोस् । यसबाट खोजेअनुसारको फैसला प्राप्त गर्न नसकेमा वेबसाइटको दोस्रो शीर्षकमा रहेको **वृहत् खोज** खोलेर विभिन्न किसिमले फैसला खोज्न सकिनेछ । त्यस अतिरिक्त **नेकाप प्रत्येक वर्ष** र **हाम्रो बारेमा** समेत हेर्न सक्नुहुनेछ ।

**यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्नेछः**

**सअ बुलेटिन, २०७..., ... .... – १ वा २, पृष्ठ ....**

**(साल) (महिना)**

**उदाहरणार्थः सअ बुलेटिन, २०७६, वैशाख – १, पृष्ठ १**

**का.जि.द.नं. ३९।०४९।०५०**

सर्वोच्च अदालतलगायत मातहतका अदालतहरू एवम् अन्य न्यायिक निकायहरूका कामकारवाहीसँग सेवाग्राहीहरूको कुनै गुनासो, उजुरी र सुझाव भए सर्वोच्च अदालत, प्रधानन्यायाधीशको निजी सचिवालयमा रहेको

**Toll Free Number**

**१६६०–०१–३३३–५५**

वा

**इमेल ठेगाना cjs@supremecourt.gov.np** मा सम्पर्क गर्न सकिने छ।

## वार्षिक ग्राहकसम्बन्धी सूचना

**"नेपाल कानून पत्रिका र सर्वोच्च अदालत बुलेटिन"** को **"वार्षिक ग्राहक"** बन्न चाहनेका लागि **२०७६ वैशाख अङ्क**देखि वार्षिक ग्राहक बन्न पाउने गरी सम्पादन तथा प्रकाशन समितिले निर्णय गरेको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

समितिको निर्णयानुसार मूल्य समायोजन भई **नेपाल कानून पत्रिका रू.७५** र **सर्वोच्च अदालत बुलेटिन प्रति अङ्क रू.४०** कायम गरिएकोसमेत सबैलाई जानकारी गराइन्छ।

**मूल्य रू.४०।–**

**मुद्रकः सर्वोच्च अदालत, छापाखाना**

# विषयसूची


| क्र.सं. | विषय | पक्ष / विपक्ष | पृष्ठ |
| --- | --- | --- | --- |
| **संयुक्त इजलास** | | | **१ – ४** |
| १. | निषेधाज्ञा | लालमणि सुवेदीसमेत वि. रामस्वरूप चौधरी | १ |
| २. | जग्गा खिचोला मेटाई बाटो निकास खुलाई चलन चलाई पाऊँ | अमृत भन्ने अमिरलाल उराव वि. पुनमदेवी यादव | १ |
| ३. | विद्युत् सेवाको गैरकानूनी महसुल तिर्न नपर्ने गरी हरहिसाब गराई पाऊँ | प्रदीपकुमार छाजेड वि. नेपाल विद्युत् प्राधिकरण, नेपालगन्ज वितरण केन्द्र, नेपालगन्जसमेत | २ |
| ४. | हक कायम गरी चलन चलाई पाऊँ | बुद्ध कलवार वि. तिलकधारी कहार | २ |
| ५. | परमादेश | मुकुन्द अधिकारी वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत | ३ |
| ६. | उत्प्रेषण / परमादेश | रामदयाल दनुवार वि. मालपोत कार्यालय, बेलवारी मोरङ | ४ |
| **इजलास नं. १** | | | **४ – ७** |
| ७. | उत्प्रेषण | मदन बस्नेत वि. जिल्ला प्रशासन कार्यालय, काठमाडौंसमेत | ४ |
| ८. | उत्प्रेषण / परमादेश | आशा हुजेदार थारू वि. मालपोत कार्यालय, महोत्तरी, जलेश्वरसमेत | ५ |
| ९. | उत्प्रेषण | रतिशचन्द्र लाल सुमन वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, काठमाडौंसमेत | ५ |
| १०. | कर्तव्य ज्यान | नेपाल सरकार वि. चोलाबहादुर ठडराईसमेत | ६ |
| **इजलास नं. २** | | | **७ - १२** |
| ११. | बन्दी प्रत्यक्षीकरण | कौशलकुमार भट्टराई वि. कारागार कार्यालय, नख्खु, ललितपुरसमेत | ७ |
| १२. | लागु औषध खैरो हेरोइन | राजेशकुमार गुप्तासमेत वि. नेपाल सरकार | ८ |
| १३. | परमादेश / प्रतिषेध | सुलभ खरेलसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत | १० |
| १४. | परमादेश | दिलु तामाङ वि. गृह मन्त्रालय, सिंहदरबारसमेत | ११ |
| **इजलास नं. ३** | | | **१२ – १५** |
| १५. | जबरजस्ती करणी | रविन्द्र साउद वि. नेपाल सरकार | १२ |

| | | | |
|---|---|---|---|
| १६. | कर्तव्य ज्यान र जबरजस्ती चोरी | कालु चन्दसमेत वि. नेपाल सरकार | १३ |
| १७. | उत्प्रेषण / परमादेश | गौरीशंकर प्र. सिंहसमेत वि. उच्च अदालत, जनकपुर, धनुषासमेत | १४ |
| इजलास नं. ४ | | | १५ – १६ |
| १८. | वैदेशिक रोजगार कसुर | नेपाल सरकार वि. राजु बुढाथोकीसमेत | १५ |
| इजलास नं. ५ | | | १६ – २१ |
| १९. | आवश्यक वस्तु संरक्षण (टेलिफोन तार चोरी) | नेपाल सरकार वि. अमिन केवटसमेत | १६ |
| २०. | बाघ मारी त्यसको छाला र हड्डी ओसार पसार | नेपाल सरकार वि. सन्तोषबहादुर गुरूङसमेत | १६ |
| २१. | सरकारी छाप दस्तखत किर्ते | अफान मियाँसमेत वि. नेपाल सरकार | १७ |
| २२. | घर भत्काई पाऊँ | बाबु थापा वि. नारायणबहादुर थापा | १८ |
| २३. | जबरजस्ती करणी | नेपाल सरकार वि. शशिराम खड्का | १८ |
| २४. | बैंकिङ कसुर | नेपाल सरकार वि. प्रविणकुमार शेरचन | १९ |

| | | | |
|---|---|---|---|
| २५. | उत्प्रेषण / परमादेश | रविन्द्र कुमार वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टंगालसमेत | १९ |
| २६. | मोही नामसारी | माइली तामाङ लामा वि. छेतेन ग्युरमान श्रेष्ठसमेत | २० |
| २७. | सर्त बमोजिमको दायित्व पूरा गराई पाऊँ | नकुल कार्की वि. सुनिलकुमार साहसमेत | २० |
| २८. | भ्रष्टाचार (रकम हिनामिना) | नेपाल सरकार वि. विनोदकुमार राय यादवसमेत | २१ |
| इजलास नं. ६ | | | २१ – २९ |
| २९. | लिखत दर्ता बदर | बुद्धु तेली वि. गौतम केवट | २१ |
| ३०. | वैदेशिक रोजगार कसुर | नेपाल सरकार वि. सुमन श्रेष्ठ | २२ |
| ३१. | उत्प्रेषण | वेदप्रसाद पौडेल वि. पुनरावेदन अदालत पोखरासमेत | २३ |
| ३२. | उत्प्रेषण | मौसम आले मगर वि. विद्यालय शिक्षक किताबखाना, म्युजियम मार्ग छाउनी काठमाडौंसमेत | २३ |
| ३३. | उत्प्रेषण | शकुन्तला बस्नेत वि. उच्च अदालत, पाटनसमेत | २४ |

| | | | |
|---|---|---|---|
| ३४. | उत्प्रेषण | कृष्णबहादुर थापासमेत वि. प्रहरी प्रधान कार्यालय, क.प्र. शाखा, नक्साल काठमाडौंसमेत | २५ |
| ३५. | मानव बेचबिखन र ओसार पसार तथा जबरजस्ती करणी | नेपाल सरकार वि. उमर बक्स हुसेन मियाँ | २६ |
| ३६. | जबरजस्ती करणी | मानबहादुर थापा वि. नेपाल सरकार | २७ |
| ३७. | कर्तव्य ज्यान | जयबहादुर मल्ल वि. नेपाल सरकार | २८ |
| ३८. | लागु औषध चरेस | नेपाल सरकार वि. शम्भुप्रसाद बानियाँ | २९ |
| **इजलास नं. ७** | | | **२९ – ३८** |
| ३९. | लागु औषध (खैरो हिरोइन) | नेपाल सरकार वि. चन्दन श्रेष्ठसमेत | २९ |
| ४०. | मानव बेचबिखन तथा ओसार पसार | नेपाल सरकार वि. लक्ष्मण घिमिरेसमेत | ३० |
| ४१. | हातहतियार खरखजाना | नेपाल सरकार वि. बलराम मण्डल धानुकसमेत | ३१ |
| ४२. | कर्तव्य ज्यान | विनोदकुमार माझीसमेत वि. नेपाल सरकार | ३२ |
| ४३. | उत्प्रेषण | राजकुमार ठाकुरसमेत वि. गरूडा नगरपालिका कार्यालय, गरूडा रौतहटसमेत | ३४ |

| | | | |
|---|---|---|---|
| ४४. | उत्प्रेषण / परमादेश | सुनैनादेवी श्रीवास्तवसमेत वि. नागेश्वर अटो आयल्ससमेत | ३४ |
| ४५. | उत्प्रेषण | डिलबहादुर ढकालसमेत वि. गुठी संस्थान केन्द्रीय कार्यालय, डिल्लीबजारसमेत | ३४ |
| ४६. | घरभाडा दिलाई घरजग्गा खाली गराई पाऊँ | रूद्रबहादुर मगर वि. खड्ककुमारी सिलवाल | ३५ |
| ४७. | माना चामल | देवेन्द्र स्वार वि. कविताकुमारी खाती | ३६ |
| ४८. | उत्प्रेषण / परमादेश | राजेन्द्र प्रधान वि. एन.आई.सी. एसिया बैंक लि. समेत | ३६ |
| ४९. | बन्दी प्रत्यक्षीकरण | अन्जु अर्याल वि. महानगरीय प्रहरी प्रभाग कालिमाटी, काठमाडौंसमेत | ३७ |
| **इजलास नं. ८** | | | **३८ – ४०** |
| ५०. | ज्यान मार्ने उद्योग | नेपाल सरकार वि. अशोक लामा | ३८ |
| ५१. | डाँका | अमिन मियासमेत वि. नेपाल सरकार | ३९ |
| **इजलास नं. ९** | | | **४० – ४२** |
| ५२. | जग्गा खिचोला चलन | प्रकाश साह तेली वि. गोविन्दप्रसाद साह | ४० |
| ५३. | मानव बेचबिखन तथा ओसार पसार | नेपाल सरकार वि. विमला तामाङ | ४० |

| | | | |
|---|---|---|---|
| **५४.** | गौ वध | ताराबहादुर राई वि. नेपाल सरकार | **४१** |
| **५५.** | उत्प्रेषण | शुभनारायण प्रसाद यादवसमेत वि. पर्सा जिल्ला अदालत, वीरगन्ज | **४१** |
| **इजलास नं. १०** | | | **४२ – ४६** |
| **५६.** | गौ वध | नेपाल सरकार वि. हुमन पुलामीसमेत | **४२** |
| **५७.** | उत्प्रेषण | महारजनियाँ गुरौ वि. भूमिसुधार कार्यालय, नवलपरासीसमेत | **४३** |
| **५८.** | बैंकिङ कसुर | नेपाल सरकार विगीता राणा (अधिकारी) | **४५** |
| **५९.** | वन पैदावार हानि नोक्सानी | नेपाल सरकार वि. सन्तोषकुमार खड्कासमेत | **४५** |
| **इजलास नं. ११** | | | **४६ - ५०** |
| **६०.** | उत्प्रेषण | ज्ञानेन्द्रप्रसाद भुसाल वि. अकला कुर्मिनीसमेत | **४६** |
| **६१.** | जबरजस्ती करणी उद्योग | रविन्द्र बुढाथोकी वि. नेपाल सरकार | **४७** |
| **६२.** | अंश चलन | शान्ती बस्नेत वि. अलैची बस्नेतसमेत | **४८** |
| **६३.** | लागु औषध खैरो हिरोइन | नेपाल सरकार वि. हरि बिक्रम शाहीसमेत | **४९** |
| **६४.** | छुट जग्गा दर्ता | चिरञ्जिवी घिमिरे वि. मालपोत कार्यालय, डिल्लीबजार, काठमाडौं | **५०** |

| | | | |
|---|---|---|---|
| **इजलास नं. १२** | | | **५० – ५६** |
| **६५.** | सेयरधनीको हित संरक्षण गरिपाऊँ | चन्द्रबहादुर राई वि. सहदेव आचार्यसमेत | **५०** |
| **६६.** | बेलगती मोही लगत कट्टा | जलिल राउत गदी वि. मजाहिर राउत गदी | **५२** |
| **६७.** | चलन चलाई पाऊँ | भगवती कार्की वि. विजय रानाभाट | **५३** |
| **६८.** | क्षतिपूर्ति | पुष्पमणि पोखरेल वि. विराटनगर उपमहानगरपालिका कार्यालय, मोरङसमेत | **५४** |
| **६९.** | ज्यान मार्ने उद्योग | दिलबहादुर लामा वि. नेपाल सरकार | **५५** |
| **इजलास नं. १३** | | | **५६ – ५९** |
| **७०.** | फैसला बदर बन्डा दर्ता बदरसमेत | सुनिल खड्कासमेत वि. विश्वम्भर थापा | **५६** |
| **७१.** | उत्प्रेषण | रिया श्रेष्ठ वि. वीना श्रेष्ठसमेत | **५७** |
| **७२.** | अंश दर्ता | रामअवधप्रसाद वरै वि. राजपति देवी बैरनीसमेत | **५८** |
| **इजलास नं. १६** | | | **५९ - ६०** |
| **७३.** | कर्तव्य ज्यान | नेपाल सरकार वि. धनकुमार पुर्जासमेत | **५९** |
| **७४.** | ज्यान मार्ने उद्योग | नेपाल सरकार वि. रविन सुनुवारसमेत | **६०** |

## संयुक्त इजलास

१

**स.का.मु.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०७०-CI-०१६६, निषेधाज्ञा, *लालमणि सुवेदीसमेत वि. रामस्वरूप चौधरी*

निषेधाज्ञा कुनै व्यक्तिको नागरिक अधिकार ऐन, २०१२ द्वारा प्रदत्त हक अधिकारमा असर पार्ने आशङ्काको स्थिति विद्यमान भएमा त्यस्तो हक अधिकारमा आघात हुनबाट संरक्षित गर्ने उपचारात्मक प्रकृतिको आदेश हो। यसबाट कुनै व्यक्तिको अधिकारको सिर्जना वा समाप्ति हुने हुँदैन । मुद्दा मामिलाको रोहमा आफ्नो हक भोग स्वामित्वसम्बन्धी निर्विवाद सम्पत्तिको प्रयोग गर्न वा स्वामित्वअन्तर्गत रहेको कुनै सम्पत्तिको आकार परिवर्तन गर्ने, संरचना निर्माण गर्ने वा भइरहेको संरचना बिगार्ने किसिमको कार्यलाई निषेध गरी फैसला कार्यान्वयनलाई सुनिश्चितता कायम गर्ने गरी निषेधाज्ञाको आदेश जारी गरिने।

निवेदकले जिकिर लिएको कि.नं.१०९६ को जग्गामा निजको एकल स्वामित्व रहेको प्रमाण पेस भएको देखिँदैन। उक्त सम्पत्तिको दर्ता स्रेस्ता आफ्नो भएको भन्ने पनि देखिँदैन । सा.कि.नं. १०२१ को जग्गा पूर्वपश्चिम राजमार्गका कारण विभाजित भई कि.नं. १०९५ र १०९६ भएको र सो साबिक कि.नं. १०२१ को जग्गामा पहिलेदेखि नै सतवरिया गाउँ पञ्चायत हाल सतवरिया गा.वि.स. र स्वास्थ्य चौकीको भवन रही त्यही कार्यालयले भोगचलन गरिआएको र उक्त जग्गाको फिल्डबुकको किसानको महलमा पर्ती डाँडो भनी उल्लेख भएको भन्ने पुनरावेदनपत्र बेहोराबाट देखिन्छ । यस अतिरिक्त नापी कार्यालय, दाङबाट कित्ताकाट गर्दा कि.नं. १०९५ दक्षिणतर्फ महेन्द्र राजमार्गतर्फ गएको र कि.नं. १०९६ क्षे.फ. ०-४-८ उत्तरतर्फ बाँकी रहेको जग्गामा साबिकदेखिकै गा.वि.स. कार्यालय र स्वास्थ्यको चौकी छ। जग्गामा २०३० साल अगावै तत्कालीन गाउँ सभाबाट गा.प. भवन मर्मत गर्न भनी रू. २००००।- निकासा गर्ने साथै आ.व. २०४६/०४७ को विकास अनुदान बजेट र स्टिमेटअनुसार अपुग हुन जाने रू.२००००।- गा.वि.स. बाटै थप गरी २०४८।१२।२७ मा सोही भवनमा गा.वि.स. कार्यालय सञ्चालन भएकोले उक्त कि.नं. १०९६ को जग्गामा सुरूदेखि नै गा.वि.स. कार्यालय, रही गा.वि.स. कै एकलौटी भोगचलन रहेको भन्नेसमेत लिखित जवाफबाट देखिन आउँछ। यस्तो अवस्थामा आफ्नो हक स्वामित्व नै कायम नभएको सम्पत्तिमा निरपेक्ष रूपमा स्थायी स्वामित्व स्थापित गर्ने हिसाबबाट साबिकदेखि सार्वजनिक प्रयोगमा रहेको सम्पत्तिलाई लामो समयसम्म भोग गरेको भन्ने आधारमा उक्त सम्पत्ति कब्जा गर्नसक्ने आशङ्का देखाई पुनरावेदकहरूले निषेधाज्ञाको उपचारको माग गर्नु कानूनसम्मत नहुने।

अतः विवादित सम्पत्तिमा निवेदकको स्वामित्व, दर्ता वा विधिसम्मत रूपमा उक्त सम्पत्तिमा घर निर्माण गरेको भन्ने स्थापित हुने आधार प्रमाणको अभाव रहेको स्थितिमा पुनरावेदन अदालत तुलसीपुरबाट निषेधाज्ञाको आदेश जारी हुने ठहर गरी मिति २०६९।१२।२८ मा भएको फैसला मिलेको नदेखिँदा उक्त फैसला उल्टी भई रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: दिलीपराज पन्त
कम्प्युटर: विकेश गुरागाई
इति संवत् २०७४ साल असार १९ गते रोज २ शुभम्।

२

**स.का.मु.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या. श्री ईश्वरप्रसाद खतिवडा,** ०७१-CI-१५२२, जग्गा खिचोला मेटाई बाटो निकास खुलाई चलन चलाई पाऊँ, *अमृत भन्ने अमिरलाल उराव वि. पुनमदेवी यादव*

सुरू मिसिल संलग्न मिति २०६९।९।१८ को नक्सा मुचुल्क हेर्दा कि.नं.२१ को जग्गालाई न.नं.८

मा देखाइएको छ भने वादीको कि.नं.३०९ को उत्तरमा कि.नं.३१० को जग्गा न.नं.२ जनिएको छ। दक्षिणमा कि.नं.१४८ को जग्गा न.नं.४ मा र पूर्वमा कि.नं.३०८ को जग्गा न.नं.३ मा रहेको भन्ने देखिन्छ। सो कुनै जग्गाहरूबाट वादीले निजको जग्गाको पश्चिमतर्फ रहेको न.नं.९ को सडकमा आवतजावत गर्नसक्ने अवस्था देखिँदैन। कि.नं.२१ को जग्गा कसैको नम्बरी नभई ऐलानी जग्गा भन्ने देखिन्छ। बाटोबाट घर जग्गामा आउन जान साँध जोडिएको कि.नं.२१ को जग्गा एक मात्र माध्यम रहेको भन्ने देखिन्छ। प्रतिवादीले सो ऐलानी जग्गा भोग चलन गरी बसे पनि वादीका जग्गामा आवतजावत गर्ने निकास नै रोक्न पाउने भन्ने नहुने।

अतः सुरू सुनसरी जिल्ला अदालतको मिति २०७०।६।२ को फैसला केही उल्टी गरी मिति २०६९।९।१८ को नक्सा मुचुल्कामा कि.नं.८'क' र ८'ख' को बीचमा रहेको न.नं.८'ग' को फुसको घर र न.नं.८'घ' को ट्वाइलेट भत्काई सो न.नं.८'ग' र ८'घ' को संरचना भत्केपछि खाली हुन आउने न.नं.८'क' र न.नं.८'ख' को बीचको जग्गाबाट न.नं.९ को बाटोसम्म जोड्ने गरी बराबर चौडाइ हुने गरी बाटो निकास खुलाई चलनसमेत पाउने ठहर गरी पुनरावेदन अदालत विराटनगरबाट मिति २०७१।९।२ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृतः दिलीपराज पन्त

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७४ साल असार १९ गते रोज २ शुभम्।

३

**स.का.मु.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०७१-CI-१६६२, विद्युत् सेवाको गैरकानूनी महसुल तिर्न नपर्ने गरी हरहिसाब गराई पाऊँ, *प्रदीपकुमार छाजेड वि. नेपाल विद्युत् प्राधिकरण, नेपालगन्ज वितरण केन्द्र, नेपालगन्जसमेत*

पुनरावेदक वादी विकास फ्लोर मिल प्रा.लि. बाट खपत युनिट र डिमाण्डमा २ ले गुणन गरी बिलिङ गर्नुपर्नेमा सोझै बिलिङ गरेको देखिँदा बिलिङ कार्यको त्रुटिसम्म भएको हो। तर निज उद्योगले सि.टि.पि.टी. रेसियोअनुसार नै विद्युत् खपत गरेको हुँदा उक्त खपत प्रयोग गरेको छैन भन्ने अवस्था नदेखिँदा छुट हुन गएको युनिटबापत जम्मा रू.१,०१,५१,५१४।८४ असुल गर्ने निर्णय भएको भनी उद्योगबाट बिलिङमा भएको त्रुटि स्वीकार गरेको अवस्था र प्राधिकरणले जडान गरेको सि.टि. रेसियोको बारेमा ग्राहकलाई जानकारी छैन भनी वादीले दाबी लिएको अवस्था देखिँदा हरहिसाबमा तल माथि परेन होला भनी भन्न नमिल्ने।

विद्युत् महसुलसम्बन्धी हरहिसाब सम्बन्धमा सि.टि.पि.टी. सम्बन्धी कागजातको बारेमा पुनरावेदन अदालतबाट पटकपटक प्राधिकरणमा पत्राचार हुँदा पनि सो कागज पठाएको देखिएन। पुनरावेदकले मूलतः हरहिसाबको दाबी लिएको देखिन्छ। हरहिसाबमा सि.टि.पि.टी. सम्बन्धी कागजात माग गर्दा प्रत्यर्थी प्रतिवादीहरूले सो कागजात पेस गरेको नदेखिँदा पुनरावेदक उद्योगको विद्युत् महसुलको हरहिसाब यकिन हुनुपर्ने नै देखिन आउने।

अतः सुरू बाँके जिल्ला अदालतको फैसला केही उल्टी गरी हरहिसाबको लागि सरोकार र सम्बन्ध राख्ने आवश्यक कागजात, ऐन, नियम र विनियमका आधारमा वादीले प्रतिवादीबाट हरहिसाब गराई पाउने र प्रतिवादी प्राधिकरणले हरहिसाब गरिदिनु पर्ने ठहऱ्याई पुनरावेदन अदालत नेपालगन्जबाट मिति २०७१।११।२६ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: दिलीपराज पन्त

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७४ साल असार १९ गते रोज २ शुभम्।

४

**स.का.मु.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०७२-CI-०२५६, हक कायम गरी चलन चलाई पाऊँ, *बुद्ध कलवार वि. तिलकधारी कहार*

न.नं.१३ र १४ को जग्गा आफ्नो भएको भन्ने प्रमाण पुनरावेदक वादीले पेस गर्न सकेको देखिएन । प्रतिवादी तिलकधारी कहारलाई विवादित कि.नं.४० को क्षेत्रफल ३६३.५० वर्ग मिटरमध्ये पूर्व मंजित कहार, पश्चिम चिन्नीलाल, उत्तर बुद्ध कलवार, दक्षिण हनुमान मन्दिर भनी चार किल्ला खोली उक्त जग्गा भोग चलन गर्नु भनी कपिलवस्तु नगरपालिकाबाट २०७०।४।१३ मा सिफारिस दिएको भन्ने देखिन्छ । अदालतबाट भई आएको नक्सा मुचुल्काबाट विवादको न.नं.१३ र १४ को जग्गामा प्रतिवादीको भोग चलन रहेको भन्ने देखिन्छ । उपर्युक्त तथ्यबाट विवादित कि.नं.४० को न.नं.१३ र १४ को जग्गा यी प्रत्यर्थी प्रतिवादीको भोग चलनमा रहेको पुष्टि हुन आएकोले सुरू अदालतबाट न.नं.१३ को जग्गा सार्वजनिक कायम हुने गरी भएको फैसला केही उल्टी गरी न.नं.१३ को जग्गासमेत प्रत्यर्थी प्रतिवादी तिलकधारी कहारको हक भोगको ठहऱ्याई सोमा समेत वादी दाबी नपुग्ने ठहर गरेको पुनरावेदन अदालत बुटवलको मिति २७१।११।११ को फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृतः दिलीपराज पन्त

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७४ साल असार १९ रोज २ शुभम् ।

५

**स.का.मु.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७२-WO-०३४०, परमादेश, *मुकुन्द अधिकारी वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत*

पेट्रोलियम पदार्थ एवम् खाना पकाउने ग्याँसको सहज आपूर्ति गरी नागरिकका संविधान तथा कानून प्रदत्त हक, अधिकारहरूको सम्मान, संरक्षण एवम् संवर्द्धन गर्ने लोक कल्याणकारी राज्यको दायित्व एवम् कर्तव्य मानिएको विषय नि:सन्देह रूपमा स्वीकार गरिएको मान्यता हो । नागरिकको दैनिक जीवनलाई सहज बनाउन राज्यले तत्सम्बन्धी नीतिका साथै आवश्यक कानूनको निर्माण गरी समस्याको व्यवस्थापन गरेको हुन्छ नै । सर्वसाधारण सबै नागरिकले खाना पकाउने इन्धनबाट वञ्चित हुनुपर्ने पनि होइन । विशेषतः सहरी क्षेत्रमा खाना पकाउने ग्याँस र मट्टीतेल जस्ता इन्धनको प्रयोग अधिकरूपमा रहेको हुन्छ । त्यसको आपूर्ति नभएमा विकल्पको रूपमा दाउराको प्रयोगबाट खाना पकाउनेलगायतका भान्साजन्य परिकार बनाउने अवस्था नरहने पनि होइन । जीवनको मुख्य आधार खानाको प्रबन्धका लागि इन्धनयोग्य सामग्रीको सहज आपूर्ति र व्यवस्थापन गर्नु राज्यको मुख्य दायित्व पनि हुने ।

कुनै खास आवश्यकता परिपूर्तिका लागि वा कुनै समस्या समाधानका लागि राज्यले कुनै कानून निर्माण गर्न आवश्यक ठानी कानूनको निर्माण गर्ने वा नगर्ने विषय राज्यको व्यवस्थापकीय क्षेत्राधिकारअन्तर्गत पर्ने विषय हो । निर्माण भएको कानून समान अवस्था, समानस्तर र समान हैसियत भएका व्यक्तिबीच समान प्रयोग नगरी विभेद गरेको देखिएको र सार्वजनिक सरोकारको विषय समावेश भएको विवादमा अदालतबाट त्यसको यथोचित निरूपण हुने गरी विभेदकारी कानूनको प्रयोगमा रोक लगाई आम चासोको विषयलाई सरलीकरण गर्न वैकल्पिक उपचार प्रवाह गर्ने सवालमा असाधारण अधिकारक्षेत्र आकर्षित हुन जाने ।

सार्वजनिक हक वा सरोकारको विवाद भनी दर्ता भएको मुद्दामा त्यसको निरूपण नहुँदासम्म सो विवादमा अन्तरनिहित कानूनी वा संवैधानिक प्रश्नको विधिसम्मत समाधान गर्ने प्रक्रियामा निवेदक स्वयम्को सक्रिय प्रतिनिधित्व रही अदालतलाई सघाउ पुऱ्याउने दायित्व रहनु पर्ने ।

इन्धन आपूर्ति गर्ने एवम् सोको संकट समाधान गर्न आवश्यक प्रबन्ध गर्ने विषय सरकारको नीतिगत विषय हो । नागरिकको हक अधिकारको संरक्षण गर्न के कस्तो नीति आवश्यक छ र कुन उद्देश्य हासिल गर्न के कस्तो कानून बनाउने भन्ने विषय विधायिकी एकलौटी क्षेत्राधिकारको विषय हुने ।

कुनै व्यक्ति विशेषले दाउरा बाल्न नपाएकै कारण खान नपाउने भएमा स्थानीय प्रशासनको सहयोगमा समस्याको समाधान गर्नसक्ने अवस्थाको विद्यमानतालाई समेत नकार्न सकिने देखिँदैन । अर्कोतर्फ सर्वसाधारणको सामान्य चासो रहेको विषयमा त्यस्तो समूह वा व्यक्ति आफैँ कानूनी उपचारको मार्ग अवलम्बन गर्न सक्षम रहेको अवस्थामा त्यस्तो व्यक्ति वा समूहले कुनै चासो नदेखाई अन्य कुनै व्यक्तिले सबैको चासो नरहेको सबै विषयहरूलाई सार्वजनिक सरोकारको विषय भनी उपचार माग गरिएको भएपनि ती सबै विषयलाई सार्वजनिक सरोकारको विवाद भनी असाधारण क्षेत्राधिकारको प्रयोग गर्नसमेत नमिल्ने ।

घरधनीले इन्धन आपूर्तिको विकल्पमा बहालमा बस्ने व्यक्तिलाई दाउरा बाल्न दिने भन्ने विषयसमेत घरको अवस्था र दाउरा बाल्ने ठाउँको उपलब्धता आदि कुराका आधारमा निर्क्यौल हुने विषय भएको र दाउरा आपूर्तिलगायतका इन्धन व्यवस्थापनका कुरामा रिट निवेदकको सार्थक सम्बन्ध रही समूहको प्रतिनिधित्व भएको नदेखिएको र निजले तारेख गुजारी बसेकोसमेतबाट मागबमोजिमको आदेश जारी गर्न नमिल्ने ।

इजलास अधिकृतः दिलीपराज पन्त

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७४ साल असार २१ गते रोज ४ शुभम् ।

६

**स.का.मु.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७३-WO-०२२५, उत्प्रेषण / परमादेश, *रामदयाल दनुवार वि. मालपोत कार्यालय, बेलवारी मोरङ*

निवेदकले जग्गासम्बन्धी सम्बन्धित कागजात पेस गरी निवेदन दिएपछि उक्त जग्गा दर्ता गर्न मिल्न हो होइन भन्ने सम्बन्धमा निर्णय नगरी विभागको पत्रानुसार तामेलीमा राख्ने गरी मालपोत कार्यालय, मोरङबाट निर्णय भएको देखियो । मालपोत ऐन, २०३४ को दफा ७(२) र जग्गा प्रशासन निर्देशिका, २०५८ को दफा ७(१) बमोजिमको व्यवस्थाअनुसारको निर्णय गर्ने दायित्व मालपोत कार्यालयको रहेको परिप्रेक्ष्यमा निवेदकको निवेदन सम्बन्धमा कुनै निर्णय नगरी तामेलीमा राख्ने कार्यबाट अन्यौल र अनिर्णितको स्थिति उत्पन्न हुने भएकोले मालपोत कार्यालयको मिति २०७३।३।३० को तामेलीमा राख्ने गरी भएको निर्णय उत्प्रेषणको आदेशले बदर गरी दिएको छ । निवेदकले पेस गरेको निवेदन साथ संलग्न विवादित जग्गा सम्बन्धमा भएका निस्सा प्रमाणहरूको मूल्याङ्कन गरी विवादित जग्गा रिट निवेदकको हकभोग तिरोको र निवेदकले निरन्तर जोत कमोद गरी आएको आवादी दर्ता छुट जग्गा हो वा होइन, विवादित जग्गा निवेदकका नाउँमा छुट दर्ता हुने नहुने सम्बन्धमा कानूनबमोजिम निर्णय गर्नु भनी विपक्षी मालपोत कार्यालय, वेलबारी मोरङका नाउँमा परमादेश जारी हुने ।

इजलास अधिकृतः दिलीपराज पन्त

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७४ साल असार २१ गते रोज ४ शुभम् ।

## इजलास नं. १

१

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री दीपककुमार कार्की,** ०७०-WO-०८६८, उत्प्रेषण, *मदन बस्नेत वि. जिल्ला प्रशासन कार्यालय, काठमाडौंसमेत*

विपक्षीमध्येकी चन्द्रलक्ष्मी रंजितकार गुप्तालाई घर जग्गा बिक्री गर्ने दाता शम्भुप्रसाद मुडवरीको पालादेखि नै निवेदकले पसल कवल भाडामा लिएको र सोही घर शम्भुप्रसाद मुडवरीले बिक्री गरी विपक्षी चन्द्रलक्ष्मी रंजितकारले खरिद गरेको अवस्था देखिने ।

रिट निवेदकले निवेदनमा पूर्व घरधनीसँग मौखिक रूपमा पसल कवल लिने सम्झौता भएको भनी उल्लेख गरेकोमा निवेदक र पूर्वघरधनी शम्भुप्रसाद मुडवरीको बुहारी रिता मुडवरीबीच

भएको पसल कवल भाडामा लिने दिनेसम्बन्धी सम्झौताको प्रतिलिपि मिसिल सामेल रहेको देखिन्छ । यसैगरी निवेदकका नाउँमा घर खाली गर्नेसम्बन्धी सूचनाहरूको प्रतिलिपिसमेत मिसिल सामेल रहेको देखिन्छ । निवेदन दाबी, विपक्षीहरूको लिखित जवाफ र प्राप्त प्रमाण कागजहरू हेर्दा विवादको प्रकृति घर बहाल दिने लिनेसम्बन्धी करारीय प्रकृतिको देखिन आउँछ । मुलुकी ऐन, घर बनाउनेको महलमा भएको कानूनी व्यवस्थाले घर पसल कवल भाडामा दिने र लिनेबीच कानूनी दायित्व र कर्तव्यको सिर्जना गरेको देखिने ।

अत: प्रस्तुत रिटमा उल्लिखित विवादको प्रकृतिबाट मुलुकी ऐन, घर बनाउनेको महल र प्रचलित करार कानूनमा भएको कानूनी व्यवस्था आकर्षित हुने भई निवेदकले साधारण उपचार क्षेत्रबाटै कानूनी उपचार प्राप्त गर्नसक्ने देखिँदा असाधारण अधिकार क्षेत्रअन्तर्गत परेको प्रस्तुत रिटमा असाधारण अधिकारक्षेत्र आकर्षित नहुने भई अधिकारक्षेत्रको अभावमा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: नगेन्द्रकुमार कालाखेती

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७४ साल जेठ १ गते रोज २ शुभम् ।

२

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७०-WO-०५०६, उत्प्रेषण / परमादेश, *आशा हुजेदार थारू वि. मालपोत कार्यालय, महोत्तरी, जलेश्वरसमेत*

कानूनी हक अधिकारमा आघात परेको विषयमा कानूनी उपचारको बाटो अप्रयाप्त रहेको वा प्रभावहीन रहेको अवस्था भएमा मात्र संवैधानिक व्यवस्थाअनुरूप निवेदक रिटमार्फत उपचारको लागि अदालत प्रवेश गर्नसक्ने अवस्था रहन्छ । रिट निवेदकले रिट निवेदनमा त्यस्तो कानूनी उपचारको बाटो नभएको र भएपनि प्रभावहीन भएको भनी खुलाउन सकेको नदेखिने ।

निवेदक आशा हुजेदार थारू र प्रतिवादी विपक्षीमध्येका वैद्यनाथ झा र सिंहेश्वर हुजेदार भएको मुद्दा नं. ०७०-CP-०५८३ को लिखत दर्ता बदर दर्ता र वादी यिनै निवेदक आशा हुजेदार थारू र प्रतिवादी विपक्षीमध्येका वैद्यनाथ झा भएको ०७०-CP-०५७७ को दा.खा.निर्णय दर्ता बदर दर्ता मुद्दा दायर भएको देखिएको र उक्त दाबीको कि.नं. १५ को जग्गा विपक्षीहरूमध्येका वैद्यनाथ झा दिने र सिंहेश्वर हुजेदार लिने भई पारित भएको र.नं.५९५१ख बाट मिति २०६९।११।८ मा मालपोत कार्यालय महोत्तरीबाट पारित राजीनामा लिखत तथा सोबाट प्रतिवादी सिंहेश्वर हुजेदारको नामको दर्तासमेत बदर भई वादीको नाउँमा दर्तासमेत हुने ठहर्‍याई फैसला भएको अवस्था रहेको उक्त फैसलाको प्रतिलिपिबाट देखिने ।

अदालतमा मुद्दा दायर भई मुद्दासमेत फैसला भइसकेको अवस्थामा निवेदकले सोही विषयमा यस अदालतमा रिट दायर गरेको देखियो । यस अदालतबाट पुनः सोही विषयमा रिट क्षेत्राधिकारबाट हस्तक्षेप गरी उपचार प्रदान गर्न मिल्ने नदेखिँदा मागबमोजिमको रिट जारी गरि रहनु पर्ने देखिन नआउने ।

अत: विवेचित आधार कारण र प्रमाणबाट रिट निवेदकले माग गरेको उपचारको विषयमा रिट निवेदकले दायर गरेको माथि उल्लिखित मुद्दाहरूबाट उपचार प्राप्त गर्नसक्ने नै देखिँदा रिट क्षेत्राधिकारबाट केही गरिरहन पर्ने देखिएन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: नगेन्द्रकुमार कालाखेती

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७४ साल जेठ ३ गते रोज ४ शुभम् ।

३

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७१-WO-०१९१, उत्प्रेषण, *रतिशचन्द्र लाल सुमन वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, काठमाडौंसमेत*

निवेदक रतिशचन्द्र लाल सुमनले आफ्नो

निवेदनपत्रको प्रकरण नं. "ट" मा "..महानिर्देशक भएपछि सेवा निवृत्त हुन करिब ८ महिना समय मात्र बाँकी रहेको.." भन्ने बेहोरा उल्लेख गरेको देखिन्छ । प्रस्तुत रिट निवेदन ०७१।५।२९ मा यस अदालतमा दर्ता भएको देखिन्छ । आजको दिनसम्म २ वर्षभन्दा बढी समय व्यतित भई निवेदक नै निजको सेवाबाट सेवा निवृत्त भइसकेको अवस्था देखिन्छ । तसर्थ कानूनी उपचारको माग गर्ने रिट निवेदक नै सेवा निवृत्त भइसकेको अवस्थामा रिटको औचित्यभित्र प्रवेश गरी विवेचना गरिरहनु पर्ने अवस्था रहेको नदेखिँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: नगेन्द्रकुमार कालाखेती

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७४ साल साउन २० गते रोज ५ शुभम् ।

४

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७१-CR-०८२२, कर्तव्य ज्यान, *नेपाल सरकार वि. चोलाबहादुर ठडराईसमेत*

प्रतिवादी चोलाबहादुरले अधिकारप्राप्त अधिकारी र अदालतसमेत कसुरमा साबित भई बयान गरेको, मौकामा कागज गर्ने विष्णुप्रसाद ठडराई र पुजा ठडराईले ससुरा चोलाबहादुर र पति मिनबहादुर सासू मायादेवीलाई खोज्न घरबाट निस्की, नलिई घर फर्केको भनी उल्लेख गरेको, स्वयम् प्रतिवादी मिनबहादुरले आफू र बाबु चोलाबहादुर आमालाई खोज्न भनी गएको भनी बयानमा उल्लेख गरेको देखिन्छ भने प्रतिवादीहरूले मायादेवी ठडराईलाई टाउकोमा ढुङ्गाले हानी मारेको भनी उल्लेख गरेकोमा लास जाँच मुचुल्काबाट मृतकको टाउकोमा चोट रहेको भन्ने देखिएको, प्रतिवादीले चेप्टे ढुङ्गामा मृतक बसेको ठाउँबाट धकेल्दा मृतक अन्दाजी २ मिटर तल लडेको, अन्दाजी २० मिटर पर लगेर फालेको भनी उल्लेख गरेको कुरा मृतकले हातमा लगाएका चुराहरू घटनास्थल वरपरसम्म छरिएको देखिएबाट पनि मिल्न पुगेको देखिएको, शव परीक्षण प्रतिवेदनमा मृतकको टाउकोमा चोट रहेको र Head injury को कारण मृत्यु भएको भन्ने उल्लेख भएको, प्रतिवादीउपर जाहेरवाला टेकबहादुर ठडराईको किटानी जाहेरी परेको जस्ता कागज प्रमाणहरूबाट मालाकार रूपमा प्रतिवादीको मौका तथा अदालतमा गरेको साबिती बयानलाई पुष्टि समर्थित गरिरहेको देखिँदा प्रतिवादी चोलाबहादुरले मायादेवीलाई कर्तव्य गरी मार्नमा संलग्न रहेको तथ्य पुष्टि हुन आई प्रतिवादीले ज्यानसम्बन्धी महलको १३(३) नं. मा परिभाषित कसुर अपराध गरेको देखिँदा निजलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर गरेको फैसला मिलेकै देखिन आउने ।

प्रतिवादीले मौकामा तथा अदालतमा बयान गर्दा आफू र बाबु चोलाबहादुर भई आमा मायादेवीलाई खोज्न घरबाट निक्लेको भनी उल्लेख गरेको देखिएको, प्रतिवादीको श्रीमती पुजा ठडराईले श्रीमान् मिनबहादुर तथा ससुरा चोलाबहादुर सासू मायादेवीलाई खोज्न घरबाट निक्लनु भएको भनी मौकामा कागज गरेको देखिएको, विष्णुप्रसाद रेग्मीले मौकामा तथा अदालतमा गरेको बकपत्रमा रातिको ९ बजेतिर चोलाबहादुर र मिनबहादुरलाई आमालाई खोजतलास गर्न हिँडेको अवस्थामा भेटेको भनी उल्लेख गरेको, प्रतिवादी चोलाबहादुरले आफूले गरेको बयानमा मिनबहादुरले लास उठाउँदा कमिज तथा सर्टमा रगत लागेको भनी उल्लेख गरेकोमा बरामद सर्ट तथा पाइन्टमा रगत जस्तो टाटा देखिएको, अरूबेला प्रतिवादी मिनबहादुरको लुगा निजको श्रीमती पुजाले धुने गरेकोमा घटना घटेको भोलिपल्ट मिति २०६९।३।३० गते निजले आफ्नो लुगा आफैँ धोएको, किरिया सकेपछि पनि अमिलो र कागतीले पुनः उक्त लुगाहरू धोएको भनी बताएको, पुजा खत्रीको उक्त कागजलाई प्रतिवादीले अन्यथा भन्न सकेको नदेखिएकोलगायतका तथ्यहरूबाट प्रतिवादी कसुरमा इन्कार रहेपनि सहअभियुक्त चोलाबहादुरको

प्रतिवादी मिनबहादुर पनि घटना वारदातमा संलग्न रहेको भन्ने भनाइ पुष्टि भइरहेको देखिँदा यी प्रतिवादी उक्त वारदातमा संलग्न रहेनछन् भन्न सकिने अवस्था देखिन आएन । प्रतिवादी मिनबहादुर ठडराईले मायादेवी ठडराईको ज्यान मार्ने मत सल्लाहमा पसी ज्यान मार्नलाई संयोगसम्म पारिदिएको घटनाक्रमबाट देखिन आएको हुँदा निज प्रतिवादीले ज्यानसम्बन्धी महलको १७(२) नं. बमोजिमको कसुर अपराध गरेको देखिन आउने।

प्रतिवादी कृष्ण ठडराई कसुरमा इन्कार रहेको, निजको इन्कारी निजको साक्षीको बकपत्रबाट समेत समर्थित भएको, वादी पक्षबाट प्रतिवादीउपरको अभियोग पुष्टि गर्ने ठोस तथा निश्चयात्मक प्रमाण केही पेस गर्न नसकेको, केवल वादी पक्षका साक्षीहरूले गरेको आशङ्का र अनुमानको भरमा मात्र निजलाई दोषी करार गर्न मनासिब नहुने हुँदा उल्लिखित आधार कारणहरूबाट पुनरावेदन अदालत बुटवलबाट प्रतिवादी कृष्ण ठडराईले अभियोग दाबीबमोजिमको कसुरबाट सफाइ पाउने ठहऱ्याई भएको फैसला मनासिब नै देखिने।

अत: विवेचित आधार, कारण र प्रमाणहरूबाट सुरू पाल्पा जिल्ला अदालतबाट प्रतिवादीहरू चोलाबहादुर ठडराई र मीनबहादुर ठडराईलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. को कसुरमा सर्वस्वसहित जन्म कैदको सजाय हुने र प्रतिवादी कृष्ण ठडराईलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७ नं. को देहाय ३ को कसुरमा ६ (छ) महिना कैदको सजाय हुने ठहऱ्याई भएको फैसला केही उल्टी गरी प्रतिवादी मिनबहादुर ठडराईलाई ज्यानसम्बन्धी महलको १७(२) नं. अनुसार ५(पाँच) वर्ष कैद र प्रतिवादी कृष्ण ठडराईउपरको अभियोग दाबी पुग्न नसकी निज प्रतिवादीले अभियोग दाबीबाट सफाइ पाउने तथा अरूमा सुरू अदालतको फैसला सदर हुने ठहर्छ भनी पुनरावेदन अदालत बुटवलबाट मिति २०७१।३।१६ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: नगेन्द्रकुमार कालाखेती
कम्प्युटर: मन्दिरा रानाभाट
इति संवत् २०७३ साल कात्तिक ७ गते रोज १ शुभम्।

## इजलास नं. २

१

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७३-WH-००८८, बन्दीप्रत्यक्षीकरण, *कौशलकुमार भट्टराई वि. कारागार कार्यालय, नख्खु, ललितपुरसमेत*

निवेदक अधिवक्तासमेत तथा कुनै अभिभावक, संरक्षक, परिवारका सदस्य, छिमेकी, कुनै संरक्षण दिने संघ संस्था वा आफैँले जिम्मा लिन सक्षम वा तयार रहेको भनी आधार खुलाई निज गौबहादुर गुरूङलाई जिम्मा लिन तयार रहको कुनै आधार प्रमाण वा प्रतिबद्धतासमेत दिन नसकेको पाइँदैन । विपक्षी कारागार कार्यालयसमेतले अदालतको फैसला वा पत्राचार कार्यान्वयन गर्न नचाही थुनामा राखेको भन्ने नदेखिई अभिभावक वा संरक्षणसमेत जिम्मा लिन सक्ने कोही व्यक्ति वा कानूनबमोजिमको संगठित वा असंगठित संस्था निज गौबहादुरलाई संरक्षकत्त्व दिन तयार नरहेको कारण तत्कालीन जिम्मा लिइरहेको सरकारी निकायले संरक्षण प्रयोजनार्थ राख्नु परेको देखिन आउँछ। यसबाट थुनामा राख्ने कुनै अभिप्राय नदेखिने।

मानसिक रोगको कारण संरक्षक चाहिने व्यक्तिलाई तत्काल संरक्षकत्त्व प्रदान गरी जिम्मा लिने संस्था वा व्यक्ति तयार नभएपछि थुनामा रहने व्यक्तिको हितको लागि जिम्मा लिने उपचार गर्ने गराउने कार्यसमेत कारागार कार्यालय, आफैँले गरेको देखिँदा त्यस्तो कार्य गैरकानूनी थुना नदेखिई संरक्षकत्त्व प्रदान गर्ने कल्याणकारी प्रयोजनले सम्म कारागारले तत्काललाई जिम्मामा लिएको मान्नु पर्ने।

निवेदक गौबहादुर गुरूङलाई जिम्मा लिन चाहने अभिभावक, संरक्षक वा कुनै कानूनले अख्तियारप्राप्त गरेका संस्थाहरूले जिम्मा लिन चाहेमा जुनसुकै समयमा कारागार कार्यालयले जिम्मा दिन सक्ने नै देखिएको र कारागारको सक्रियतामा नै त्यस्ता संरक्षकत्त्व प्रदान गर्ने संरक्षक जिम्मा लगाई सर्वोत्तम हित हुने कार्य गर्नसक्ने नै देखिएको छ। सो कार्य सम्पन्न नहुँदासम्मको लागि निज निवेदक गौबहादुरलाई खाने बस्ने, स्वास्थ्य उपचारको प्रबन्ध मिलाई संरक्षकत्त्व प्रदान गर्ने गरेको कारागार कार्यालयलाई मागबमोजिम यान्त्रिक रूपमा आदेश जारी गर्दा तत्काल नै मानसिक सन्तुलन गुमेको व्यक्तिको हितभन्दा अहित नै हुने।

तसर्थ मानसिक सन्तुलन गुमेको व्यक्तिलाई जिम्मा लिने कानूनसम्मत वैकल्पिक व्यवस्था नभएको र अभिभावक, संरक्षकसमेत कसैले निज गौबहादुर जिम्मा लिन नचाहेको तथा गैरकानूनी उद्देश्य लिई थुनामा राखेको भन्ने नदेखिँदा हालको अवस्थामा निवेदन मागबमोजिम आदेश जारी गर्न मिलेन। निवेदकको निवेदन खारेज हुने।

इजलास अधिकृतः हर्कबहादुर क्षेत्री

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७४ साल असार ६ गते रोज ३ शुभम्।

२

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री केदारप्रसाद चालिसे,** ०७१-CR-०९८३ र ०७१-CR-१०६३, लागु औषध खैरो हेरोइन, *राजेशकुमार गुप्ता वि. नेपाल सरकार र अनिल झ वि. नेपाल सरकार*

प्रतिवादी राजेशकुमार गुप्ताको दायाँ खल्तीबाट लागु औषध ब्राउन सुगर ३० ग्राम बरामद भएको र निज प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष बयान कागज गर्दा उल्लिखित लागु औषध मेरो साथबाट बरामद भएको हो तर अनिल झाले भारतको रक्सौलबाट उक्त लागु औषध ल्याई दिएबापत रू.२०००।- दिने भनी रू.११,०००।– मलाई दिई रक्सौल पठाएकोमा रक्सौल स्थित नहरको छेउमा पुगी रू.११,०००।– मा ३० ग्राम खैरो हिरोइन खरिद गरी ल्याएको हो भनी बयान गरेको देखिन्छ भने अदालतमा समेत उपस्थित भई बयान गर्दा अनिल झाबाट सेवन गर्नको लागि १० ग्राम खरिद गरेको भनी उल्लेख गरे पनि निज प्रतिवादीबाट १० ग्राम खैरो हिरोइन मात्र बरामद भएको भन्ने कुरालाई निज प्रतिवादीले ठोस सबुत प्रमाणबाट पुष्टि गर्न सकेको पाइँदैन। यस अर्थमा प्रतिवादी राजेशकुमार गुप्ता लागु औषध ओसारपसार कार्यमा संलग्न रहेको कुरा पुष्टि हुन आउने।

प्रतिवादी अनिल झाले भारतको रक्सौलबाट उक्त लागु औषध ल्याई दिएबापत रू.२०००।- दिने भनी रू.११,०००।– अर्का प्रतिवादी राजेशकुमार गुप्तालाई दिई रक्सौल पठाएकोमा निजले रक्सौल स्थित नहरको छेउबाट रू. ११,०००।– मा ३० ग्राम खैरो हिरोइन खरिद गरी यी प्रतिवादी अनिल झालाई दिन भनी जीतपुर गई राखेको अवस्थामा प्रहरीले राजेशकुमार गुप्तालाई पक्राउ गरेको भन्ने कुरा प्रतिवादी राजेशकुमार गुप्ताले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयानमा लेखाइदिएको पाइन्छ भने वस्तुस्थिति मुचुल्काका राजेशप्रसाद साहले समेत सो लागु औषध ओसारपसारमा यी प्रतिवादी अनिल झाको संलग्नता रहेको भनी पुष्टि भइराखेको अवस्था देखिने।

प्रतिवादी अनिल झाले अदालतमा उपस्थित भई बयान गर्दाको क्रममा मिति २०६९।२।४ गतेका दिन म गाउँ घरमा थिइन। मैले राजेशकुमार गुप्तालाई चिने जानेको पनि छैन। निजबाट बरामद भएको लागु औषध को कसको हो मलाई थाहा छैन भनी बयान गरे पनि निज उक्त वारदातमा तथा सो लागु औषध ओसारपसारमा निजको संलग्नता छैन भन्ने कुनै आधार प्रमाण पेस गरेको देखिँदैन भने सहप्रतिवादी राजेशकुमार गुप्ताको पोललाई यी प्रतिवादीले अन्यथा हुने गरी खण्डन गर्न सकेको पनि देखिँदैन। त्यस अर्थमा हेर्दा यी प्रतिवादी स्वयम्ले लागु औषध ओसारपसार नगरी लागु औषध ओसारपसार गर्ने काममा अरूलाई दुरुत्साहित गरेको र त्यस कसुरमा आफूसमेत मतियार

भएको भनी मिसिल संलग्न कागजात प्रमाणहरूबाट देखिने।

प्रतिवादी राजेशकुमार गुप्ताले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान कागज सो लागु औषध ब्राउन सुगर ३० ग्राम मैले दायाँ खल्तीभित्र राखी साथमा लिई आइरहेको अवस्थामा मेरो साथबाट प्रहरीले बरामदी गरेको हो तर उक्त लागु औषध अनिल झाले भारतको रक्सौलबाट दिएबापत रू.२०००।- दिने भनी रू.११,०००।– मलाई दिई रक्सौल पठाएकोमा रक्सौलबाट रू.११,०००।– मा ३० ग्राम खैरो हिरोइन खरिद गरी निज अनिल झालाई पुऱ्याउन भनी जीतपुर जाने क्रममा प्रहरीले मलाई पक्राउ गरेको हो भनी बयान गरेको पाइन्छ भने अदालतमा उपस्थित भई बयान गर्दा अनिल झाबाट सेवन गर्नको लागि १० ग्राम खरिद गरेको भन्ने लिएको जिकिर प्रमाणित गर्ने कुनै स्वतन्त्र सबुत प्रमाण पेस गर्न नसकेको र बरामदीमा साबिती बयान गरेको देखिन्छ। न्यून मात्रामा संग्रह गरी सेवन प्रयोजनको जिकिर लिनु एउटा कुरा हो तर ३० ग्राम लागु औषध खैरो हिरोइन लिएर हिँडेको प्रतिवादीलाई अदालतसमक्षको बयानको भरमा मात्र सेवन मान्न मिल्ने नदेखिने।

बरामद भएको लागु औषधको परिमाणको सम्बन्धमा विचार गर्दा ३० ग्राम लागु औषध खैरो हिरोइन बिक्री वितरणको लागि मात्र ल्याउन सक्ने देखिँदा प्रतिवादी राजेशकुमार गुप्तालाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४ (१)(छ)(२) बमोजिम १० वर्ष कैद र रू.७५०००।- जरिवाना हुने ठहऱ्याई सुरू पर्सा जिल्ला अदालतबाट मिति २०७०।१।३० मा भएको फैसलालाई सो हदसम्म सदर गर्ने गरी पुनरावेदन अदालत हेटौंडाबाट मिति २०७१।३।३ मा भएको फैसला मिलेकै देखिने।

प्रतिवादी अनिल झाले आफू लागु औषध खरिद गर्न नगई सो खरिद गर्नको लागि अरूलाई पठाउने गरेको भनी प्रतिवादी राजेशकुमार गुप्ताले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान कागजबाट खुल्न आएको र यी प्रतिवादी अनिल झाले अदालतमा आई गरेको बयानमा मिति २०६९।२।४ गतेका दिन म गाउँ घरमा थिइन। मैले राजेशकुमार गुप्तालाई चिने जानेको पनि छैन। निजबाट बरामद भएको लागु औषध को कसको हो मलाई थाहा छैन भनी बयान गरे पनि निज उक्त वारदातमा तथा सो लागु औषध ओसारपसारमा निजको संलग्नता छैन भन्ने कुनै आधार प्रमाण पेस गर्न सकेको पाइँदैन भने सहप्रतिवादी राजेशकुमार गुप्ताको पोललाई यी प्रतिवादीले आफ्ना प्रमाणद्वारा अन्यथा हुने गरी खण्डन गर्न सकेको पनि देखिँदैन। यी प्रतिवादी अनिल झाको उक्त वारदातमा संलग्नता नरहेको भए निजलाई कसुर ठहर भएका प्रतिवादीले अनाहकमा पोल गरेको अवस्था देखिँदैन भने लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १२ बमोजिम उक्त वारदातमा आफ्नो संलग्नता नरहेको भनी प्रतिवादीले प्रमाण पेस गरी पुष्टि गर्न सकेको देखिएन। सो परिप्रेक्ष्यमा उक्त लागु औषध अनिल झाले स्वयम् ओसारपसार नगरी उक्त लागु औषध ओसारपसार गर्नको लागि अर्का प्रतिवादी राजेशकुमार गुप्तालाई दुरूत्साहित गरेको र त्यस कसुरमा आफूसमेत मतियार भएकोले निज प्रतिवादी अनिल झालाई अभियोग दाबीबाट सफाइ दिने गरी सुरू पर्सा जिल्ला अदालतबाट भएको फैसला मिलेको नदेखिँदा सो फैसला बदर गरी निजलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १७ बमोजिम ५ वर्ष कैद र रू. ३७,५०० जरिवाना हुने ठहऱ्याई पुनरावेदन अदालत हेटौंडाबाट मिति २०७१।३।३ मा भएको फैसलालाई अन्यथा भन्न नमिल्ने।

लागु औषधहरू निज प्रतिवादीबाट नै बरामद भएको भनी घटना विवरणलाई पुष्टि हुने गरी घटना विवरणका सम्बन्धमा बुझिएका व्यक्तिहरूले समेत मौकामा कागज गरी सो बेहोरालाई अदालतमा समेत आई पुष्टि गरी दिएको अवस्थामा आरोपित कसुरमा साबित भएका प्रतिवादी राजेशकुमार गुप्तालाई ओसार पसारतर्फको कसुरमा १० वर्ष कैद र रू.७५,०००।– जरिवाना गर्ने गरेको सुरू पर्सा जिल्ला अदालतको

फैसला सो हदसम्म मिलेकै देखिन्छ । अर्का प्रतिवादी अनिल झालाई लागु औषध ओसारपसार गर्ने कार्यमा दुरूत्साहन गरेको र सो कार्यमा आफूसमेत मतियार भई सो कार्यमा संलग्न रहेको परिप्रेक्ष्यमा निजलाई सफाइ दिने गरी सुरू पर्सा जिल्ला अदालतले गरेको फैसला उल्टी गरी निज प्रतिवादीलाई सजाय गरेको देखिन आयो । लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १७ बमोजिम ५ वर्ष कैद र रू.३७,५०० जरिवाना हुने ठहर्‍याई पुनरावेदन अदालत हेटौंडाबाट मिति २०७१।३।३ मा भएको फैसला मिलेकै देखिन आउने ।

अतः माथि विवेचित आधार, कारणहरूबाट प्रतिवादी राजेशकुमार गुप्तालाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४ (१)(छ)(२) बमोजिम १० वर्ष कैद र रू. ७५,०००।– जरिवाना हुने भनी सुरू पर्सा जिल्ला अदालतबाट मिति २०७०।१।३० मा गरेको फैसलालाई सदर गर्ने गरी पुनरावेदन अदालत हेटौंडाबाट मिति २०७१।३।३ मा भएको फैसला सो हदसम्म मिलेकै देखिँदा सदर हुने र अर्का प्रतिवादी अनिल झालाई अभियोग दाबीबाट सफाइ दिने गरी सुरू पर्सा जिल्ला अदालतबाट मिति २०७०।१।३० मा भएको फैसलालाई उल्टी गरी निज प्रतिवादीलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १७ बमोजिम ५ वर्ष कैद र रू.३७,५००।- जरिवाना हुने ठहर्‍याई पुनरावेदन अदालत हेटौंडाबाट मिति २०७१।३।३ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत: प्रेम खड्का / शा.अ. दिपेन्द्र तिवारी
कम्प्युटर: पद्मा आचार्य
इति संवत् २०७४ साल वैशाख १३ गते रोज ४ शुभम् ।

३

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री हरिकृष्ण कार्की,** ०७३-WO-१०९९, संविधानको धारा १३३(२), (३) बमोजिम परमादेश, प्रतिषेधलगायत जो जे चाहिने आदेश जारी गरिपाऊँ, *सुलभ खरेलसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत*

शिक्षाको हकलाई संविधानले मौलिक हकको रूपमा प्रत्याभूत गरेको र स्वस्थ वातावरणमा पढ्न पाउनु हरेक नागरिकको मौलिक तथा संवैधानिक हक भएको सन्दर्भमा अध्ययन अध्यापन गराउने हरेक शिक्षण संस्थाको वरिपरिको वातावरण शान्त र स्वच्छ हुनु जरूरी छ । निवेदकले दाबी गर्नुभएको काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. ३१ प्रदर्शनी मार्गमा नेपाल ल क्याम्पसलगायत ६ वटा शिक्षण संस्था र काठमाडौं मोडेल अस्पतालसमेत रहेको र यी शिक्षण र स्वास्थ्य संस्थाको आसपासमा रहेको भृकुटीमण्डप वरिपरि महाधिवेशन, सभा-सम्मेलन, प्रदर्शनी जस्ता विभिन्न कार्यक्रमले ठुलो ठुलो ध्वनि निकाली ती शिक्षण संस्थामा अध्ययनरत विद्यार्थी र अस्पतालका बिरामी तथा चिकित्सकलाई त्यहाँ भएको ठुलठुलो ध्वनिले असर पुर्‍याएको भन्ने कुरा अन्यथा भन्ने देखिँदैन । नेपाल सरकार, समाज कल्याण परिषद् र काठमाडौं महानगरपालिकाले उक्त विषयलाई सम्बोधन गर्ने गरी ठुलठुला ध्वनि निस्कने प्रकृतिका उपकरण तथा साधनको प्रयोग कम गर्ने गरी त्यस्तो स्थानमा कार्यक्रम सञ्चालन गर्ने गरी मापदण्ड निर्धारण गर्नुपर्ने ।

संविधानले नै शिक्षा र स्वास्थ्यसम्बन्धी हकलाई आधारभूत मौलिक हकको रूपमा प्रत्याभूत गरेको सन्दर्भमा सर्वसाधारणलाई यी हकको स्वतन्त्र उपभोग गर्नबाट वञ्चित हुने गरी विभिन्न किसिमका कार्यक्रमहरू सञ्चालन गरिँदा हुनजाने क्षतितर्फ व्यवस्थापन गर्ने दायित्व राज्यको नै हुने ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, जनसंख्या तथा वातावरण मन्त्रालयलगायतका विपक्षीहरूको लिखित जवाफमा नेपाल सरकार सम्बन्धित मन्त्रालय एवम् निकाय शैक्षिक वातावरण, नागरिकको स्वास्थ्यसम्बन्धी हक तथा यातायातसम्बन्धी व्यवस्था मिलाई सो हकको उपभोगलाई सहज तुल्याउन क्रियाशील रहेको तथा

मिति २०६९।७।१३ को नेपाल राजपत्रमा सहरी क्षेत्र, मिश्रित आवास क्षेत्र र शान्त क्षेत्रमा दिवा समय र रात्रिकालीन समयमा ध्वनि उत्सर्जनको लागि ध्वनिको गुणस्तरसम्बन्धी राष्ट्रिय मापदण्ड, २०६९ तोकी सोको पालना गराउँदै आएको छ। उक्त ध्वनि मापदण्ड पालना भए नभएको सम्बन्धमा अनुगमन गरी पालना नगर्ने संघ संस्थालाई प्रचलित कानूनबमोजिम कारबाही गरिँदै आएकोले सो क्षेत्रमा भएको ध्वनि प्रदूषणका सम्बन्धमा आगामी दिनमा समेत मापदण्डबमोजिम भए नभएको विषयमा अनुगमन गरिने तथा काठमाडौंलाई *'नो हर्न जोन'* घोषणा गरी कार्यान्वयनमा आएको भन्ने जस्ता प्रतिबद्धता व्यक्त गरेको देखिन्छ। यसबाट ध्वनि प्रदूषण नियन्त्रण सम्बन्धमा लिखित जवाफकर्ता नेपाल सरकारको सकारात्मक प्रकृतिको धारणा देखिएको पाइन्छ तापनि निवेदकले उल्लेख गरेको क्षेत्रमा त्यस्ता कार्यक्रमहरू ध्वनि प्रदूषणरहित ढङ्गबाट सञ्चालन नभई ध्वनि प्रदूषण हुने किसिमबाट नै सञ्चालन भई आएको भन्ने देखिने।

तसर्थ उल्लिखित तथ्य, कानूनी व्यवस्था एवम् विवेचनासमेतको आधारमा प्रदर्शनी मार्गमा हुने विभिन्न राजनीतिक दलहरू र उनीहरूका भातृ संगठनहरू तथा अन्य कुनै पनि संघ संस्थाले गर्ने सभा सम्मलेनलगायत कार्यक्रमले ध्वनि प्रदूषण, ट्राफिक अव्यवस्था सिर्जना भई त्यस आसपासमा नेपाल ल क्याम्पसलगायतका ६ वटा शिक्षण संस्थाका विद्यार्थीहरूको पठनपाठनमा अवरोध भएको तथा काठमाडौं मोडेल अस्पतालका बिरामीलाई समेत असर पर्ने गरी ध्वनि प्रदूषण भएको भन्ने देखिएको र पठन पाठनको विषय विद्यार्थीको भविष्यसँग सरोकार राख्ने भएकोले निवेदन मागबमोजिम सरोकारवालाहरूको शिक्षा, स्वास्थ्य र स्वतन्त्रताको हकलाई मध्यनजर गरी उक्त स्थानमा भएका शिक्षण संस्थाका विद्यार्थी वा अस्पतालका बिरामीलाई समेत प्रतिकूल असर नपर्ने गरी ध्वनि प्रदूषण नहुने कुराको सुनिश्चितता गरेर मात्र कार्यक्रमहरू सञ्चाल गर्नु गराउनु भनी विपक्षीहरूका नाममा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृत : शकुन्तला कार्की

कम्प्युटर : पद्मा आचार्य

इति संवत् २०७४ साल भदौ १२ गते रोज २ शुभम्।

४

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०६८-WO-०३३५, परमादेश, *दिलु तामाङ वि. गृह मन्त्रालय, सिंहदरबारसमेत*

बाल अधिकारसम्बन्धी महासन्धि (Convention on the Rights of the Child, 1989) ले बालबालिकाले बाँच्न पाउने, उचित स्याहार सम्भार पाउने, उचित शिक्षा दिक्षा पाउने, अभिभावकसँग रहन पाउने, गैरकानूनी हस्तक्षेप वा बलजफ्तीबाट मुक्ति पाउने, कुनैपनि शोषणबाट मुक्ति पाउने एवम् कानूनी संरक्षण पाउनेलगायतका थुप्रै बाल अधिकार रहेको पाइन्छ। प्रस्तुत बाल अधिकारसम्बन्धी महासन्धिलाई नेपालले सन् १९९० मा अनुमोदन गरेको छ। त्यसैगरी नेपाल सन्धि ऐन, २०४७ को दफा ९ ले नेपाल पक्ष भएका सन्धि सम्झौता नेपालको कानूनसरह लागू हुने छ भनेबाट बाल अधिकारसम्बन्धी महासन्धि पनि नेपालको भूभागमा कानूनसरह लागू हुने।

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२, १३, १४, १६, १७, १८, २०, २१, २२, २३, २६, २९ र ३२ मा प्रत्येक नागरिक महिला बालबालिकाको हक अधिकारसम्बन्धी व्यवस्था गरिएका छैन । नेपालको अन्तरिम संविधानको धारा १३ को प्रतिबन्धात्मक व्यवस्थामा महिला बालबालिकासमेतको संरक्षण सशक्तीकरण वा विकासको लागि विशेष व्यवस्था गर्न सकिने कुरा उल्लेख छ । धारा १८(२) मा महिला श्रमिक, वृद्ध, अपाङ्ग तथा अशसक्त र असहायको सामाजिक सुरक्षाको हकको व्यवस्था गरिएको छ। धारा २० मा महिलालाई भेदभाव एवम् हिंसा विरूद्धको हकप्रदत्त छ भने धारा २२ मा प्रत्येक बालबालिकालाई नाम एवम् पहिचानको हक, आधारभूत स्वास्थ्य र सामाजिक

सुरक्षाको हक, शोषण विरूद्धको हक, विशेष सुरक्षाको हकसमेत प्रदत्त गरिएको छ। यस्तो हक र अधिकारबाट वञ्चित गराउँदै हुम्लाका २३ जना बालिकाहरूलाई भारतको तामिल राज्यमा पुऱ्याएको देखिन्छ । बालिकाहरूको हक अधिकारलाई कुण्ठित गर्दै एक ठाउँबाट अर्को ठाउँ गर्दै विदेश भारतमा पुऱ्याएको देखिन्छ। जुन मानवता विरूद्धको अपराध हो। यस्तो अपराध गर्ने व्यक्ति वा संस्थाको विरूद्धमा राज्यले बेखबर भएर बस्नु लाजमर्दो विषय हुने।

हुम्लाका २३ जना बालिकाहरूलाई के उद्देश्यको लागि नेपालको मार्ग हुँदै भारत पुऱ्याएको हो । बालिका पठाउने व्यक्ति वा निकाय को हो ? पठाउने व्यक्तिले कुन मार्गबाट विदेश पठाएको हो र निजले बालिकाहरू पठाउँदा के उद्देश्य राखेको थियो। यस कार्यले नेपालको कानूनले निर्दिष्ट गरेको कानूनी दायित्वलाई के कस्तो असर गर्दछ भन्ने सम्बन्धमा खोजबिन गर्नु नेपाल सरकारका सम्बद्ध निकायहरूको कार्य र दायित्वभित्र स्वतः पर्ने।

अतः उल्लिखित संवैधानिक एवम् कानूनी व्यवस्थाको हक अधिकारबाट वञ्चित गराउने उद्देश्यले हुम्लाका २३ (तेइस) जना बालिकाहरूलाई भारत लैजाने व्यक्ति वा संस्थाको विरूद्धमा निवेदकले मिति २०६८।६।१२ मा महानगरीय प्रहरी परिसर जावलाखेल, ललितपुरमा र मिति २०६८।६।१२ मा नै जिल्ला प्रशासन कार्यालय, ललितपुरमा दिएको जाहेरी दरखास्त दर्ता गरी कानूनबमोजिम अनुसन्धान एवम् छानबिन गरी यस विषयमा मुद्दा चल्ने हो वा नचल्ने सम्बन्धमा तथ्य र प्रमाणका आधारमा निर्णय गर्नु गराउनु भनी विपक्षीमध्येका जिल्ला प्रशासन कार्यालय, ललितपुर र महानगरीय प्रहरी परिसर ललितपुरका नाममा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृत: प्रेम खड्का

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७४ साल माघ १४ गते रोज १ शुभम्।

## इजलास नं. ३

१

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री सपना प्रधान मल्ल**, ०७२-CR-०१५४, जबरजस्ती करणी, *रविन्द्र साउद वि. नेपाल सरकार*

मिति २०६९।२।३२ को दिन छोरी वर्ष ६ की 'परिसर ज्ञ' कोठामा कोही नभएको बेला डर धाक देखाई जबरजस्ती करणी गरेको हो भनी पीडितकी आमाले महानगरीय प्रहरी परिसर काठमाडौंमा जाहेरी दिएको देखिन्छ । पीडितको स्वास्थ्य परीक्षण हुँदा निजको कन्याजाली च्यातिएको छैन । तर कन्याजालीको वरिपरि रातोपना र सुनिएको (Red & Swelling) देखिन्छ भनी परोपकार प्रसुति तथा स्त्रीरोग अस्पताल विकास समितिले गरेको स्वास्थ्य परीक्षणबाट देखिन्छ। पीडित 'परिसर ज्ञ' को उमेर ६ वर्ष रहेकोमा विवाद छैन। यी प्रतिवादी रविन्द्र साउदले अनुसन्धानको क्रममा एवम् अदालतमा बयान गर्दा आरोपित कसुरमा इन्कार रहेका छन्। तर निजले अदालतसमक्ष आफ्नो इन्कारी बयानलाई पुष्टि हुने गरी कुनै साक्षी अदालतमा उपस्थित गराउन नसक्नुका साथै कुनै प्रमाण पनि पेस गर्न सक्नुभएको छैन । अर्कोतर्फ जाहेरवालीले अदालतमा उपस्थित भई निज प्रतिवादी रविन्द्र साउदले नै पीडितलाई जबरजस्ती करणी गरेको हो भनी जाहेरी बेहोरालाई समर्थन गर्दै बकपत्र गरेको देखिन्छ। पीडित 'परिसर ज्ञ' ले अदालतमा उपस्थित भई बकपत्र गर्दा प्रतिवादी रविन्द्र साउदले पैसा दिन्छु भनी कोठाभित्र बोलाई ढोका बन्द गरी जबरजस्ती करणी गरेको हो भनी लेखाई दिएको देखिने।

पीडितकी आमाले मौकामा जाहेरी दिँदा यी प्रतिवादी रविन्द्र साउदको नाम किटान गरी उल्लेख गरेको देखिन्छ भने सो जाहेरी बेहोरालाई समर्थन गर्दै अदालतमा बकपत्रसमेत गरेको देखिन्छ। पीडित स्वयम्ले अदालतमा उपस्थित भई

बकपत्र गर्दा निजको नाम किटान गरेको देखिन्छ । पीडितको उमेर मिसिल संलग्न प्रमाण कागजबाट ६ वर्षको देखिन्छ। यी प्रतिवादीले आरोपित कसुर नगरेको भए ६ वर्षको बच्चीले आफूउपर भएको करणीको सम्बन्धमा सिलसिलेवार तरिकाले अदालतमा उपस्थित भई बकपत्र गर्दासमेत यी प्रतिवादीको नाम उल्लेख गर्नुपर्ने कुनै कारण मिसिल संलग्न प्रमाण कागजबाट देखिँदैन। प्रतिवादी रविन्द्र साउदले आफ्नो बयानमा निजले पीडितकी आमालाई दिएको रू.१५००।- फिर्ता माग्दा उक्त झुठ्ठा आरोप लगाएको हो भनी लेखाए पनि सो कुरालाई प्रमाणित गर्न कुनै कागज प्रमाण प्रस्तुत भएको नेदेखिएकोले निजको उक्त बयान विश्वसनीय रहेको मान्न सकिएन। प्रस्तुत वारदातको प्रत्यक्षदर्शी पीडित स्वयम् भएको र निजले आफूउपर भएको वारदातको सम्बन्धमा सोही बेला आफ्नो आमालाई बताएको तथा सोलाई समर्थन गर्दै अदालतमा गरेका बकपत्रलाई अन्यथा प्रमाणित गर्नसक्ने कुनै कागज प्रमाण मिसिल संलग्न रहेको नदेखिँदा सो बकपत्रलाई सत्य तथ्यमा आधारित छैन भन्ने कुरा मान्न नमिल्ने।

तसर्थ विवेचित आधार र कारणबाट प्रतिवादी रविन्द्र साउदले 'परिसर ज्ञ' लाई जबरजस्ती करणी गरी मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ र ३(क) नं. को कसुर गरेकोले निज प्रतिवादीलाई ऐ. ३(क) नं. अनुसार १० वर्ष कैद तथा सोही महलको १० नं. अनुसार प्रतिवादीबाट रू.५०,०००।- क्षतिपूर्तिसमेत पीडितले भराई पाउने ठहऱ्याई काठमाडौं जिल्ला अदालतबाट भएको फैसला सदर हुने ठहऱ्याई पुनरावेदन अदालत पाटनबाट मिति २०७१।८।९ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृतः रामु शर्मा

कम्प्युटर: विनोदकुमार बानिया

इति संवत् २०७४ साल भदौ ४ गते रोज १ शुभम्।

२

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री सपना प्रधान मल्ल**, ०७२-CR-०६२२, ०७२-CR-०६२५, कर्तव्य ज्यान र जबरजस्ती चोरी, कालु चन्द वि. नेपाल सरकार, सुजन कोइराला वि. नेपाल सरकार

सुदिप कोइरालाको घाँटीको अगाडीको रूद्र घण्टीको दायाँ भागमा १.५ इञ्च लामो, १ इञ्च चौडाइ र १ इञ्च गहिराइ भएको काटिएको घाउको प्वालबाट रगत बगेको, शरीरको विभिन्न भागमा कोतारिएका घाउहरू, दायाँ खुट्टाको साप्रोको भागमा ३ इञ्च लामो, २ इञ्च चौडाइ र १ इञ्च गहिराइ भएको घाउ दायाँ पिठ्युँको भागमा रातो कालो दधारिएका डामहरू रहेको लासजाँच प्रकृति मुचुल्काबाट देखिन्छ। सुदिप कोइरालाको शव परीक्षण प्रतिवेदनबाट निजको मृत्युको कारण "Hypovolemia due to avulsion of right carotid artery" भनी उल्लेख भएको देखिन्छ। उक्त शव परीक्षण प्रतिवेदन र लास जाँच मुचुल्काबाट सुदिप कोइरालाको मृत्यु कर्तव्यबाट भएको तथ्यमा विवाद नदेखिने।

दाजु सुदिप कोइरालाले मेरी श्रीमती दीपा कोइरालालाई जबरजस्ती करणी गर्न खोजेको र निज मृतकको नाममा रहेको बुटवलको पसल धितो राखी ऋण लिन खोज्दा ऋण लिन नदिएकोले मृतकसँग रिसइवी थियो। सोही रिसइवीको कारणले अर्का प्रतिवादी कालु चन्दलाई बुटवलबाट लिएर गई आफूसमेत सुदिपको खुट्टा समाई कालु चन्दले पहिला घाँटी थिचेको र मरेको नमरेको कुरा यकिन गर्न पछि छुरी घाँटीमा रोपेको र निजले लगाएको सुनको औँठी सिक्री र मोबाइलसमेत लिई गएको हो भनी अनुसन्धानको क्रममा र अदालतमा समेत आरोपित कसुर स्वीकार गरी प्रतिवादी सुजन कोइरालाले बयान गरेका रहेछन्। अर्का प्रतिवादी कालु चन्दले पनि आफूलाई प्रतिवादी सुजन कोइरालाले रू. २ लाख दिने भनेकाले सुदिप कोइरालाको पहिला घाँटी थिचेको र पछि मरे नमरेको यकिन गर्नलाई छुरी घाँटीमा रोपी मारी फालेको हो भनी आरोपित कसुरमा अनुसन्धानको क्रममा र अदालतमा समेत साबित भई बयान गरेका छन्। प्रतिवादीहरूको उक्त बयान मिसिल संलग्न जाहेरी बेहोरा, जाहेरवालाको बकपत्र,

घटना विवरण कागजसमेतबाट समर्थित भएको छ । यी प्रतिवादीहरूले यस अदालतमा पुनरावेदन गर्दासमेत आरोपित कसुर स्वीकार गरी कम सजाय गर्न मात्र याचना गरेको देखिन्छ । यसबाट प्रस्तुत वारदात यी प्रतिवादीहरूले नै घटाएको पुष्टि हुन आएको देखिने ।

प्रस्तुत वारदात हुँदाको परिस्थितिलाई हेर्दा मृतक सुदिप कोइरालाले प्रतिवादी सुजन कोइरालाकी श्रीमतीलाई जबरजस्ती करणी गर्न खोजेको र खाद्य पसल धितोमा राखेर ऋण लिने खोज्दा मृतकले ऋण लिन नदिएको कुरामा यी दाजुभाइबीच मनमुटाव भएको रहेछ । सोही सम्बन्धमा कुरा गर्न जाँदा सुदिपले ओछ्याउन मुनि राखेको खुकुरी निकाल्न खोज्दा मात्र प्रतिवादी कालु चन्दले निजउपर प्रहार गरेको देखिन्छ । यसका अतिरिक्त यी प्रतिवादी दुवैजना आरोपित कसुरमा स्वीकार रही अनुसन्धानको क्रममा एवम् अदालतमा बयान गरी अनुसन्धान कार्य र न्याय सम्पादनमा समेत सहयोग गरेको देखिएको र यी प्रतिवादीहरू कुनै पेशेवर अपराधी नभई आफूले गरेको कार्यप्रति निजहरूले पश्चाताप गरिरहेको निजहरूको पुनरावेदन बेहोराबाट समेत देखिएकोले यी प्रतिवादीहरूलाई अन्य अपराधीसरह सजाय गर्दा चर्को पर्न जाने देखिँदा कर्तव्य ज्यानको कसुरमा अ.बं. १८८ नं. बमोजिम १६ वर्ष सजाय गर्न न्यायोचित हुने देखिने ।

तसर्थ, विवेचित आधार, कारण एवम् प्रमाणबाट प्रतिवादीहरू कालु चन्द र सुजन कोइरालाको हकमा ज्यानसम्बन्धी महलको माग वादी दाबी पुग्ने ठहऱ्याई भएको पाल्पा जिल्ला अदालतको फैसला केही उल्टी गरी यी प्रतिवादीहरूले मृतकको रू.४०,०००।- पर्ने मोबाइल र रू.९१६०।- पर्ने सुनको औंठी जबरजस्ती चोरी गरेको देखिएकोले मुलुकी ऐन, चोरीको महलको १४ नं. को देहाय (२) बमोजिम प्रतिवादीहरू कालु चन्द र सुजन कोइरालालाई जनही १$^{1}/_{2}$ महिना कैद र बरामद बिगो रू.४९,१६०।- को डेढी जरिवाना हुने भई सो जरिवानाबापत कैदको सजायसमेत गरी जबरजस्ती चोरीतर्फ समेत थप सजाय हुने ठहऱ्याएको पुनरावेदन अदालत बुटवलको मिति २०७१।११।१० को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । कर्तव्य ज्यानको कसुरमा पुनरावेदक प्रतिवादीहरूलाई ऐनबमोजिम सजाय गर्दा चर्को पर्न जाने हुँदा मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम १६ वर्ष कैद सजाय हुने ।

इजलास अधिकृत: रामु शर्मा

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७४ साल भदौ ४ गते रोज १ शुभम् ।

३

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०७३-WO-११२०, उत्प्रेषण / परमादेश, *गौरीशंकर प्र. सिंहसमेत वि. उच्च अदालत, जनकपुर, धनुषासमेत*

वादी विरबहादुर साह तेली प्रतिवादी उमाशंकर प्रसाद सिंह भएको लेनदेन मुद्दामा दाबीबमोजिमको साँवा रू.१४,००,०००।- र सोको कानूनबमोजिम हुने ब्याजसमेत वादीले प्रतिवादीबाट भराई पाउने ठहरी रौतहट जिल्ला अदालतबाट मिति २०७१।८।१२ मा फैसला भएको रहेछ । सो फैसला कार्यान्वयनको क्रममा बिगो भराउन प्रयोजनको लागि जग्गा लिलाम हुँदा शिवशंकर प्रसाद सिंह र गौरीशंकर प्रसाद सिंहले निजहरूको अंश भागको जग्गामा लिलाम हुनु नपर्ने भनी निवेदन दिएकोमा सर्लाही जिल्ला अदालतबाट उमाशंकर प्रसाद सिंहको भागको जग्गा मात्र लिलाम गर्नु भनी मिति २०७३।४।२८ मा आदेश भएको देखिन्छ । सो आदेशउपर उच्च अदालत, जनकपुरमा मुलुकी ऐन, अ.बं.१७ नं. बमोजिम निवेदन पर्दा मिति २०७३।१२।४ मा जिल्ला अदालतको आदेश बदर भएको रहेछ । यी निवेदक गौरीशंकर प्रसाद सिंहसमेत वादी र उदयशंकर सिंहसमेत प्रतिवादी भई चलेको अंश चलन मुद्दामा सर्लाही जिल्ला अदालतबाट मिति २०७३।९।४ मा फैसला हुँदा प्रतिवादीहरूले पेस गरेको फाँटवारीमा उल्लिखित जग्गा जमिनबाट

चार भागको दुई भाग वादीहरूले अंशबापत छुट्याई लिन पाउने ठहरेको रहेछ । यसका साथै प्रतिवादीले फाँटवारीमा देखाएको ऋणसमेत साहुको उजुरी परेमा सगोलको गोश्वारा धनबाट बेहोर्नु पर्ने भनी सोही फैसलामा उल्लेख भएको देखिने।

लेनदेन मुद्दा यी रिट निवेदकसमेतका व्यक्तिहरू एकासगोलमा नै रहेको अवस्थामा चलेको र फैसला भई अन्तिम भएर बसेको रहेछ । जबकि निवेदकहरूले उदयशंकर सिंहसमेतलाई प्रतिवादी बनाई दायर गरेको अंश मुद्दा सो लेनदेन मुद्दाको फैसला भइसकेपश्चात् मिति २०७१।१०।१५ मा दायर भएको देखिन्छ। लेनदेन मुद्दाबाट सो मुद्दाका प्रतिवादी उमाशंकर प्रसाद सिंहले तिर्नु भराउनु पर्ने ठहरेको रकम तिरेको वा तिर्नु नपर्ने गरी दायित्वबाट मुक्त भएको कुनै कागज प्रमाणबाट देखिँदैन । लेनदेन मुद्दामा फैसला भइसकेपश्चात् दायर भएको अंश मुद्दामा पनि वादी प्रतिवादीहरू सगोलमा बसिरहेको देखिएकोले साहुको उजुर परेमा सगोलको गोश्वारा धनबाट भराइदिने ठहऱ्याई सर्लाही जिल्ला अदालतबाट फैसला भएको देखिन्छ। उक्त अंश मुद्दाको तथ्यबाट यी निवेदकहरू र प्रतिवादीहरू एकासगोलमा बसेको देखिएको र उमाशंकर प्रसाद सिंहसमेतबाट अंश माग गरेको अवस्थामा घरको मुख्य व्यक्ति भई व्यवहार चलाएको देखिन आयो । घरको मुख्य भई गरेको लेनदेन व्यवहारबाट सिर्जित दायित्व एकासगोलकै सम्पत्तिबाट पूरा गरिनु पर्ने भनी मुलुकी ऐन, लेनदेन व्यवहारको ८ नं. को आशय रहेको देखिन्छ। उमाशंकर प्रसाद सिंहले उक्त ऋण लिँदाको समयमा यी रिट निवेदकहरू एकासगोलमा रहेको अवस्थामा ऋणको दायित्वबाट निजहरू उन्मुक्ति पाउन सक्ने नदेखिएकोले उमाशंकर प्रसाद सिंहको अंश हकको जग्गा मात्र लिलाम गर्नु भनी जिल्ला अदालतबाट भएको आदेशलाई बदर गरेको उच्च अदालतको आदेशलाई अन्यथा गरिरहन परेन । कानूनबमोजिम भएको सो आदेशबाट रिट निवेदकको कुनै हक अधिकारमा आघात परेको भनी निजहरूको तर्फबाट उपस्थित कानून व्यवसायीको बहस जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ विवेचित आधार र कारणबाट यी रिट निवेकदहरू वादी भई चलेको अंश मुद्दामा भएको फैसला र मुलुकी ऐन, लेनदेन महलको ८ नं. को कानूनी व्यवस्थासमेतको आधारमा सर्लाही जिल्ला अदालतबाट मिति २०७३।४।२८ मा भएको आदेशलाई बदर गरेको उच्च अदालत, जनकपुरको मिति २०७३।१२।४ को आदेशमा कुनै कानूनी त्रुटी नदेखिँदा निवेदन मागबमोजिम उत्प्रेषणको आदेशले बदर गरिरहन परेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः रामु शर्मा

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७४ साल मंसिर १८ गते रोज २ शुभम्।

## इजलास नं. ४

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री केदारप्रसाद चालिसे,** ०७१-CR-०९५१, वैदेशिक रोजगार कसुर, *नेपाल सरकार वि. राजु बुढाथोकीसमेत*

प्रतिवादीहरूले वैदेशिक रोजगारमा जान चाहेका व्यक्तिहरूबाट भिसा शुल्कलगायतका अन्य रकम बुझी लिई वैदेशिक रोजगारीमा नपठाई फरार भएको भनी उल्लेख भएको उक्त जाहेरीको कथनसमेत पुष्टि हुन नसकेको र प्रतिवादीले गरिदिएको भनिएको लिखतसमेत निज प्रतिवादीले गरिदिएको नदेखिई सो लिखत जाहेरवालाले नै किर्ते गरेको भन्ने प्रतिवादीले दायर गरेको किर्ते मुद्दामा ठहर भएको अवस्थामा प्रतिवादीहरूले विभिन्न व्यक्तिहरूबाट वैदेशिक रोजगारको लागि विदेश पठाउनको निमित्त रकम लिएको भन्ने प्रमाणित हुन नसकेको अवस्थामा निज प्रतिवादीहरूलाई अभियोग दाबीबाट सफाइ दिने ठहऱ्याएको सुरू वैदेशिक रोजगार न्यायाधिकरण, काठमाडौंको मिति २०७१।२।५ को फैसलालाई अन्यथा भन्न नमिल्ने।

अतः उपर्युक्तबमोजिम विवेचित आधार र कारणबाट प्रतिवादीहरूउपरको अभियोग दाबी पुग्न नसक्ने ठहर्‍याएको सुरू वैदेशिक रोजगार न्यायाधिकरण, काठमाडौंको मिति २०७१।२।५ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत : सुरथप्रसाद तिमल्सेना (शाखा अधिकृत)

कम्प्युटर : हर्कमाया राई

इति संवत् २०७३ साल चैत्र २० गते रोज १ शुभम् ।

## इजलास नं. ५

१

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री सपना प्रधान मल्ल**, ०६८-CR-०२६७, आवश्यक वस्तु संरक्षण (टेलिफोन तार चोरी), *नेपाल सरकार वि. अमिन केवटसमेत*

प्रस्तुत मुद्दामा वारदातको प्रकृति तथा मिसिल संलग्न कागज प्रमाणबाट प्रस्तुत मुद्दा साधारण चोरी एवम् आवश्यक वस्तु संरक्षण ऐन, २०१२ को दफा ३ को कसुर देखिन आयो । साधारण चोरी मुद्दामा चोरी भएको वस्तुको बिगो कायम गर्दा चोरी भएको वस्तुको मूल्यलाई कायम गर्नुपर्ने देखिन्छ । चोरीको वस्तुलाई पहिलेकै अवस्थामा पुर्‍याउन लाग्ने खर्चसमेत कसुरदारबाट भराई दिनुपर्ने भनी कानूनले व्यवस्था गरेको नदेखिँदा चोरी भएको वस्तुको बिगोलाई नै जम्मा बिगो कायम गरी सोहीबमोजिम सजाय निर्धारण गर्दा कानूनको उद्देश्य पूरा हुने ।

प्रस्तुत मुद्दामा प्रतिवादीहरूले १०० मिटर केवल (तार) चोरी गरी उक्त तार पगाली ९३.५ किलो तामा निकालेको र सो तामाको तारको प्रचलित मूल्य प्रतिकिलो रू.१७०।- का दरले रू.१५,८९५।- हुने भनी नेपाल टेलीकमको कार्यालय, भैरहवाबाट खुली आएको अवस्थामा सो रकमलाई नै चोरीको बिगो कायम गरी प्रतिवादीहरूलाई मुलुकी ऐन, चोरीको महलको १२ नं. र आवश्यक वस्तु संरक्षण ऐन, २०१२ को दफा ३ अनुसार थप दण्ड जरिवानासमेत गर्ने गरेको पुनरावेदन अदालतको फैसलालाई अन्यथा भन्न नमिल्ने ।

अतः उल्लिखित तथ्य एवम् प्रमाणको आधारमा प्रतिवादीहरू अमिन केवट, राजरैन केवट र रामकेवल केवटलाई जनही २ (दुई) महिना कैद सजाय गर्ने र नपुग बिगो रू.६२,७५१।६० प्रतिवादीहरूबाट भराइदिने भनी सुरू जिल्ला प्रशासन कार्यालय, रूपन्देहीले मिति २०६६।३।३० मा गरेको फैसलालाई सो हदसम्म केही उल्टी गरी प्रतिवादीहरूलाई मुलुकी ऐन, चोरीको महलको १२ नं. बमोजिम १ (एक) महिना कैद र बरामद ९३½ किलो तामाको तारको बिगो बमोजिम रू.१५,८९५।- जरिवाना र आवश्यक वस्तु संरक्षण ऐन, २०१२ को दफा ३ बमोजिम हुने उक्त बिगोको थप दण्ड रू.१५,८९५।- समेत गरी जनही रू.३१,७९०।- जरिवाना हुने ठहर गरी पुनरावेदन अदालत बुटवलबाट मिति २०६७।९।२६ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ।

उपरजिस्ट्रार: इन्दिरा शर्मा

कम्प्युटर: बासुदेव गिरी

इति संवत् २०७४ साल मङसिर २४ गते रोज १ शुभम् ।

२

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री सपना प्रधान मल्ल**, ०६८-CR-०८१८, बाघ मारी त्यसको छाला र हड्डी ओसारपसार, *नेपाल सरकार वि. सन्तोषबहादुर गुरूङसमेत*

प्रतिवादी राम तामाङले उक्त बरामदी सामान बिक्री गर्दै गरेको अवस्थामा पक्राउमा परेको नभई आर्थिक प्रलोभनमा परी उक्त सामान किन्ने व्यक्तिलाई लिएर जाँदै गर्दाको अवस्थामा पक्राउमा परेको भन्ने निजको अधिकारप्राप्त अधिकारी एवम् सुरू वन कार्यालयको बयानबाट खुल्न आएको पाइयो । त्यस्तै

प्रतिवादी चिनीमाया तामाङले कसुरमा पूर्णतः इन्कारी बयान दिए पनि सहप्रतिवादी सन्तोषबहादुर गुरूङले सामान आएको छ भनी फोन गरी बोलाएपछि आउँदै गर्दा बाटोबाटै पक्राउ परेको देखिँदा प्रतिवादी चिनीमाया तामाङको समेत बाघको छाला र हड्डीको ओसारपसार र बिक्री वितरणको कार्यमा संलग्नता रहेको देखिने।

प्रतिवादीहरूले निषेधित वस्तु बाघको छाला र हड्डी बिक्री गर्ने परिपञ्च गर्दा गर्दैको अवस्थामा पक्राउ परेका, प्रतिवादीहरूले एक आपसमा पोलापोल गरी बयान गरेकोसमेतबाट प्रतिवादीहरू थमनबहादुर थापा, चिनीमाया तामाङ र राम तामाङलाई निजहरूको उक्त बरामदी छाला र हड्डीको बिक्री वितरणको कार्यमा रहेको संलग्नताको आधारमा जरिवाना मात्र गर्दा पनि राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २६(१) को उद्देश्य पूरा हुने नै देखिँदा निजहरूलाई जनही रू. १ लाख रूपैयाँ जरिवाना गर्ने गरी भएको फैसला मिलेन भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः विवेचित तथ्य, प्रमाण एवम् कानूनी व्यवस्थासमेतको आधारमा सन्तोषबहादुर गुरूङ, थमनबहादुर थापामगर र राम तामाङको हकमा जिल्ला वन कार्यालय, चितवनबाट भएको फैसलालाई केही उल्टी गरी प्रतिवादी सन्तोषबहादुर गुरूङलाई ५ वर्ष कैद गर्ने र प्रतिवादी थमनबहादुर थापा मगर र राम तामाङको हकमा जनही रू.१,००,०००।– (एक लाख रूपैयाँ) जरिवाना हुने ठहर गरी र प्रतिवादी चिनीमाया तामाङको हकमा सुरूको फैसलालाई सदर ठहर गरी पुनरावेदन अदालत हेटौंडाबाट मिति २०६८।७।२९ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

उपरजिस्ट्रार: इन्दिरा शर्मा

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७४ साल मङ्सिर २४ गते रोज १ शुभम्।

३

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री सपना प्रधान मल्ल**, ०६८-CR-११७६, ०६८-CR-११७७, सरकारी छाप दस्तखत किर्ते, *अफान मियाँ वि. नेपाल सरकार र तुलसी महतो वि. नेपाल सरकार*

बरामदी सामान नक्कली वा सक्कली के हो भन्ने सम्बन्धमा परीक्षण नै नभएको भन्ने प्रतिवादीहरूको पुनरावेदन जिकिर रहेको सन्दर्भमा आन्तरिक राजस्व कार्यालय, विराटनगरले उक्त बरामदी स्टिकर नक्कली भएको भनी खुलाएको देखिएको र प्रतिवादीहरूले सुरू अदालतमा बयान गर्दासमेत सो स्टिकर नक्कली होइन भनी जिकिर लिन सकेकोसमेत नदेखिँदा सक्कली वा नक्कलीको सम्बन्धमा पुनः परीक्षण गरिरहन पर्ने अवस्था देखिएन। अब प्रतिवादीहरूले बोकी ल्याएको बरामदी स्टिकरबाट कुनै व्यक्ति, संस्था वा राष्ट्रलाई हानि नोक्सानी नपुगेको भनी लिएको जिकिरको सम्बन्धमा हेर्दा कुनै व्यक्तिको साथमा नक्कली सामान रहेछ वा गैरकानूनी वस्तु फेला पर्छ भने त्यो प्रयोग गर्न, बिक्री गर्न वा पछि उपयोग गर्नकै लागि ल्याएको वा जम्मा गरेको मान्नु पर्ने हुँदा सो सामानको प्रयोग नभएको भन्ने मात्र आधारमा कसुरबाट उन्मुक्ति पाउने नदेखिने।

सरकारी छाप दस्तखत किर्ते मुद्दा र अन्तशुल्क छलेको सम्बन्धी मुद्दा एउटै विषय नभई अलगअलग विषयअन्तर्गतका मुद्दा भएको हुँदा एउटै कसुरमा दोहोरो सजाय गरेको भन्न मिल्ने देखिएन । प्रतिवादीहरूले आफूहरूबाट नक्कली स्टिकर बरामद भएकोमा अधिकारप्राप्त अधिकारी तथा अदालतमा समेत साबित रहेको एवम् बरामदी मुचुल्का प्रतिवादीहरूको रोहबरमा तयार गरेको भन्ने बरामदी मुचुल्काबाट देखिएको र सो बरामदी मुचुल्कामा भएको दस्तखत आफ्नो होइन भनी प्रतिवादीहरूले जिकिर लिन नसकेको अवस्थामा उक्त बरामदी मुचुल्काका व्यक्तिहरूलाई बकपत्र नगराएको भन्ने मात्र आधारमा बरामदी मुचुल्कालाई प्रमाणमा लिएको मिलेन भनी प्रतिवादीहरूले लिएको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिँदा पुनरावेदक प्रतिवादीहरूलाई कसुरदार ठहर गरी भएको पुनरावेदन अदालत विराटनगरको

फैसलालाई अन्यथा भन्न नमिल्ने ।

अतः उल्लिखित तथ्य एवम् प्रमाणबाट प्रतिवादी जगनारायण पोदार र किसनकुमार धनावतलाई अभियोग दाबीबाट सफाइ दिने गरेको हदसम्म सुरू फैसला सदर गरी प्रतिवादीमध्येका तुलसी महतो र अफान मियाँलाई अभियोग दाबीअनुसार सजाय गर्नुपर्नेमा सफाइ दिने गरेको मोरङ जिल्ला अदालतको मिति २०६७।६।१३ को फैसला सो हदसम्म केही उल्टी गरी प्रतिवादी तुलसी महतो र अफान मियाँलाई किर्ते कागजको १ नं. को कसुरमा ऐ. १२ नं. बमोजिम जनही १ (एक) वर्ष कैद हुने ठहर गरी पुनरावेदन अदालत विराटनगरबाट मिति २०६८।६।१ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ।

उपरजिस्ट्रार: इन्दिरा शर्मा

कम्प्युटर: बासुदेव गिरी

इति संवत् २०७४ साल मङ्सिर २४ गते रोज १ शुभम् ।

४

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री सपना प्रधान मल्ल**, ०६९-CI-०२२४, घर भत्काई पाऊँ, *बाबु थापा वि. नारायणबहादुर थापा*

व्यवहारमा जुनसुकै तरिकाबाट व्यवहार चलाएको भए पनि कुनै पनि जग्गामा नयाँ संरचना निर्माण गर्ने, भइरहेको संरचना हेरफेर गर्नेलगायतको कार्य स्वामित्ववालाको मन्जुरीले बाहेक कुनै पनि व्यक्तिले गर्न पाउने कानूनी व्यवस्था रहे भएकोसमेत देखिँदैन । एका व्यक्तिको हक स्वामित्व रहेको जग्गामा अर्को व्यक्तिले पहिलेदेखि नै भोग चलन गरी आएको भन्ने आधारमा अर्को व्यक्तिको स्वामित्व कायम हुन सक्ने कानूनी व्यवस्थासमेत छैन । वादीको स्वामित्वको उक्त कि.नं.२४२ को जग्गामा पुनरावेदक प्रतिवादीको पुरानो घर गोठ कायमै रहेको भन्ने आधारमा सो स्थानमा प्रतिवादीले नयाँ घर निर्माण गर्न पाउने भन्न कानूनत मिल्दैन । पुनरावेदन अदालतबाट वादीको स्वामित्वको जग्गामा प्रतिवादीले बनाएको घर भत्काई वादीले चलन चलाई पाउने ठहर गरी भएको फैसलालाई अन्यथा भन्न नमिल्ने ।

अतः विवेचित तथ्य एवम् प्रमाणबाट कि.नं.२४२ को जग्गाको उत्तरपूर्वतर्फ प्रतिवादीले बनाएको घर भत्काई पाउँ भन्ने वादी दाबी नपुग्ने भनी मिति २०६७।५।३१ मा भएको काठमाडौं जिल्ला अदालतको फैसलालाई उल्टी गरी वादी दाबीअनुरूप मुलुकी ऐन घर बनाउनेको महलको १ र ४ नं. बमोजिम घर भत्काई वादी दाबीको जग्गामा वादीले चलन चलाई पाउने ठहर गरी पुनरावेदन अदालत पाटनबाट मिति २०६८।१०।९ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ।

उपरजिस्ट्रार: इन्दिरा शर्मा

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७४ साल फागुन २ गते रोज ४ शुभम् ।

५

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री सपना प्रधान मल्ल**, ०६९-CR-०५०१, जबरजस्ती करणी, *नेपाल सरकार वि. शशिराम खड्का*

पीडित सुतेको कोठाको झ्यालको खुरो भाँचिनु, कोठामा चुरा फुटेको पाइनु, ब्लाउज र इजार टुटेको पेटीकोट कोठामा भेटिनुले पीडितलाई जबरजस्ती करणी भएको भन्ने पुष्टि गर्न सक्ने देखिँदैन । पीडित भनिएकी जाहेरवाली स्वयम्ले अदालतमा उपस्थित भई मोबाइलको पैसा प्रतिवादीले नतिरेको रिसइवीबाट झुट्टा जाहेरी दिएको भनी बकपत्र गरेको र पीडितलाई जबरजस्ती करणी भएको भनी दाबी लिने अभियोजन पक्षले पीडितलाई प्रतिवादीले जबरजस्ती करणी गरेका हुन् भन्ने पुष्टि गर्ने वस्तुनिष्ठ प्रमाण पेस गर्न सकेकोसमेत पाइँदैन । फौजदारी मुद्दामा अनुमानको भरमा कसैलाई पनि दोषी ठहर गर्न मिल्दैन । जाहेरवालीले अदालतमा मौकामै उपस्थित भई बयान गरी प्रमाणितसमेत नगराएको र जाहेरीमा उल्लिखित कुरालाई खण्डन हुने गरी बकपत्र गरेको अवस्थामा त्यस्तो किटानी जाहेरीलाई नै ठोस प्रमाण मानी कसुरदार ठहर गर्न मिल्दैन । अन्य स्वतन्त्र

प्रमाणबाट प्रमाणित नगरेको अवस्थामा त्यस्तो जाहेरी दरखास्त सूचनाको स्रोतको रूपमा मात्र रहन्छ । अभियोजनपक्षले जाहेरी दरखास्तलाई पुष्टि गर्न नसकेको अवस्थामा प्रतिवादीलाई सफाइ दिने गरी भएको पुनरावेदन अदालतको फैसलालाई अन्यथा भन्न मिल्ने नदेखिने।

अतः विवेचित तथ्य एवम् प्रमाणबाट प्रतिवादी शशिराम खड्कालाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं. विपरीत ३(१) नं. को कसुरमा ऐ ३(५) नं. बमोजिम ५ (पाँच) वर्ष कैद हुने र ऐ. १०ग नं. बमोजिम प्रतिवादीबाट पीडितलाई रू.१०,०००।- (दश हजार) क्षतिपूर्ति भराइदिने ठहर गरी मिति २०६८।९।२१ मा भएको रूकुम जिल्ला अदालतको फैसलालाई उल्टी गरी प्रतिवादी शशिराम खड्कालाई कसुरबाट सफाइ दिने ठहर गरी पुनरावेदन अदालत तुलसीपुरबाट मिति २०६९।६।८ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

उपरजिस्ट्रार: इन्दिरा शर्मा

कम्प्युटर: बासुदेव गिरी

इति संवत् २०७४ साल मङ्सिर २४ गते रोज १ शुभम्।

६

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री सपना प्रधान मल्ल**, ०६८-CR-०८३०, बैंकिङ कसुर, *नेपाल सरकार वि. प्रविणकुमार शेरचन*

सफा हात लिएर आउने व्यक्तिलाई मात्र अदालतले सहयोग गर्न सक्छ । प्रतिवादीले जाहेरवालाको नाममा काटिएको २ थान चेकबमोजिमको रकम बैंक खातामा नभएको भनी बैंकबाट पुष्टि नहुँदै जाहेरवालाले प्रहरीसमक्ष उजुरी एवम् जाहेरीसमेत दिए पछि मात्रै उक्त चेक सटहीको लागि मिति २०६७।३।१७ मा बैंकमा चेक पेस भई बैंकले Return slip दिएको देखियो । बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ३(ग) मा आफ्नो खातामा मौज्दात रकम नभएको जानी जानी चेक काटी दिने कार्यलाई कसुरजन्य कार्य मानेको छ । प्रस्तुत मुद्दामा प्रतिवादीले जाहेरवालाका नाममा काटेको चेकअनुसारको रकम खातामा नभएको भनी पुष्टि गर्ने प्रमाण बिना नै प्रतिवादीलाई कारबाहीका लागि कानूनी प्रक्रिया सुरू गरेको देखिँदा जाहेरवालाले सफाहात लिई जाहेरी दरखास्त दिएका हुन् भन्ने देखिएन । त्यस्तै जाहेरवालाले अदालतमा उपस्थित भई जाहेरी दरखास्तलाई प्रमाणित गरी बकपत्र गरेकोसमेत पाइएन। कसुरजन्य कार्य हुनुभन्दा पहिले नै प्रतिवादीले कानूनविपरीतको कार्य गरेको भनी उजुरी गरेको अवस्थामा कसुर हुन नपाउँदै परेको जाहेरीलाई आधार मानी पछि हुन गएको कार्यलाई कसुर कायम गर्नु फौजदारी न्यायको सिद्धान्तविपरीत हुने हुँदा पुनरावेदन अदालतको फैसलालाई अन्यथा भन्न नमिल्ने।

अतः विवेचित तथ्य एवम् प्रमाणको आधारमा अभियोग मागदाबी पुग्न नसक्ने ठहर गरी पुनरावेदन अदालत पाटनबाट मिति २०६८।१।४ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

उपरजिस्ट्रार: इन्दिरा शर्मा

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७४ साल मङ्सिर २४ गते रोज १ शुभम्।

७

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री सपना प्रधान मल्ल**, ०६९-WO-०७०९, उत्प्रेषण / परमादेश, *रविन्द्र कुमार वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टंगालसमेत*

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३५ग मा "*आयोगले यस ऐनअन्तर्गत कारबाही गरी कसैलाई जरिवाना वा कुनै रकम असुलउपर गर्न दिएको आदेश वा अन्य कुनै आदेशउपर सम्बन्धित अदालतमा पुनरावेदन गर्न सकिनेछ*" भन्ने व्यवस्था भएको पाइन्छ । उक्त कानूनी व्यवस्थाअनुसार अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट भएको उक्त निर्णयउपर रिट निवेदक समाज कल्याण परिषद्ले सम्बन्धित अदालतमा पुनरावेदन गर्न पाउने नै देखियो । असाधारण अधिकार क्षेत्र अन्य वैकल्पिक

उपचारको बाटो नभएको अवस्थामा वा भए पनि अपर्याप्त वा प्रभावहीन रहेको अवस्थामा मात्र आकर्षित हुन्छ । कानूनबमोजिम अन्य वैकल्पिक उपचारको व्यवस्था भएको विषयमा रिट क्षेत्रबाट प्रवेश गरी उपचार दिन नमिल्ने ।

अतः विवेचित तथ्य, प्रमाण र कानूनी व्यवस्थाअनुसार प्रस्तुत रिट निवेदनमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट मिति २०६९।८।२१ मा भएको निर्णयमा चित्त नबुझेको अवस्थामा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३५ग बमोजिम पुनरावेदन गर्न पाउने वैकल्पिक कानूनी बाटो अनुशरण नगरी असाधारण अधिकारक्षेत्र ग्रहण गरी परेको प्रस्तुत निवेदनमा मागबमोजिमको आदेश जारी गर्न नमिल्ने ।

उपरजिस्ट्रारः इन्दिरा शर्मा

इति संवत् २०७४ साल चैत्र ८ गते रोज ५ शुभम् ।

८

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या. श्री टंकबहादुर मोक्तान**, ०७१-CI-१२०८, मोही नामसारी, *माइली तामाङ लामा वि. छेतेन ग्युरमान श्रेष्ठसमेत*

२०४२ सालदेखि नै दाबीका कि.नं. ३३, ३८, ४५, ४६, ४७, ४८, ४२ समेतका जग्गाको रघुवर वैद्य दर्तावाला मोही रहेको भन्ने देखिएको र अन्य जग्गाको मोहीमा अन्य व्यक्ति रहेको देखिएको एवम् रघुवर वैद्यले आफ्नो मोहीको हक अन्य व्यक्तिलाई राजीनामाबाट हस्तान्तरण गरी दिएको देखिन आयो । त्यस्तै २०४२ पछि छेतेन ग्युरमान श्रेष्ठ पशुपति गुठीको मोही कायम भई पशुपति गुठीको स्वीकृतिबाट उक्त जग्गाको पटकपटक हक हस्तान्तरणसमेत गरी विवादित जग्गामा प्रतिवादीहरूको घर कम्पाउण्डसमेत रहेको देखिएको अवस्थामा दाबीको जग्गाका जग्गाधनी नै नरहेका व्यक्तिलाई जग्गाधनी देखाई मोही नामसारीका लागि परेको निवेदन मागबमोजिम दाबीका जग्गाको मोहियानी हक वादीमा कायम गर्न नमिल्ने भनी भएको पुनरावेदन अदालतको फैसलालाई अन्यथा भन्न नमिल्ने ।

अतः विवेचित तथ्य एवम् प्रमाणको आधारमा दाबीका जग्गामा वादीको मोहियानी नामसारी गर्ने गरी भूमिसुधार कार्यालय, काठमाडौंबाट मिति २०६९।४।२३ मा भएको फैसलालाई उल्टी गरी मोहियानी नामसारीमा वादी दाबी पुग्न नसक्ने ठहर गरी पुनरावेदन अदालत पाटनबाट मिति २०७१।७।९ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ।

उपरजिस्ट्रार: इन्दिरा शर्मा

कम्प्युटर : चन्दनकुमार मण्डल

इति संवत् २०७५ साल वैशाख ७ गते रोज ६ शुभम् ।

९

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या. श्री टंकबहादुर मोक्तान**, ०७३-CI-००४४, सर्तबमोजिमको दायित्व पूरा गराई पाऊँ, *नकुल कार्की वि. सुनिलकुमार साहसमेत*

निवेदकले पुनरावेदन अदालतमा दायर गरेको निवेदन पत्र हेर्दा, माथि उल्लिखित ऐ. ऐनको दफा ७४, ७५, ८२, ८६ समेतका दाबीहरू लिई करारबमोजिमको दायित्वसमेत पूरा गरिपाउँ भनी ऐ. दफा ८७ समेत देखाई निवेदन दाबी लिएको देखिन्छ । उक्त व्यवस्थाअनुसार करारको अर्को पक्ष अर्थात् निवेदकले दाबी लिएका विपक्षी सुनिलकुमार साहको कुनै काम कारबाहीबाट करारको परिपालना सम्भव नहुने स्थितिमा त्यस्तो कार्य रोक्नसम्मको लागि पुनरावेदन अदालतले क्षेत्राधिकार ग्रहण गरी आदेश गर्नसक्ने देखिने ।

करार ऐन, २०५६ को अन्य दफाअन्तर्गतका माग दाबी लिई करारको परिपालना गराई पाउँ भनी निवेदकले दायर गरेको निवेदनमा निजले जिकिर लिएबमोजिम ऐ. दफा ८७ अन्तर्गत पुनरावेदन अदालतको क्षेत्राधिकार आकर्षित हुन नसक्ने देखिँदा क्षेत्राधिकारको अभावमा निवेदन खारेज हुने ठहऱ्याएको पुनरावेदन अदालत हेटौंडाको फैसला त्रुटिपूर्ण छ भन्ने निवेदकको पुनरावेदन जिकिरसँग समेत सहमत हुन

नसकिने।

तसर्थ, निवेदकले देखाएको करार ऐन, २०५६ को दफा ७४, ७५, ८२, ८६ अन्तर्गतका विषयमा जिल्ला अदालतको क्षेत्राधिकार आकर्षित हुने तथा निवेदनको बेहोरा र प्रकृतिअनुसार निवेदन दाबी ऐ. दफा ८७ अन्तर्गतको नभएकोले ऐ. दफा ८७ बमोजिमसमेत पुनरावेदन अदालतले क्षेत्राधिकार ग्रहण गर्न नमिल्नेसमेत हुँदा क्षेत्राधिकारको अभाव भएको आधारमा निवेदन खारेज हुने ठहर्‍याएको पुनरावेदन अदालत हेटौंडाको मिति २०७२।११।५ को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: विकाशकुमार रजक

कम्प्युटर: विपिनकुमार महासेठ

इति संवत् २०७५ साल वैशाख ३१ गते रोज २ शुभम्।

१०

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री टंकबहादुर मोक्तान**, ०७३-CR-१४८७, भ्रष्टाचार (रकम हिनामिना), *नेपाल सरकार वि. विनोदकुमार राय यादवसमेत*

मिसिल संलग्न स्थलगत निरीक्षण प्रतिवेदन एवम् जिल्ला शिक्षा कार्यालय, महोत्तरीको मिति २०६७।२।२७, २०६८।५।२८ र २०६९।५।१२ को पत्रसमेतबाट सरस्वती जनता प्राथमिक विद्यालयले कक्षा ३ सम्मको विद्यालय सञ्चालन अनुमति प्राप्त गरेकोमा विवाद देखिएन। उक्त विद्यालय सञ्चालनको क्रममा सो विद्यालयलाई आ.व.०६७/६८-०६९/७० सम्मको अवधिमा विभिन्न शीर्षकमा जिल्ला शिक्षा कार्यालय, महोत्तरीबाट रू.७,४८,०१७।२५ निकासा भएको र उक्त रकम हिनामिना भएको भन्ने मुख्य आरोपपत्र रहेको पाइन्छ। विद्यालयको नाममा निकासा भएको उक्त रकम सम्बन्धमा मिसिल संलग्न कागजात हेर्दा विद्यालयहरू बन्द गर्ने तथा गाभ्ने सम्बन्धमा शिक्षा मन्त्रालयको मिति २०७१।५।९ को निर्णय कार्यान्वयनबाट उक्त सरस्वती जनता प्राथमिक विद्यालय बन्द गर्ने निर्णय भएको भन्ने देखिन आउँछ। सोही निर्णय कार्यान्वयनका क्रममा जिल्ला शिक्षा कार्यालय, महोत्तरीबाट उक्त सरस्वती जनता प्रा.वि. स्थापनाकालदेखि २०७०/०७१ सम्म उक्त विद्यालयका नाममा निकासा भएको रकम फिर्ता गर्न पत्राचार भएको र सोबमोजिम उक्त निकासा भएको दाबीको रकम रू.७,४८,०१७।२५ राष्ट्रिय वाणिज्य बैंकमा रहेको जिल्ला शिक्षा कार्यालय, महोत्तरीको खातामा जम्मा गरिसकेको भन्ने मिसिल संलग्न कागजातबाट देखिन आउने।

यसरी आरोपपत्रमा वादीले यी प्रतिवादीहरूउपर दाबी गरेको सम्पूर्ण रकम जिल्ला शिक्षा कार्यालयको आदेशानुसार बुझाइसकेको र विद्यालयसमेत बन्द भइसकेको देखिएकोले वादी दाबीअनुरूप यी प्रतिवादीहरूले हिनामिना गरेको भन्न मिलेन। प्रतिवादीहरू विनोदकुमार राय यादव र राम नरेश यादवले आरोपित कसुरबाट सफाइ पाउने ठहर्‍याएको विशेष अदालत, काठमाडौंको मिति २०७३।११।११ को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: आत्मदेव जोशी

कम्प्युटर: विपिनकुमार महासेठ

इति संवत् २०७४ साल पुस २० गते रोज ५ शुभम्।

## इजलास नं. ६

१

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०६७-CI-००९७, लिखत दर्ता बदर, *बुद्धु तेली वि. गौतम केवट*

पृथकपृथक स्थान र कित्तामा विभाजित जग्गाजमिनको समग्र क्षेत्रफललाई मात्र आधार मानेर समग्र सम्पत्तिको मूल्य यकिन हुने होइन। जग्गा जमिनले मूल्यलाई प्रभाव पार्ने तत्त्वहरूको तुलनात्मक विश्लेषण गरेर नै समग्र सम्पत्तिको परिमाण यकिन हुने हुँदा उक्त कि.नं.३३० को जग्गाको क्षेत्रफललाई अन्य जग्गा

जमिनको क्षेत्रफलसँग मात्र तुलना गरेर समग्र सम्पत्तिको परिमाण कायम गर्न मिल्दैन। पृथकपृथक सम्पत्तिको पृथकपृथक मूल्याङ्कनबाट कायम हुन आएको समग्र मूल्याङ्कन गरी सम्पत्तिको परिमाण यकिन हुने हुँदा उक्त विवादित जग्गा बिक्री हुँदाको अवस्थामा अन्य बाँकी रहेको जग्गा जमिनको परिमाणलाई आधार मानी हेरी निष्कर्ष निकाल्न नमिल्ने।

विवादित लिखत हुँदाका अवस्थामा एकासगोलका अंशियारा रहेका यी प्रत्यर्थी वादीको मन्जुरी स्वीकृति लिइएको नदेखिएको हुँदा तत्कालीन अवस्थामा यी वादीको उक्त सम्पत्तिमा ३ भागको १ भाग अंशहक निहित रहेको देखिएकोले दाबीको लिखतमा उल्लिखित कि.नं. ३३० को जग्गाबाट ३ भागको १ भाग वादीको हक जति वादीलाई फिर्ता गरिदिनु पर्ने अवस्था विद्यमान देखिन आउने।

विवादित राजीनामाको लिखतबमोजिमको अचल सम्पत्ति एकलौटी तवरबाट आफूखुसी गर्न पाउने नदेखिएको र उक्त लिखत गर्दा यी वादीलाई साक्षी राखेको वा निजको मन्जुरीसमेत रहेको नदेखिएको हुँदा उक्त विवादित राजीनामाको लिखत लिनु दिनु गर्दा वादीको अंश हकलाई प्रभावित तुल्याएको अवस्थामा वादीको हक जति लिखत बदर गरिदिनु पर्नेमा वादी दाबी पुग्न नसक्ने भनी सुरू रूपन्देही जिल्ला अदालतबाट भएको फैसला नमिलेकोले सो फैसला उल्टी गरी वादी दाबीबमोजिम ३ भागको १ भाग लिखत बदर हुने भनी पुनरावेदन अदालत बुटवलबाट मिति २०६६।११।१९ मा भएको फैसला मिलेकै देखिन आउने।

तसर्थ प्रस्तुत मुद्दामा विवादित राजीनामाको लिखतबमोजिमको अचल सम्पत्ति एकलौटी तवरबाट आफूखुसी गर्न पाउने नदेखिएको र उक्त लिखत गर्दा यी वादीलाई साक्षी राखेको वा निजको मन्जुरीसमेत रहेको नदेखिएको हुँदा वादीको हक जति ३ भागको १ भाग लिखत बदर हुने भनी पुनरावेदन अदालत बुटवलबाट मिति २०६६।११।१९ मा भएको फैसला मिलेकै देखिन आएको हुँदा सदर हुने।

इजलास अधिकृतः सुरथप्रसाद तिमल्सेना
कम्प्युटर: मन्जिता ढुंगाना
इति संवत् २०७४ साल भदौ ११ गते रोज १ शुभम्।

२

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७१-CR-०५९०, वैदेशिक रोजगार कसुर, *नेपाल सरकार वि. सुमन श्रेष्ठ*

प्रतिवादी सुमन श्रेष्ठसमेत भई प्रतिवादीहरू सुनबहादुर गुरूङ, अमित तामाङ, शेरबहादुर थापामगरको संयुक्त लगानीमा युरोपियन मुलुकमा स्टुडेन्ट भिसालगायतको काम गर्ने उद्देश्यले Mission Abroad Services and Consultancy Pvt. Ltd. दर्ता गरी सञ्चालनमा रहेको मिसिल संलग्न प्रमाणहरूबाट देखिन्छ । यी प्रतिवादीउपर हरि नगरकोटी र राजकुमार भण्डारीले जाहेरी दिएको देखिन्छ । जाहेरवालामध्येको राज कुमार भण्डारीले आफ्नो बकपत्रमा वैदेशिक रोजगारमा मकाउ जानका लागि यी प्रतिवादीहरूलाई रकम बुझाएको उल्लेख गर्दै निज प्रतिवादी सुमन श्रेष्ठलाई रू.२, ३०,०००|– (दुई लाख तीस हजार रूपैयाँ) बुझाएको, देवेन्द्र स्माली मगरलाई रू.१,३०,०००|- र सुनबहादुर गुरूङलाई रू.२,००,०००|– बुझाएको भनी उल्लेख गरेको भए तापनि निज जाहेरवाला राजकुमार भण्डारीले सुनबहादुर गुरूङलाई रू.२,००,०००|– बुझाएको सम्बन्धमा लिखत मात्र पेस गरेको देखिन्छ भने निज प्रतिवादी सुमन श्रेष्ठलाई रकम बुझाएको भन्ने कुनै पनि प्रमाण पेस गर्न सकेको मिसिल संलग्न अन्य प्रमाणहरूबाट देखिएन । आरोप लाग्दैमा निजले आरोपित कसुर गरेको मान्न मिल्दैन सो आरोपको पुष्टि वादीले शङ्का रहित तवरले गर्नुपर्ने।

प्रस्तुत मुद्दामा प्रतिवादी सुमन श्रेष्ठ मौकामा अनुसन्धान अधिकृत र न्यायाधिकरण दुवै निकायमा अनुपस्थित रही फरार रहेको र निजको निर्दोषिताको

सम्बन्धमा कुनै प्रमाण पेस भएको नदेखिए तापनि निजउपर लगाएको आरोप कुनै वस्तुनिष्ठ ठोस प्रमाणबाट पुष्टि हुन सकेको देखिएन । कुनै पनि व्यक्तिलाई आरोपित कसुर कायम गरी सजाय गर्दा सो कसुरको शङ्कारहित तवरले पुष्टि गर्नुपर्ने हुन्छ । प्रमाण ऐन, २०३१ को दफा २५ ले अभियोग प्रमाणित गर्ने भार वादीलाई रहेकोमा सोबमोजिम वादीले यी प्रतिवादीउपरको अभियोग दाबी प्रमाणित गर्न सकेको नदेखिएको अवस्थामा शङ्काको सुविधा यी प्रतिवादीले पाउने नै देखिने ।

अत: उल्लिखित आधार र कारणबाट प्रतिवादी सुमन श्रेष्ठउपरको अभियोग वादीले शङ्कारहित ठोस सबुद प्रमाणहरूबाट प्रमाणित गर्न सकेको नदेखिँदा निज प्रतिवादीले आरोपित कसुरबाट सफाइ पाउने ठहऱ्याई भएको वैदेशिक रोजगार न्यायाधिकरणको मिति २०७०।९।९ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: गीता श्रेष्ठ

कम्प्युटर: अर्जुन पोख्रेल

इति संवत् २०७४ साल जेठ १० गते रोज ४ शुभम् ।

३

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७१-WO-०८५८, उत्प्रेषण, *वेदप्रसाद पौडेल वि. पुनरावेदन अदालत पोखरासमेत*

अन्तिम फैसला हुँदा अंश पाउने नपाउने, अंश पाउने भए कसकसबाट पाउने वा कस-कसबाट नपाउने कुन कुन सम्पत्ति बन्डा लाग्ने भन्ने कुराको विश्लेषण हुन्छ। अदालतबाट फैसला भइसकेपछि पनि आफूलाई चित्त नबुझेको कुरामा पुनरावेदनको अधिकार पक्षलाई सुरक्षित नै रहेको हुन्छ । यस्तो सुरक्षित वैकल्पिक अधिकार रहँदारहँदै तायदाती माग गरेको आदेशउपर निवेदक असाधारण अधिकार क्षेत्रअन्तर्गत यस अदालतमा प्रवेश गरेको देखिन्छ । त्यस्तो आदेशउपर परेको प्रस्तुत निवेदनमा निवेदकको जिकिरबमोजिम गरिदिने हो भने सुरु जिल्ला अदालतमा चलेको अंश मुद्दाको निर्णयमा प्रत्यक्ष असर पर्न जान्छ । माथिल्लो अदालतले तल्लो अदालतमा विचाराधीन कुनै मुद्दालाई असर पार्नेगरी कुनैपनि आदेश जारी गर्नु उपयुक्त नहुने।

प्रस्तुत मुद्दामा पक्षहरूले वैकल्पिक उपचारको बाटो अवलम्बन गरिसकेको देखिन्छ। स्याङ्जा जिल्ला अदालतमा विचाराधीन अंश चलन मुद्दामा बुझ्नुपर्ने प्रमाण बुझी उक्त अदालतबाट निर्णय हुने नै छ। यस्तो अवस्थामा वैकल्पिक उपचारको समाप्ति भएको मान्न मिल्ने नदेखिने ।

अतः सुरू स्याङ्जा जिल्ला अदालतमा सामान्य क्षेत्राधिकारअन्तर्गत चलिरहेको मुद्दामा हुने फैसलाउपर पुनरावेदन गर्ने हक रिट निवेदकलाई सुरक्षित नै हुने भई वैकल्पिक उपचारको पर्याप्तता रहेभएको देखिएको हुँदा रिट निवेदनबाट मातहतको अदालतमा विचाराधीन रहेको मुद्दाको काम कारबाहीमा असर पर्नेगरी रिट जारी गर्नुपर्ने अवस्था देखिएन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः इशा सुवेदी

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७५ साल जेठ २९ गते रोज ३ शुभम् ।

४

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७३-WO-१२०३, उत्प्रेषण, *मौसम आले मगर वि. विद्यालय शिक्षक किताबखाना, म्युजियम मार्ग छाउनी काठमाडौंसमेत*

निवेदकले आफू हकवाला भएकोले पारिवारिक निवृत्तिभरणको अधिकार पाउनुपर्छ भनी निवेदन दिएकोमा विद्यालय शिक्षक किताबखानाको मिति २०७३।५।६ को निर्णयमा इच्छाएको व्यक्ति परिवर्तन गर्न मिल्ने / नमिल्ने विषयमा निर्क्योल गरेको देखिए तापनि मिसिल संलग्न रहेको विद्यालय शिक्षक किताबखानाको मिति २०७३।७।३० को निर्णयतर्फ हेर्दा उक्त निर्णयमा "इच्छाउने व्यक्तिको मृत्यु भइसकेको अवस्थामा इच्छाइएको व्यक्ति परिवर्तन गर्न नमिल्ने" व्यवस्थाअनुसार पारिवारिक निवृत्तिभरणका

सम्बन्धमा इच्छाइएकी ढकमाया आलेको निधन भइसकेकोले नियमानुसार बिरामी बिदा र औषधोपचारको रकम हकवालालाई दिन स्वीकृत" भनी उल्लेख भएको देखिएकोले यी निवेदकलाई हकवालाको हैसियतबाट बिरामी बिदा र औषधोपचारको रकम दिन दिलाउनको लागि विपक्षी विद्यालय शिक्षक किताबखानाको स्वीकृति रहेको देखिन आयो तर निज हकवालालाई पारिवारिक निवृत्तिभरण भने प्रदान गर्नेगरी निर्णय गरेको नदेखिने।

निवेदक रामबहादुर आले मगरको सहोदर छोरा देखिन्छन् । रामबहादुर आलेमगरले इच्छाएको व्यक्ति निजकी पत्नी ढकमाया आले मगरको मृत्यु भइसकेको देखिन्छ । बाँकी एक मात्र छोरा भएकोमा निज छोराले जे जति सुविधा पाउने हो सो पाउने कुरामा कुनै विवाद नै नभएकोमा इच्छाउने व्यक्तिको मृत्यु भइसकेकोले परिवर्तन गर्न नमिल्ने भनि कानूनको नितान्त गलत व्याख्या गरी भएको निर्णय शिक्षा नियमावली, २०५९को नियम ११५ (१) को प्रत्यक्ष त्रुटि देखिँदा सो निर्णय उत्प्रेषणको आदेशबाट बदर हुने।

निवेदकलाई निवेदन माग दाबीबमोजिम नियमानुसार पारिवारिक निवृत्तिभरणलगायत निजले कानूनबमोजिम पाउन सक्ने सबै सुविधा दिनु, दिलाउनु भनी विपक्षीहरूको नाममा परमादेशको आदेशसमेत जारी हुने।

इजलास अधिकृतः इशा सुवेदी

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७५ साल जेठ २९ गते रोज ३ शुभम्।

५

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७४-WO-०३३८, उत्प्रेषण, *शकुन्तला बस्नेत वि. उच्च अदालत, पाटनसमेत*

तायदाती फाँटवारी माग गर्ने विषय मुद्दाको एउटा प्रक्रियागत विषय हो । अंश पाउने दिने प्रयोजनका लागि सामान्यतः अंशबन्डाको २० नं. बमोजिम अंश पाउन सक्ने देखिन आएपछि यो प्रक्रिया अपनाइन्छ । यो आदेश अन्तिम फैसला होइन । अन्तिम फैसला हुँदा अंश पाउने नपाउने, अंश पाउने भए कस-कसबाट पाउने वा कस-कसबाट नपाउने कुन कुन सम्पत्ति बन्डा लाग्ने भन्ने कुराको विश्लेषण हुन्छ। अदालतबाट फैसला भइसकेपछि पनि आफूलाई चित्त नबुझेको कुरामा पुनरावेदनको अधिकार पक्षलाई सुरक्षित रहेको नै हुन्छ । यस्तो सुरक्षित वैकल्पिक अधिकार रहँदारहँदै तायदाती माग गरेको आदेशउपर निवेदिका असाधारण अधिकार क्षेत्रअन्तर्गत यस अदालत प्रवेश गरेको देखिन्छ र त्यस्तो आदेशउपर परेको प्रस्तुत निवेदनमा निवेदिकाको जिकिरबमोजिम गरिदिने हो भने सुरू जिल्ला अदालतमा चलेको अंश मुद्दाको निर्णयमा प्रत्यक्ष असर पर्न जान्छ। माथिल्लो अदालतले तल्लो अदालतमा विचाराधिन कुनै मुद्दालाई असर पार्ने गरी कुनैपनि आदेश जारी गर्नु उपयुक्त नहुने।

जिल्ला अदालतमा विचाराधीन मुद्दाबाट निवेदिकाको हक हनन् भएको वा हकमा अपूरणीय क्षति पुग्न गएको भनि कहींकतैबाट देखिँदैन। यसरी जिल्ला अदालतबाट निर्णय नै नभई निज निवेदिका नेपालको संविधान २०७२ को धारा १३३(२) को प्रयोग गरी यस अदालतमा प्रवेश गरेको देखिन्छ। उक्त अंश चलन मुद्दामा बुझ्नु पर्ने प्रमाण बुझी सुरू अदालतबाट ठहर निर्णय हुने नै हुँदा हाल उक्त विचाराधीन रहेको मुद्दाको काम कारबाहीमा असर पर्ने गरी यस अदालतबाट रिट जारी गर्न उपयुक्त हुँदैन । प्रस्तुत मुद्दामा वैकल्पिक उपचारको समाप्ती भएको मान्न मिल्ने देखिएन । वैकल्पिक उपचारको बाटो रहेभएको अवस्थामा उक्त संवैधानिक व्यवस्थाअनुसार रिट क्षेत्राधिकार आकर्षित हुने नदेखिने।

अतः उक्त सामान्य क्षेत्राधिकारअन्तर्गत चलिरहेको मुद्दामा हुने फैसलाउपर पुनरावेदन गर्ने हक सुरक्षित नै हुने भई वैकल्पिक उपचारको पर्याप्तता रहेभएको देखिएको हुँदा रिट निवेदनबाट मातहतको

अदालतमा विचाराधीन रहेको मुद्दाको काम कारबाहीमा असर पर्नेगरि रिट जारी गर्नपर्ने अवस्था नदेखिँदा रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः इशा सुवेदी

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७५ साल जेठ २९ गते रोज ३ शुभम्।

६

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७०-WO-०८९८, उत्प्रेषण, *कृष्णबहादुर थापासमेत वि. प्रहरी प्रधान कार्यालय, क.प्र. शाखा, नक्साल काठमाडौंसमेत*

निवेदकहरू प्रहरी पहरा गण नियमावली, २०३८ कार्यान्वयनमा रहेका बखत उक्त नियमावलीको नियम (८) मा उल्लेख भएको उमेर हदको अधीनमा रही ऐ. नियम (७) को देहाय (ख) वा (ग) मा भएको व्यवस्थाबमोजिम "नियुक्ति भएको भए पनि यसरी नियुक्ति भएका कर्मचारीको हकमा समेत निवृत्तिभरण वा उपदानको हकमा सो बखतको प्रचलित प्रहरी नियमावली, २०३३ बमोजिम हुनेछ" भनी उक्त प्रहरी पहरा गण गठन नियमावली, २०३८ को नियम (१४) मा उल्लेख भएको पाइएकोले हाल प्रचलित प्रहरी नियमावली, २०७१ को नियम १३१(१) मा भएको व्यवस्थाअनुसार निज रिट निवेदकहरूको नोकरी सेवा अवधि नपुगेको भन्ने कुरामा विवाद नदेखिने।

प्रहरी पहरा गण गठन नियमावली, २०६४ को नियम (९) मा भएको कानूनी व्यवस्थाअनुसार प्र.स.नि. पदको लागि ५८ वर्षसम्म र प्रहरी हबल्दार तथा प्रहरी जवानको हकमा ५४ वर्षसम्म उमेरको हद हुनेछ भन्ने व्यवस्था रहेको भए तापनि प्रहरी नियमावली, २०७१ जारी हुँदा उक्त प्रहरी पहरा गण गठन नियमावली, २०६४ खारेज गरिएको र सो खारेज भएको नियमावलीबमोजिम भए गरेका काम कारबाही यसै नियमावलीबमोजिम भए गरेको मानिनेछ भन्ने प्रहरी नियमावली, २०७१ को नियम २१२(१) मा भएको कानूनी व्यवस्थाअनुसार रिट निवेदकहरूका हकमा समेत प्रहरी नियमावली, २०७१ लागू हुने भन्ने कुरामा कुनै द्विविधा नरहने।

निवेदकहरू प्रहरी नियमावली, २०७१ को नियम १२७(३) मा "मिति २०४९।११।१५ भन्दा अघि प्रहरी सेवामा नियुक्ति भई उपनियम (१) को खण्ड (क) वा (घ) बमोजिम "अवकाश प्राप्त गर्ने प्रहरी कर्मचारीका हकमा निज नियुक्ति हुँदा बहाल रहेको प्रहरी नियमावलीबमोजिम अवकाश प्राप्त गर्न जति उमेर बाँकी रहेको छ सो अवधि निजले गरेको जम्मा नोकरी अवधिमा थपी निजले पाउने निवृत्तिभरणको हिसाब गरिनेछ" भन्ने व्यवस्था रहेको भए तापनि प्रहरी नियमावली, २०७१ बाट प्रहरी पहरा गण गठन नियमावली, २०६४ खारेज भएको र सोही खारेज भएको नियमावली, २०६४ बाट खारेज भएको प्रहरी पहरा गण गठन नियमावली, २०३८ बमोजिम नियुक्ति भई प्रहरी पहरा गण गठन नियमावली, २०६४ को नियम (९) मा उल्लेख भएबमोजिमको उमेरको हद पुग्न बाँकी रहेका प्रहरी कर्मचारी प्रहरी नियमावली, २०७१ बमोजिमको उमेरको हद पुगी अवकाश प्राप्त गर्ने भएमा साबिक प्रहरी नियमावली २०३३, प्रहरी नियमावली, २०४९ र प्रहरी नियमावली, २०७१ मा व्यवस्था भएबमोजिम प्र.स.नि.को हकमा १८ वर्ष र प्रहरी हवल्दार तथा प्रहरी जवानको हकमा १६ वर्ष नोकरी नपुगे पनि निवृत्तिभरण प्राप्त गर्नसक्ने भनी हालको प्रहरी नियमावली, २०७१ मा कानूनी व्यवस्था रहेको नदेखिने।

यदि प्रहरी किताबखानाले गृह मन्त्रालयको निर्देशन पालना नगरेको हो भने यस्तो अवस्थामा रिट निवेदकहरूले किताबखानालाई विपक्षी बनाउनु पर्नेमा यस रिट निवेदनमा किताबखानालाई विपक्षी बनाएको पनि देखिँदैन। विपक्षी नै नबनाएको पक्षले गरेको काम कारबाहीलाई गैरकानूनी घोषणा गर्ने अधिकार कानूनले दिएको पनि नपाइने।

निवेदकहरूलाई विपक्षीहरूको के कुन निर्णयबाट निवृत्तिभरण उपलब्ध नगराएकोले के कुन निर्णय बदर गरिपाउँ भनी निवेदकहरूले स्पष्ट रूपमा निवेदनमा खुलाउन नसकेको र अवकाश पत्रमा समेत

निवेदन जिकिरबमोजिम निवृत्तिभरण नदिने भनिएको पाइएन । प्रहरी नियमावली मिति २०७१।१।८ देखि लागू भएकोले सो प्रहरी नियमावली, २०७१ को संशोधनअनुसार अवकाश दिइएको र सो अवधिको तलब सुविधासमेत नदिएको भन्ने निवेदकहरूले आफ्नो रिट निवेदनमा जिकिरसमेत लिइएको नपाइने।

अतः विवेचित आधार र प्रमाणबाट प्रहरी कर्मचारीको सेवा अवधि गणना गरी निवृत्तिभरण वा उपदान पाउने वा नपाउने सन्दर्भमा आवश्यक कारबाही प्रहरी किताबखानाबाट हुने र सोको निर्णय गर्ने अधिकार प्रहरी किताबखानालाई रहेभएको देखिँदा प्रहरी किताबखानालाई विपक्षी नबनाएको एवम् निवेदकहरूलाई नियुक्ति हुँदाको बखत कायम रहेको नियमावलीबमोजिमको सेवा सुविधाबाट वञ्चित गरेको भन्नेसमेत नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः हिरा डंगोल

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७४ साल कात्तिक २३ गते रोज ५ शुभम्।

७

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७२-CR-०२१९, मानव बेचबिखन र ओसारपसार तथा जबरजस्ती करणी, *नेपाल सरकार वि. उमर बक्स हुसेन मियाँ*

पीडितको जाहेरी र बकपत्रमा प्रतिवादीहरूले अस्थायी साधन प्रयोग गरी जबरजस्ती करणी गरेकोले परीक्षणमा वीर्य नदेखिएको भन्ने पुनरावेदन जिकिर देखिए तापनि वारदातस्थलबाट त्यस्ता अस्थाई साधन बरामद भएको पाइँदैन र मौकामा मिति २०६६।९।२९ मा जाहेरी दिँदा पीडितले प्रतिवादीहरूले कण्डम प्रयोग गरी जबरजस्ती करणी गरेको भनी लेखाएको अवस्था पनि देखिँदैन । जाहेरीपश्चात् अनुसन्धानका क्रममा प्रहरीमा कागज गर्दा मात्रै उक्त कुरा पीडितले व्यक्त गरेको पाइयो। वारदातकै दिन यी पीडितको शारीरिक परीक्षण भएकोमा करणी भएको कुनै लक्षणसमेत देखिँदैन। एउटै बन्द कोठामा प्रतिवादीहरू र पीडित रहेको आधारमा जबरजस्ती करणी भएको भनी अनुमान गर्न कानूनतः नमिल्ने।

फौजदारी मुद्दामा अभियुक्तले अपराध गरेको हो कि होइन भन्ने तथ्यगत सबुदहरूको आधारमा निर्णय गर्ने कुरा हो, अपराधीलाई बचाइ दिने नियतले स्वयम् पीडितलगायत कसैले बयान दिन सक्ने स्थितिलाई ध्यानमा राखी न्यायकर्ताले निर्णय दिँदा कसैले सफाइ दिने बयान दिँदैमा अभियुक्त निरअपराध ठहर गर्नुपर्ने वा कसैले अभियुक्त विरूद्ध बयान दिँदैमा अपराधी ठहरिनु नै पर्ने भन्न नसकिने।

व्यक्तिको बयानलाई सबुदैको रूपमा मात्र लिन सकिन्छ, तर अकाट्य प्रमाण मान्न सकिँदैन । जबरजस्ती करणी मुद्दामा करणी स्थापित गर्ने विषयमा पीडित तथा अन्य व्यक्तिको भनाइ महत्त्वपूर्ण रहेको हुन्छ । उनीहरूको भनाइ महत्त्वपूर्ण रहँदारहँदै पनि अकाट्य भने हुँदैन। जबरजस्ती करणीका सम्बन्धमा पीडित तथा अन्य व्यक्तिहरूले व्यक्त गरेको कुरालाई पीडित तथा पीडकको शारीरिक परीक्षणलगायतका अन्य प्रमाणले पुष्टि गरेको अवस्थामा प्रमाणमा लिनुपर्ने।

प्रस्तुत मुद्दाको वारदातमा पीडितको जाहेरी दरखास्त र निजको बकपत्रबाट प्रतिवादीहरूले जबरजस्ती करणी गरेका हुन् भन्नेबाहेक अन्य कुनै मिसिल संलग्न प्रमाणबाट जबरजस्ती करणी भएको देखिँदैन । पीडितको स्वास्थ्य परिक्षण प्रतिवेदनमा समेत गुप्ताङ्गमा वीर्य स्खलन नभएको, योनीको झिल्ली च्यातिएको पाइएको तर बाहिरी भागमा करणी भएका लक्षण तथा रौंहरू माडिएको, लिङ्ग प्रवेश गरेको नदेखिएको, पीडितको कट्टु र सुरूवाल एवम् गुप्ताङ्गको स्याम्पल परीक्षण गर्दा पनि शुक्रकीट फेला नपरेको भन्ने उल्लेख भई जबरजस्ती करणी गरेको भनी किटान नगरेको अवस्थामा सोको प्रतिकूल हुनेगरी केवल जाहेरी दरखास्त र पीडितको बकपत्रलाई मात्र आधार मानी जबरजस्ती करणी भएको हो भनी निष्कर्षमा पुग्न नसकिने।

सहअभियुक्त जरिना खातुनले पीडित केटी क३ लाई आफ्नो घरमा ल्याएर राखेको र प्रतिवादीहरू

उक्त वारदातस्थलमा उपस्थित भई विवाहको कुरा चलेको भन्ने प्रतिवादी उमर बक्स हुसेनको अदालतको बयानबाट देखिएको, वारदातमा संलग्न भएको कुरा सहप्रतिवादीमध्येकी जरिना खातुनको बयानबाट खुलेको, घटना विवरणको कागज गर्ने वादीका साक्षी शर्मिला थापाले अदालतमा उपस्थित भई आफूले पीडितलाई भेट्दाको अवस्थामा पीडितका गाला र साप्रामा काटिएको, पीडितको सुरूवालसमेतको कपडा च्यातिएको भनी बकपत्र गरेको अवस्थासमेतबाट पीडित क३ लाई जबरजस्ती करणी गर्ने प्रयास गरिरहेको अवस्थामा प्रतिवादी जरिना बेगम खातुन र निजको पतिको आकस्मिक उपस्थितिको कारणबाट मात्र पीडित क३ लाई प्रतिवादीहरू उमर बक्स हुसेनसमेतले जबरजस्ती करणी गर्न नपाएको मिसिल संलग्न कागजातहरूबाट समर्थित हुन आएको देखियो। तसर्थ प्रतिवादीहरूको उक्त कार्य जबरजस्ती करणीको उद्योग गरेको देखिँदा पुनरावेदक / प्रतिवादी उमर बक्स हुसेनलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(३) को कसुर वारदातमा सोही महलको ५ नं. बमोजिम ३ वर्ष कैद सजाय हुने ठहऱ्याई पुनरावेदन अदालत बागलुङबाट भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः कोशलेश्वर ज्ञवाली

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७४ साल मङसिर २४ गते रोज १ शुभम्।

८

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७२-CR-०८२१, जबरजस्ती करणी, *मानबहादुर थापा वि. नेपाल सरकार*

प्रतिवादी मानबहादुर थापाले पीडित जाहेरवालीलाई जबरजस्ती करणी गरेको तथ्य निजले मौकामा जाहेरवालीलाई करणी गरेको हुँ भनी गरेको साबिती बयान, वारदात स्थलमा पीडितलाई लगी गएको तथ्यलाई स्वीकार गरी अदालतमा गरेको बयान, गाडीमा राखी लगेको र गाडीमा ढोकाहरू लक गरी एकान्त स्थानमा पुऱ्याई हातपातसमेत गरी जबरजस्ती करणी गरेको, सो क्रममा पोते चुडिएको, लुगा च्यात्तिएको, पोतेका दाना छरिएको रूपमा पाउनु लुगा फाटेको हुनु र भाग्दा निधारमा पीडितलाई चोट लागेको भनी पीडितले दिएको जाहेरीलाई समर्थन गरी गरिदिएको बकपत्र, निधारमा निल डाम लागेको भन्ने घाउ जाँच प्रतिवेदन, वारदातस्थलमा मे.१.च.१२५० नं. को भेन गाडी रोकिएको, सो गाडीभित्र चालक मानबहादुर थापा सुतेको अवस्थामा फेला परी नियन्त्रणमा लिई गाडीभित्र पोतेका दानाहरू छरिएको अवस्थामा फेला परी उक्त पोतेका दानाहरू र उक्त भेन गाडीसमेत बरामद गरेको बरामदी मुचुल्कासमेतबाट समर्थित हुन आएको देखिँदा पीडित जाहेरवाली (परिवर्तित नाम) सरिता दाहाललाई प्रतिवादीले जबरजस्ती करणी गरेको पुष्टि हुन आयो । तसर्थ प्रतिवादीलाई अभियोग दाबीबमोजिम मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३ को देहाय ५ बमोजिम ५(पाँच) वर्ष कैद र प्रतिवादीबाट पीडितले रू.६०,०००।- क्षतिपूर्तिसमेत भरी पाउने ठहऱ्याई पुनरावेदन अदालत इलामबाट भएको फैसला मिलेकै देखिने।

मिसिल संलग्न प्रमाण कागजातहरूबाट समेत प्रस्तुत मुद्दामा पीडित र प्रतिवादीबीच अभियोग दाबी गरिएबमोजिमको नाता नभई गाउँका काकाका छोरा र बढाबाबुको छोरी भन्ने नातासम्म खुलेको देखियो। त्यस्तो नाताको सम्बन्धमा हाडनाता करणीको २(१), ३(२), ३(३) नं. भित्रको नाता नभई पीडित र प्रतिवादी सोही नाता सम्बन्ध रहेको बढाबाबुकी छोरी (दिदि भाई) नाताकोसम्म देखिएकोले प्रतिवादीलाई हाडनाता करणीतर्फ हाडनाता करणीको महलको २ नं. को देहाय ४ बमोजिम ६ महिना कैद गरेको पुनरावेदन अदालत इलामबाट भएको फैसला मिलेकै देखिने।

अतः विवेचित आधार र प्रमाणसमेतबाट प्रतिवादी मानबहादुर थापालाई बढाबाबुकी छोरी भन्ने नातासम्म खुलेको अवस्थामा मुलुकी ऐन, हाडनाता करणीको ३ नं. को देहाय २ बमोजिम थप सजाय गर्नुपर्नेमा हाडनाता करणीको २ को (१) बमोजिम ३ वर्ष कैद गरेको हदसम्म सुरू पाँचथर जिल्ला अदालतबाट

मिति २०७१।१।२९ मा भएको फैसला नमिलेको हुँदा केही उल्टी भई हाडनातातर्फ प्रतिवादीलाई थप ६ (छ) महिना मात्र कैद हुने र जबरजस्ती करणीतर्फ अभियोग दाबीबमोजिम जबरजस्ती करणीको महलको ३ को देहाय ५ बमोजिम ५(पाँच) वर्ष कैद र प्रतिवादीबाट पीडितले रू.६०,०००।- क्षतिपूर्तिसमेत भरी पाउने ठहऱ्याई पुनरावेदन अदालत इलामबाट मिति २०७१।११।१८ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः कोशलेश्वर ज्ञवाली

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७४ साल २४ गते गते रोज १ शुभम्।

९

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७३-CR-०४२०, कर्तव्य ज्यान, *जयबहादुर मल्ल वि. नेपाल सरकार*

घटनास्थलबाट बरामद भएको दाउले मृतक श्रीमतीलाई प्रहार गरी घाँटी रेटी मारेको हुँ भनी प्रतिवादीले सनाखतसमेत गरिदिएको देखिन्छ। मिसिल संलग्न मृतक चिन्ता मल्लको तस्वीर हेर्दा निजको घाँटी दर्दनाक रूपमा रेटिएको र गहिरो घाउसमेत देखिन्छ। प्रतिवादीले आफूले हतियार प्रहार गरी श्रीमती चिन्ता मल्ललाई मारेको कुरा स्वीकार गरी कसुरमा साबित हुँदै अदालतसमेतमा बयान गरेको सो बयान जाहेरवाला एवम् घटना विवरणका मानिसहरूले अदालतमा आई समर्थन हुने गरी गरिदिएको बकपत्र, घटनास्थल लास जाँच प्रकृति मुचुल्का, शवपरीक्षण प्रतिवेदनसमेतबाट समर्थित हुन आएको देखिँदा मृतकको मृत्यु प्रतिवादीको कर्तव्यबाट भएको भन्ने पुष्टि हुन आउने।

वारदात हुँदाका अवस्थामा प्रतिवादीले मृतक श्रीमतीलाई ज्यान मार्नुपूर्व विभिन्न कुरा सोची ज्यान मार्ने घटनाक्रमसहितको योजना बनाई हतियार ल्याएको, प्रहार गरेको, प्रहार कति पटक गरेको हो र त्यसको असर के कस्तो रह्यो भन्ने यावत् घटनाक्रमका विवरण सिलसिलेवार तवरले तर्कपूर्ण आधारसहित मौका तथा अदालतमा गरेको बयानमा खुलाएको देखिन्छ। मृतकलाई के कति कारणले मारेको हो त्यो कुराको जरिया खुलाउनु, घटनापछि पक्राउ पर्ने डरले भागी लुकी छिपी बस्नु र श्रीमतीले अन्यत्र जान दिएको सल्लाहको कारण पहिल्याउनु तथा श्रीमती अरूसँग लागी भनी हत्या गर्नु जस्ता कुराले प्रतिवादी मानसिक रोगी नै रहेछ भन्न सकिने कुरा कुनै पनि प्रमाणले समर्थन गरेको देखिँदैन। यी प्रतिवादी ६/७ महिनाअघि मात्र नेपाली सेनाबाट अवकाश भएको देखिन्छ तर मानसिक रोगीबाट अवकाश भएको भन्ने पनि देखिँदैन। यी प्रतिवादीले मानसिक रोगी भएको कारण देउती नर्सिङ होम सुर्खेतको डा. सबिना श्रेष्ठको उपचार टिकटमा उल्लेख गरेबमोजिम औषधी सेवन गरेको भने तापनि उक्त टिकटमा लेखिएको औषधी रक्सी पिउँदा नराम्रो असर नपरोस् भनी दिएको ग्यास्ट्रिकको औषधी भएको भन्ने देखिँदा निजले मानसिक रोगको औषधी सेवन गरेकोसमेत देखिएन। निज प्रतिवादीले आफूले गरेको कामको प्रकृति र परिणाम थाहा पाउने अवस्थाको ठिक व्यक्ति भएको अवस्थामा प्रतिवादीले कसुर गरेको देखिँदा मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्म कैद हुने ठहऱ्याई पुनरावेदन अदालत सुर्खेतबाट भएको फैसला मिलेकै देखिने।

अदालतले अ.बं.१८८ नं. को प्रयोग गरी सजाय घटाउँदा गाम्भीर्यतापूर्वक विचार गर्नुपर्छ। अ.बं.१८८ नं. प्रयोग गरी सजाय घटाउने राय व्यक्त गर्ने सामान्य नियम होइन। यसको प्रयोग अपवाद हो। त्यसैले सजाय घटाउने राय व्यक्त गर्दा विधायिकाले अ.बं.१८८ नं. मा प्रयोग गरेको "इन्साफ गर्ने हाकिमको चित्तले भवितव्य हो कि भन्न हुनेसम्मको शङ्काले" वा "अपराध गरेको अवस्था विचार गर्दा" भन्ने यी दुई वाक्यांशलाई ध्यान दिई न्यायाधीशले यी दुई वाक्यांशलाई समर्थन गर्ने प्रमाणहरू मिसिलमा भएको कुरा र ती प्रमाणको आधारमा आफूले अ.बं.१८८ नं. प्रयोग गरी सजाय घटाउन राय व्यक्त गरेको भन्ने कुरा रायबाट नै स्पष्ट देखाउन सक्नुपर्छ। अ.बं. १८८ नं.

अनुसार सजाय घटाउने भनेको बिनाआधार र कारणको स्वविवेकीय अधिकार होइन । धारिलो हतियार प्रयोग गरी आफ्नो सँगसाथमा रहेकी श्रीमतीको कर्तव्य गरी हत्या गरेको यस्तो जघन्य अपराधमा पुनरावेदकलाई कैद सजायमा Leniency देखाउन पर्ने कुनै कारण हुँदैन । प्रस्तुत मुद्दामा प्रतिवादीले श्रीमतीलाई सुनियोजित रूपमा मार्ने मनसाय गरी धारिलो हतियार दाउले प्रहार गरी मारी वारदातलाई ढाकछोप गर्न आफू फरार भएको अवस्थामा मुलुकी ऐन, अ.बं १८८ नं. बमोजिम घटी सजाय गर्ने गरी जाहेर गरेको पुनरावेदन अदालत सुर्खेतको रायसँग सहमत हुन नसकिने ।

अतः उल्लिखित विवेचित आधार, कारण र प्रमाणसमेतका आधारमा पुनरावेदक / प्रतिवादी जयबहादुर मल्ललाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ नं. को कसुरमा सोही महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहऱ्याई सुरू सुर्खेत जिल्ला अदालतबाट मिति २०७२।३।७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहऱ्याई पुनरावेदन अदालत सुर्खेतबाट मिति २०७३।१।१६ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः कोशलेश्वर ज्ञवाली

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७४ साल मङ्सिर २४ गते रोज १ शुभम् ।

१०

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७३-CR-१२०२, लागु औषध चरेस, *नेपाल सरकार वि. शम्भुप्रसाद बानियाँ*

प्रतिवादी शम्भुप्रसाद बानियाँ आफ्नो गन्तव्यतर्फ जान लागेको गाडीमा भाडा तिरी यात्रा गरेको अवस्थामा संजोगले सोही गाडीमा लागु औषध बरामद भएकै आधारमा मात्र लागु औषध जस्तो गम्भीर प्रकृतिको कसुरमा गाडीमा सवार सबै जनालाई कसुरदार ठहऱ्याउन न्याय र कानूनसङ्गत हुँदैन । निजलाई कसुरदार ठहऱ्याउनको लागि सो लागु औषधका बारेमा निजले जानकारी पाएको र निजको समेत सहमतिले गाडीमा राखी लगेको हुनु अनिवार्य हुन्छ । तर प्रतिवादी शम्भुप्रसाद बानियाँका हकमा त्यस्तो प्रमाणित हुने कुनै प्रमाण कागजात मिसिल संलग्न रहेको देखिँदैन । सो सम्बन्धमा सहअभियुक्तहरूले समेत कहीँकतै यी प्रतिवादीको समेत संलग्नता रहेको छ भनी पोल गरी बयान गरेको देखिँदैन । यस्तो अवस्थामा प्रतिवादीउपर लगाएको कसुर प्रमाणित गर्ने र त्यसको पुष्टि गर्ने प्रमाण वादी नेपाल सरकारले पेस गर्नुपर्नेमा कुनै पनि सबुत प्रमाण पेस गर्न नसकेको अवस्थामा केवल शङ्काको आधारमा मात्र दोषी ठहर गर्न मिल्ने अवस्था देखिँदैन । तसर्थ प्रतिवादी शम्भुप्रसाद बानियाँलाई अभियोग मागदाबीबाट सफाइ पाउने ठहऱ्याई पुनरावेदन अदालत पाटनबाट भएको फैसला मिलेकै देखिने ।

अतः विवेचित आधार कारण र प्रमाणबाट प्रतिवादीमध्येका शम्भुप्रसाद बानियाँको आरोपित कसुरमा संलग्नता रहेको पुष्टि हुने ठोस प्रमाणको अभावमा लागु औषध चरेस बरामद भएको गाडीमा सवार भएकै आधारमा मात्र कसुरदार कायम गरी सजाय गर्ने ठहऱ्याएको हदसम्म सुरू धादिङ जिल्ला अदालतको मिति २०७२।०७।१७ को फैसला मिलेको नदेखिँदा सो हदसम्म केही उल्टी भई निजले सफाइ पाउने ठहऱ्याई पुनरावेदन अदालत पाटनबाट मिति २०७२।१२।७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः कोशलेश्वर ज्ञवाली

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७४ साल मङ्सिर २४ गते रोज १ शुभम् ।

## इजलास नं. ७

१

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री सारदाप्रसाद घिमिरे,** ०७१-CR-००१४, लागु औषध (खैरो हिरोइन), *नेपाल सरकार वि. चन्दन श्रेष्ठसमेत*

अनुसन्धानको क्रममा सहअभियुक्तले लागु औषध कारोबारमा संलग्न रहेको भनी पोले

पनि अदालतमा बयान गर्दा यी प्रतिवादी रिङ्केकुमार विष्टलाई सहअभियुक्तले पोल गरेको देखिएको छैन । यी प्रतिवादीबाट प्रस्तुत मुद्दामा लागु औषध बरामद नभएको र अनुसन्धानमा लागु औषध कारोबारमा संलग्न रहेको भनी पोल गर्ने सहअभियुक्त अदालतमा स्वयम् इन्कार रही यी प्रतिवादी रिङ्केकुमार विष्टलाई पोल गरेको नदेखिएकोले केवल अनुसन्धानको क्रममा गरेको पोलकै आधारमा लागु औषध कारोबार गरेको भनी ठहर गर्नु न्यायसङ्गत देखिन नआउने ।

प्रतिवादी चन्दन श्रेष्ठ र रिङ्केकुमार विष्टको साथबाट लागु औषध खैरो हेरोइन बरामद भएको भन्ने नदेखिएको सहप्रतिवादी बुद्ध गुरूङले मौकामा बयान गर्दा यी दुवै प्रतिवादी चन्दन श्रेष्ठ र रिङ्केकुमार विष्टलाई आरोपित कसुरमा पोलसम्म गरेको आधारमा यी दुई प्रतिवादीहरूले लागु औषध बिक्री वितरण र कारोबार गर्ने गरेको भनी ठहर गर्ने प्रमाणको अभाव देखिने ।

अतः विवेचित आधार एवं कारणहरूबाट प्रतिवादी चन्दन श्रेष्ठ र रिङ्केकुमार विष्टलाई अभियोग माग दाबीबमोजिम सजाय हुनुपर्नेमा मतियार ठहऱ्याई कम सजाय हुने गरी भएको पुनरावेदन अदालत पाटनको फैसला बदर गरी यी प्रतिवादीहरूलाई अभियोग माग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

तसर्थ, प्रत्यर्थी, प्रतिवादी चन्दन श्रेष्ठ र रिङ्केकुमार विष्ट अभियोग दाबीबमोजिम कसुरदार नभई मतियारसरहका देखिँदा निज प्रतिवादीहरूलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१) (छ) (२) ले हुने सजायको ऐ.ऐनको दफा १७ अनुसार जनही ५ वर्ष ६ महिना कैद तथा जनही पचास हजार रूपैयाँ जरिवाना हुने ठहऱ्याई सुरू काठमाडौं जिल्ला अदालतको मिति २०६७।१०।१९ को फैसलालाई सदर गर्ने गरेको पुनरावेदन अदालत पाटनको मिति २०७०।६।१ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : विदुरकुमार उपाध्याय

इति संवत् २०७४ साल असार ११ गते रोज १ शुभम् ।

२

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री सारदाप्रसाद घिमिरे,** ०७१-CR-१४५७, ०७१-CR-११६२, ०७१-CR-१३४१, मानव बेचबिखन तथा ओसारपसार, *नेपाल सरकार वि. लक्ष्मण घिमिरेसमेत, सानुमैया घिमिरे वि. नेपाल सरकार* र *लक्ष्मण घिमिरे वि. नेपाल सरकार*

मानव बेचबिखन तथा ओसारपसारको कसुरमा अभियोग लागेको व्यक्तिले कसुर अपराध गरको छैन भनी जिकिर लिएमा निर्दोषिता पुष्टि गर्ने भार निज प्रतिवादीमा नै रहने भनी मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन, २०६४ को दफा ९ ले गरेको छ । तर यहाँ यी प्रतिवादी लक्ष्मण घिमिरे अदालतको बयानमा कसुरमा इन्कार रहे तापनि आफ्नो इन्कारी बयान अन्य स्वतन्त्र प्रमाणबाट पुष्टि गर्न भने सकेका छैनन् । केवल कोरा इन्कारीबाट प्रमाण सिर्जना हुन नसक्ने हुँदा पीडितलाई ललाई फकाई लगेको भन्ने मौकाको बयान प्रमाणमा लिन मिल्ने देखिन्छ । पीडितलाई निजको घरबाट आफ्नु साथमा लिएर गएको, पीडितलाई भारत पन्जाबसम्म पुऱ्याएको र अन्य व्यक्तिलाई जिम्मा लगाएको भन्ने देखिन्छ । उता पीडितले आफू वेश्यावृत्तिमा संलग्न हुनुपरेको भन्ने निजको बकपत्रबाट देखिन्छ । आफूले आफ्नू साथमा लिएर गएकी पीडितलाई अरूको जिम्मा लगाई पीडितको कुनै खोज खबर केही नगरी आफूहरू नेपाल फर्की आएको देखिएकोले यी प्रतिवादी लक्ष्मण घिमिरेको पीडितलाई बेचबिखन गर्ने कार्यमा प्रत्यक्ष संलग्नता रहेको देखिन आउने ।

अभियोग दाबीको कसुरमा यी प्रतिवादी लक्ष्मण घिमिरेको संलग्नता रहेको भन्ने निजको मौकाको बयान, पीडित तथा जाहेरवालीको बकपत्रसमेतबाट पुष्टि भएको देखिँदा अभियोग दाबीको कसुरमा म र मेरो श्रीमतीको कुनै संलग्नता छैन भन्ने यी प्रतिवादी लक्ष्मण घिमिरेको पुनरावेदन जिकिर एवम् निजका कानून व्यवसायीले गर्नुभएको बहससँग सहमत हुन नसकिने ।

पीडितले अदालतमा बकपत्र गर्दा प्रतिवादी सानुमैया घिमिरेले आफूलाई साइँला र निजको श्रीमती कमला भन्ने सविता राईसँग पठाएको भनी लेखाउन सकेकी छैनन्। तथापि पिरतीलाई घुम्न जाउँ भनी यी प्रतिवादीले पीडितलाई आफूसँगै बिर्तामोड ल्याएकी र केही दिन सँगै बसेको र कमला भन्ने सविता राईले पीडितलाई भारत लाने कुरा गरी लान लाग्दा केही नभनेको, पीडितको घर परिवारलाई त्यस बारेमा खबरसम्म पनि नगरेको अवस्था देखिएकोले यी प्रतिवादी सानुमैया घिमिरेको आरोपित कसुरमा प्रत्यक्ष संलग्नता नदेखिए पनि आफ्नो श्रीमान् लक्ष्मण घिमिरेको साथमै भारत पञ्जाबसँगै पुगेकी पीडितलाई अन्य मानिसको जिम्मा लगाउँदासमेत कुनै किसिमको विरोध नगरी आफ्नो श्रीमान्ले गरेको कार्यमा सहमति जनाएको देखिएको कारणबाट पीडित बिक्री हुन गई बेश्यावृत्तिमा समेत संलग्न हुनु परेको भन्ने देखिन आएबाट यी प्रतिवादी सानुमैया घिमिरेले पीडितलाई बेचबिखन गर्ने कार्यमा मतियारको भूमिका खेलेको निजको आचरणबाट देखिन आएको हुँदा निजले मलाई मतियार मानी कसुर ठहर गर्न मिल्दैन भनी लिएको पुनरावेदन जिकिर एवम् निजका कानून व्यवसायीको बहससँग सहमत हुन नसकिने।

पीडित भनिएकी पिरतीले सुरू अदालतमा गरेको बकपत्र हेर्दा यी प्रतिवादी लक्ष्मण घिमिरे र सानुमैया घिमिरेले पीडित पिरतीलाई वेश्यावृत्तिमा लगाएको भनी बकपत्र बेहोरामा उल्लेख गरेको देखिँदैन । मिसिल संलग्न प्रमाण एवम् तथ्यहरूबाट प्रतिवादी लक्ष्मण घमिरेले पीडितलाई ललाई फकाई पोखरा घुम्न लैजान्छु भनी झुक्याई आफ्नो ससुराली घर हेटौंडाबाट बिर्तामोडसम्म ल्याई डेरा कोठामा राखी पछि साइला भन्ने रत्नकुमार राई र निजको श्रीमती कमला राई भन्ने सविता राईको सहयोगमा बेचबिखनको कार्य गरेको र प्रतिवादी लक्ष्मण घिमिरेकी श्रीमती सानुमैया घिमिरेले श्रीमान् लक्ष्मण घिमिरेले जे जसो भन्छन् सोहीअनुसारको काममा विरोध नजनाएको अवस्थसम्म देखिन आएकोले यी प्रतिवादी सानुमैया घिमिरेको भूमिका मतियारसम्म देखिएको र यी दुवै प्रतिवादी लक्ष्मण घिमिरे र सानुमैया घिमिरेले नै पीडित पिरतीलाई वेश्यावृत्तिमा लगाएको तथ्य पुष्टि हुन आएको देखिँदैन । प्रतिवादी लक्ष्मण घिमिरेको पीडितलाई बेचबिखन गर्ने कार्यमा प्रत्यक्ष संलग्नता देखिएको र प्रतिवादी सानुमैया घिमिरे मतियारको रूपमा देखिएकोले पीडितलाई वेश्यावृत्तिमा लगाएतर्फ सजाय नगरी प्रतिवादी सानुमैया घिमिरेलाई मतियारमा मात्र सजाय गरेको नमिलेको भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ, विवेचना गरिएअनुसार मिसिल संलग्न जाहेरी दरखास्त, प्रतिवादीहरूले मौकामा अधिकारप्राप्त अधिकारी एवम् अदालतमा गरेको बयान, पीडित, जाहेरवाली र बुझिएका मानिसले अदालतमा गरेको बकपत्रसमेतका प्रमाण आधारबाट प्रतिवादी सानुमैया घिमिरे आरोपित कसुरमा प्रत्यक्ष संलग्न रहेको नदेखिँदा निजलाई मतियारसम्म मान्नुपर्नेसम्मको अवस्था देखिँदा निज प्रतिवादी सानुमैया घिमिरेका हकमा मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१)(ज) बमोजिम १० वर्ष कैद र रू. १ लाख जरिवाना हुने र प्रतिवादी लक्ष्मण घिमिरेलाई ऐ. ऐनको दफा १५(१)(क) बमोजिम २० वर्ष कैद र रू.२ लाख रूपैयाँ जरिवाना हुने र प्रतिवादीहरूलाई ऐ.ऐनको दफा १५(२)(ख) बमोजिम थप सजाय गर्न नपर्ने ठहर भएको पुनरावेदन अदालत हेटौंडाको मिति २०७१।९।८ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: विदुरकुमार उपाध्याय

कम्प्युटर: चन्द्रा तिमल्सेना

इति संवत् २०७४ साल असार ११ गते रोज १ शुभम्।

३

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०७१-CR-०१७४, हातहतियार खरखजाना, *नेपाल सरकार वि. बलराम मण्डल धानुकसमेत*

प्रतिवादी विद्यालाल मुखियाको साथबाट हातहतियार खरखजाना बरामद भएको देखिएको छैन। अभियोगपत्रमा बरामद भएको हातहतियार खरखजना यी प्रतिवादी विद्यालालले सहप्रतिवादी बलराम मण्डललाई दिएको भन्ने उल्लेख गरेको देखिन्छ । अनुसन्धानको क्रममा बयान गर्ने सहप्रतिवादी सहदेव मण्डलले अधिकारप्राप्त अधिकारी र सुरू जिल्ला प्रशासन कार्यालयमा बयान गर्दा यी प्रतिवादीलाई पोल गरेको देखिँदैन। अर्का सहप्रतिवादी बलराम मण्डलको अनुसन्धानका क्रममा भएको बयानमा बरामद भएको हातहतियार खरखजना यी प्रतिवादी विद्यालाल को हो भन्ने उल्लेख गरेको देखिए पनि मुद्दा हेर्ने अधिकारीसमक्ष बयान गर्दा यी प्रतिवादीलाई पोल गरी बरामदी हातहतियार खरखजाना यिनै प्रतिवादी विद्यालाल मुखियाको हो भन्ने लेखाउन सकेको देखिँदैन। प्रस्तुत मुद्दाका प्रतिवेदक प्र.ना.नि धनबहादुर राजवंशीले पनि दाबीको कसुरमा यी प्रतिवादीको संलग्नता रहेको भनी उल्लेख गर्न सकेको नदेखिँदा यी प्रतिवादीउपर अभियोग दाबी प्रमाणित हुने ठोस प्रमाणको अभाव हुँदा यी प्रतिवादी विद्यालाल मुखियाले अभियोग दाबीको कसुर गरेको देखिन नआउने।

प्रतिवादी बलराम मण्डलको साथबाट हातहतियार खरखजाना बरामद भएको देखिँदैन। सुरू मुद्दा हेर्ने जिल्ला प्रशासन कार्यालय, सप्तरीमा बयान गर्दा निज आरोपित कसुरमा इन्कार रही बयान गरेको देखिन्छ । सहप्रतिवादी सहदेव मण्डलको मौकामा अधिकारप्राप्त अधिकारीसमक्ष भएको बयानमा बरामद भएको हातहतियार खरखजना यी प्रतिवादी बलराम मण्डलको भएको र सो हातहतियार आफूले बोकेको भनी उल्लेख भएपनि निजले मुद्दा हेर्ने अधिकारीसमक्ष बयान गर्दा सो कुरा उल्लेख गरी यी प्रतिवादी बलराम मण्डललाई पोल गरेको देखिँदैन। सहप्रतिवादी सहदेव मण्डलले अनुसन्धानमा बयान गर्दा यी प्रतिवादी बलराम मण्डलउपर गरेको पोल अन्य प्रमाणबाट समर्थित हुन सकेको नदेखिने।

अवैध हातहतियार बोकेर हिँड्ने व्यक्ति सँगसँगै हिँडेको र साथै पक्राउ परेको भन्ने आधारमा मात्र कसुरदार ठहर गर्न मिल्ने हुँदैन । शङ्काको सुविधा प्रतिवादीले पाउने हुँदा केवल शङ्कायुक्त आधारमा कसुरदार ठहर गर्न नमिल्ने हुँदा यी प्रतिवादी बलराम मण्डल धानुकले अभियोग दाबीको कसुर गरेको प्रमाणित हुन आएको नदेखिने।

कुनै व्यक्तिउपर अभियोग लगाउनु मात्र पर्याप्त हुँदैन । सो कसुर प्रमाणित गर्न शङ्कारहित प्रमाण पनि हुनुपर्छ । प्रमाण ऐन, २०३१ को दफा २५ मा फौजदारी मुद्दामा प्रतिवादीको कसुर प्रमाणित गर्ने भार वादी पक्षको हुने कानूनी व्यवस्था रहेको छ । प्रस्तुत मुद्दाका प्रतिवादी बलराम मण्डल धानुक र विद्यालाल मुखियाउपरको अभियोग दाबी प्रमाणित गर्ने वस्तुनिष्ठ प्रमाण वादी पक्षबाट पेस भएको मिसिल संलग्न प्रमाण कागजबाट नदेखिने।

अतः विवेचित आधार एवम् प्रमाणबाट प्रतिवादी बलराम मण्डल र विद्यालाल मुखियालाई सफाइ दिने ठहर्‍याएको पुनरावेदन अदालत राजविराजको मिति २०७०।२।२९ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: विदुरकुमार उपाध्याय

कम्प्युटर: चन्द्रा तिमल्सेना

इति संवत् २०७४ साल असार ८ गते रोज ५ शुभम्।

४

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७२-CR-०९४०, कर्तव्य ज्यान, *विनोदकुमार माझीसमेत वि. नेपाल सरकार*

प्रतिवादी रेशम माझीको घरबाट खुकुरी तथा रमेश वि.क.को घरबाट फलामको ह्याण्ड नक बरामद भएको र सो ह्याण्ड नक वारदातमा आफूले प्रयोग गरेको हो भनी स्वयम् निज रमेश वि.क.ले सनाखतसमेत गरेको पाइन्छ। मृतक पदम पुनको बायाँ छातीदेखि घाँटीसम्म १ से.मि. चौडाइ भएको ६.५ से.मि. लामो निलडाम, ओठमा २ इन्च लम्बाइ आधा इन्च गहिरो काटिएको घाउ, माथिल्लो दाँत भाँचिएको, टाउकोमा ३ इन्च लम्बाइ आधा इन्च चौडाइ भएको

गहिरो घाउ मुखमा गिजाले ओठ छाडेको भन्ने लास जाँच मुचुल्काबाट देखिन्छ । मृतकका शरीरमा कुटपिटबाट भएका बहुसङ्ख्यक चोटहरू देखिनुले मृतकउपर सामूहिक रूपमा कुटपिट भएको पुष्टि हुन्छ । वारदातको मिति र समयमा पुनरावेदक प्रतिवादीहरूसमेत वारदातस्थलमा मौजुद रहेको देखिन्छ । फलामको ह्याण्ड नक बरामद भएकै छ । यी तथ्य प्रमाणले पुनरावेदक प्रतिवादीहरूले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान समर्थित भएको देखिने ।

वस्तुतः प्रत्यक्ष रूपमा यी पुनरावेदक प्रतिवादीहरूको मृतकलाई मार्नुपर्नेसम्मको रिसइवी र मनसाय रहेको मिसिल प्रमाणबाट देखिँदैन । तर मृतकका शरीरमा परेका घा खतहरू हेर्दा मृतकउपर धारिलो हतियारसमेत प्रयोग भएको देखिन्छ । वारदातस्थलमा मौजुद रही मृतकलाई कुटपिट गर्ने कार्यमा संलग्न यी पुनरावेदकहरूले मृतकलाई धारिलो हतियारसमेतले पटकपटक कुटपिट प्रहार गर्दा मानिस मर्न सक्छ भन्ने कुरा सामान्य समझ भएको जो कोही मानिसले सामान्य रूपमा बुझ्ने र अनुमान गर्ने विषय हो । तसर्थ यी पुनरावेदक प्रतिवादीहरूको मृतकलाई मार्नुपर्नेसम्मको प्रत्यक्ष मनसाय नरहेको देखिए तापनि निजहरू समेत सामूहिक रूपमा कुटपिटमा संलग्न भई मृतकलाई कुटपिट गर्दा प्रयोग भएको हतियारसमेतको अवस्थालाई दृष्टिगत गर्दा मरोस् भन्ने मनसाय राखेर नै कुटपिट गरेको देखिन आएकोले मनसाय तत्त्वको अभाव रहेको भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

मृतक पदम पुनको मृत्यु पुनरावेदक प्रतिवादीहरूसमेतको कुटपिटबाट भएको देखिएको तर कुन प्रतिवादीले छाडेको चोटले मृतकको मृत्यु भएको भन्ने कुरा मिसिल प्रमाणबाट देखिन आउँदैन । यस अवस्थामा ज्यानसम्बन्धीको १३(३) नं. मा भएको उल्लिखित कानूनी व्यवस्थाअनुसार पुनरावेदक प्रतिवादीहरूलाई जनही जन्मकैद हुने ठहऱ्याएको पुनरावेदन अदालतको फैसला मनासिब देखिएकोले वारदातमा संलग्नता नभएकोले सफाइ पाउँ भन्ने निजहरूको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

अपराधीलाई सजाय गर्नुको उद्देश्य अपराधीबाट समाजको सुरक्षा गर्नु, भविष्यमा त्यस प्रकारका अपराध गर्न उन्मुख व्यक्तिलाई हतोत्साहित गराउनु, आफूले गरेको अपराधको प्रायश्चित गराई निजलाई सुधार गरी भोलि कानूनपरायण नागरिक बनाई समाजमा पुनर्स्थापित गर्नु र पीडित पक्षलाई सान्त्वना दिलाउनु हो । त्यसैले अपराधको प्रकृति, वारदात हुँदाको अवस्था र परिस्थिति पीडित पक्षले वारदातमा खेलेको भूमिका, पीडक अर्थात् कसुरदारले अपराध घटेपछि खेलेको भूमिका र घटनाप्रति आफूले गरेको प्रायश्चितसमेतलाई दृष्टिगत गरी अपराध र सजायमा सन्तुलन हुने गरी सजाय दिइनु र हुनुपर्ने ।

अतः प्रतिवादीहरूले मृतकलाई मार्नुपर्नेसम्मको प्रत्यक्ष मनसाय रहेको नदेखिएको, निजहरूको उमेर अवस्था र वारदात हुँदाको अवस्था परिस्थितिलाई मध्यनजर गरी हेर्दा कुटपिटसम्मको कार्य गर्दा घटित भएको प्रस्तुत वारदात भवितव्य हो कि भन्ने आशङ्का देखिएकोले पुनरावेदक प्रतिवादीहरूलाई ऐनबमोजिमको सजाय गर्दा चर्को पर्ने देखिन आउने ।

तसर्थ प्रतिवादीहरू विनोदकुमार माझी, रमेशकुमार वि.क. र गणेशबहादुर वि.क.लाई मुलुकी ऐन, ज्यानसम्बन्धीको १३(३) नं. बमोजिम जन्मकैदको सजाय हुने ठहऱ्याई पुनरावेदन अदालत सुर्खेतबाट भएको मिति २०७२।३।७ को फैसला मिलेको देखिँदा सदर हुने र प्रस्तुत वारदात हुँदाको अवस्था र परिस्थितिलाई दृष्टिगत गर्दा निज प्रतिवादीहरूलाई हदैसम्मको सजाय गर्दा चर्को पर्ने भई न्यायोचितसमेत नहुने हुँदा निजहरूलाई मुलुकी ऐन, अ.बं.१८८ नं. बमोजिम जनही कैद वर्ष १० (दश) हुने ।

इजलास अधिकृतः आनन्दराज पन्त

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७५ साल असार ३१ गते रोज १ शुभम् ।

५

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७२-WO-०३८४, उत्प्रेषण, *राजकुमार ठाकुरसमेत वि. गरूडा नगरपालिका कार्यालय, गरूडा रौतहटसमेत*

स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २१५(१)(ख) बमोजिम गठित पदपूर्ति समितिको सिफारिसमा नियुक्त भई काम काज गरी आएका निवेदकहरूलाई सुनवाइको मौकासमेत नदिई निवेदकहरूलाई काम काजमा नलगाउने र दिई आएको सेवा सुविधासमेत नदिने गरी जानकारी दिने भनी विपक्षी गरूडा नगरपालिका बोर्डको मिति २०७२।६।१८ को निर्णयबाट निवेदकहरूको सिर्जना भएको रोजगारीको हक कुण्ठित हुन गएको देखिएकोले विपक्षी गरूडा नगरपालिका बोर्डको उक्त २०७२।६।१८ को निर्णय र सोको आधारमा निवेदकहरूलाई दिएको जानकारी पत्रसमेत उत्प्रेषणको आदेशद्वारा बदर हुने ठहर्छ।

निवेदकहरूलाई साबिकबमोजिम काम काज गर्न दिई निजहरूले पाउने तलबमान सेवा सुविधा उपलब्ध गराउनु भनी बिपक्षी गरूडा नगरपालिका कार्यालय, गरूडा र ऐ. को कार्यकारी अधिकृतको नाउँमा परमादेश जारी हुने।

इजलास अधिकृत: जयराम श्रेष्ठ

इति संवत् २०७४ साल पुस १८ गते रोज ३ शुभम्।

६

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७३-WO-११८३, उत्प्रेषण / परमादेश, *सुनैनादेवी श्रीवास्तवसमेत वि. नागेश्वर अटो आयल्ससमेत*

आफूले प्राप्त गर्नुपर्ने रकमको सम्बन्धमा नालिस गरेको अवस्थामा दाबी गरेको रकम असुलउपर गर्ने प्रयोजनार्थ ऋणीको हक पुग्ने सम्पत्ति रोक्का राख्ने कार्यलाई अस्वाभाविक भन्ने अवस्था नहुने।

विपक्षी नागेश्वर साह कलवारले चेक अनादर मुद्दा दायर गरी निवेदकहरूको हक पुग्ने जग्गा रोक्काको लागि निवेदन दिएकोमा ती जग्गाहरू NIC Asia बैंकबाट रोक्का रहिरहेको अवस्थामा सो बैंकबाट रोक्का फुकुवा भएपश्चात् विपक्षी नागेश्वर साह कलवारले दाबी गरेको चेक अनादर मुद्दाको रोहमा रोक्का राख्ने आदेश भएको देखिन्छ। NIC Asia बैंकबाट रोक्का रहिरहेको जग्गा सो बैंकको लेना फछ्र्यौट भई फुकुवा भएपछि मात्र यी विपक्षी नागेश्वर साह कलवारले दाबी गरेको चेक अनादर मुद्दामा भएको रोक्का आदेश क्रियाशील हुने हुन्छ। निवेदकहरूले रोक्का नहुनुपर्ने भनी माग गरेको जग्गाहरूबाट विपक्षी नागेश्वर साह कलवारले दाबी गरेको अनादर भएको चेकको रकम भरिभराउ हुन सक्ने नसक्ने विषय सोही चेक अनादर मुद्दाको कारबाहीको रोहमा निरूपण हुने विषय भएकोले NIC Asia बैंकबाट रोक्का भइरहेको जग्गा सो बैंकबाट रोक्का फुकुवा भएमा विपक्षी नागेश्वर साह कलवारको चेक अनादर मुद्दामा रोक्का राख्ने भनी विपक्षी उच्च अदालत पाटन, हेटौंडा इजलासबाट र उच्च अदालत जनकपुर, अस्थायी इजलास वीरगन्जबाट क्रमशः २०७३।३।२ र २०७३।१२।१० मा भएको आदेशमा कुनै कानूनी त्रुटि रहेको नदेखिएकोले निवेदन मागबमोजिम आदेश जारी गर्नुपर्ने नदेखिने।

अतः उल्लिखित आधार कारणहरूबाट निवेदन माग दाबीबमोजिम पर्सा जिल्ला अदालत, उच्च अदालत पाटन, हेटौंडा इजलास तथा उच्च अदालत जनकपुर, अस्थायी इजलास वीरगन्जबाट रोक्का सम्बन्धमा भएका आदेशहरू निवेदन मागबमोजिम उत्प्रेषणको आदेश जारी गरी बदर गरिपाउँ भन्ने प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः मिनबहादुर कुँवर

इति संवत् २०७५ साल भदौ १३ गते रोज ४ शुभम्।

७

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०६८-WO-०८९४, उत्प्रेषण, *डिलबहादुर ढकालसमेत वि. गुठी संस्थान केन्द्रीय कार्यालय, डिल्लीबजारसमेत*

निवेदकले आफ्नो रिट निवेदनमा तालवाराही मन्दिरमा भवनको लागि चाहिने समिधा व्यवस्था गर्न

वि.सं.१८६८ मा टोकबहादुरले लालमोहर प्राप्त गरेको भन्ने बेहोरा उल्लेख गर्नुभएको छ। त्यस्तो तालवाराही मन्दिरको हितको लागि राखिएको गुठीको सम्पत्ति व्यक्ति विशेषका नाउँमा रहन सक्ने हुँदैन। गुठी संस्थान ऐन, २०३३ को दफा १९ ले छुट गुठीको सम्पूर्ण अधिकार गुठी संस्थानमा सरेको हुँदा त्यस्तो गुठियार, रकमी, खान्गीदारको हक समाप्त भइसकेको हुँदा १८६८ को लालमोहरको आधारमा विपक्षी रिट निवेदकको हक स्थापित हुन सक्दैन। ऐनले हक समाप्त गरिसकेकोमा आफ्नो हक छ भनी दाबी गर्न कदापि मिल्दैन। उक्त जग्गामा निवेदकको के कस्तो कानूनी हक रहेको हो रिट निवेदनमा उल्लेख गर्न सकेको छैन। विपक्षीले उल्लिखित जग्गामा घर बनाई बसोबाससमेत रहेको भनी रिट निवेदनमा उल्लेख गरेबाट गुठीको सम्पत्ति व्यक्तिगत रूपमा प्रयोग गरिरहेको बेहोरा रिट निवेदन दाबीबाटै पुष्टि हुने।

तालबाराही गुठी राजगुठीको लगतमा रहेको गुठी भएको हुँदा गुठी संस्थानले गुठी संस्थान ऐन, २०३३ को दफा १६ र १७ ले दिएको अधिकार प्रयोग गरी व्यवस्थापन समिति गठन गरी गुठीको व्यवस्थापन गरी आएको देखिन्छ। विपक्षीले लालमोहरबमोजिम काम गरिआएको भनी दाबी गरे तापनि सोबमोजिमको काम विपक्षीहरूले गरेका छैनन्। विपक्षीहरूले गुठीको सम्पत्ति व्यक्तिगत सम्पत्तिझैं भोगचलन गरेको अवस्था रहेको देखिन्छ। विवादित जग्गा तालबाराही मन्दिरको छानाका लागि खर र भाटा दिने र वार्षिक पूजामा चढ्ने बली सफा गर्न एक भारी दाउरा बुझाउने एक प्रकारको खान्गी जग्गा भएकोमा मन्दिर हाल पक्की बनेको र बलीप्रथा बन्द भएकाले उक्त तिनवटै सामग्री दिन नपर्ने भई विपक्षीहरूले उक्त काम गर्न नपर्ने भई विपक्षीहरूको कुनै दायित्व नरहेको र स्थलगत प्रतिवेदनबाट देखिएको हुँदा नै खान्गी जग्गाको लगतमा नराख्ने गुठी तैनाथी जग्गाको रूपमा लगत राख्ने गरी सञ्चालक समितिबाट निर्णय भएको देखिन्छ। गुठी संस्थान सञ्चालक समितिबाट भएका निर्णय र सोका आधारमा भएका पत्राचार कानूनसम्मत भएको र गुठी संस्थान सञ्चालक समितिको निर्णयसमेतबाट निवेदकको कुनै पनि कानूनी तथा संवैधानिक हक आघात नपरेको हुँदा हकदैयाको अभावमा दायर भएको रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : जयराम श्रेष्ठ

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७४ साल पुस २४ गते रोज २ शुभम्।

८

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०७३-CI-०६३०, घरभाडा दिलाई घरजग्गा खाली गराई पाऊँ, *रूद्रबहादुर मगर वि. खड्ककुमारी सिलवाल*

प्रतिवादी रूद्रबहादुर मगर र अन्य विवादित टहरामा भाडामा बस्ने व्यक्तिहरूले प्रतिवाद गर्दा विवादित टहराहरू गणेशप्रसाद सिलवालको भनी प्रतिवाद गरे पनि स्वयम् गणेशप्रसाद सिलवालको तर्फबाट विवादित टहराहरूमा आफ्नो हक पुग्ने हो भनी दाबी लिएको र हक कायम गराउन सकेको देखिँदैन। यी प्रतिवादीसमेतको अधिकृत वारेसको हैसियतले निज गणेशप्रसादले मुद्दा लडेको आधारमा गणेशप्रसाद सिलवाल मुद्दाको पक्ष कायम हुने अवस्था रहेको देखिँदैन। प्रतिवादीतर्फका विद्वान् अधिवक्ताले मिति २०४१।३।२६ मा भएको कबुलियत सम्झौताउपर चितवन जिल्ला अदालतमा सम्झौताबमोजिम क्षतिपूर्ति रकम दिलाई पाउँ भन्ने मुद्दा हाल विचाराधीन रहेको हुँदा सो मुद्दा जिल्लाबाट किनारा भई आएपछि मात्र यो मुद्दाको निर्णय गर्नुपर्छ भनी व्यक्त गर्नुभएको बहस बुँदा सम्बन्धमा विचार गर्दा प्रस्तुत मुद्दा घर भाडा दिलाई घर खाली गराई पाउँ भन्ने विषयको रहेको र चितवन जिल्ला अदालतमा कारबाहीमा रहेको भनेको मुद्दा क्षतिपूर्तिसम्बन्धी रहेको भन्ने देखिएकोले क्षतिपूर्तिसम्बन्धी मुद्दाको कारबाही नटुङ्गिदैमा प्रस्तुत घरभाडासम्बन्धी मुद्दा किनारा गर्न नमिल्ने भन्ने देखिँदैन। विवादित टहरा कि.नं. ४०१ र ५३५ को जग्गामा भएको भन्ने तथ्य नक्सा मुचुल्काबाट देखिएको छ। ती दुवै कित्ता जग्गा यी वादी खड्गकुमारी

सिलवालको नाउँमा दर्ता रहेको देखिएको छ। एकाको नाउँमा दर्ता रहेको जग्गामा भएको टहरा जग्गा दर्ता नै नभएका गणेशप्रसाद सिलवालबाट भाडामा लिएको भनी प्रतिवादीले लिएको जिकिर कानूनसङ्गत रहेको देखिन नआउने।

अतः उपर्युक्त आधार प्रमाणहरूबाट विवादित घर टहरा प्रतिवादीले खाली गरिदिनु पर्ने गरी भएको सुरू जिल्ला अदालतको फैसलालाई सदर गरी भएको पुनरावेदन अदालत हेटौंडाको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : जयराम श्रेष्ठ

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७५ साल जेठ १ गते रोज ३ शुभम्।

९

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७२-CI-२०१२, माना चामल, *देवेन्द्र स्वार वि. कविताकुमारी खाती*

सुरू कैलाली जिल्ला अदालतले प्रतिवादी देवेन्द्र स्वाँरबाट वादी कविताकुमारी खातीलाई मानाचामल भराइदिने ठहर गरेको हदसम्म उक्त फैसला मिलेको देखिए पनि प्रतिवादीबाट वादीलाई खाना खर्चको लागि दिलाएको रू.५,०००।- (पाँच हजार) रकमले कुनै पेसा व्यवसाय नभएकी काठमाडौंमा डेरा गरी बसी उच्च शिक्षा हासिल गर्न पढिरहेकी वादीलाई निजको खाना लगाउन शिक्षा, स्वास्थ्य उपचारसमेतको लागि चाहिने न्यूनतम खर्च रू.५,०००।- ले पुग्न सक्ने अवस्था नदेखिने।

अंश पाउने ठहरी भएको फैसला अन्तिम भइसकेपछि पनि अंश पाउन फैसला कार्यान्वयनको छुट्टै कानूनी प्रक्रिया अवलम्बन गर्नुपर्ने हुन्छ । अंश मुद्दाबाट वा सम्बन्ध विच्छेद मुद्दाबाट अंश पाउने ठहर भएको फैसलाबमोजिम बन्डा छुट्याउने कार्य भई चलन पुर्जी प्राप्त नगरेसम्म अंश प्राप्त गर्ने पक्षले अंशको सम्पत्ति भोगचलन गर्न पाउने अवस्था हुँदैन । यसरी एकासगोलमा बस्न नसकी पत्नीले पतिउपर अंशसहित सम्बन्धविच्छेद मुद्दा दायर गरेको अवस्थामा पत्नीले अंशको चलन नपाउन्जेलसम्म अथवा पतिपत्नीका बीच बेमेल भई पतिपत्नी अलग बसेमा पत्नीलाई पतिले अंशबन्डाको १० नं. लोग्ने स्वास्नीको ४क, ४ख र ४ग नं. अनुसार आर्थिक हैसियत एवम् आयस्रोतको आधारमा खाना, लाउन, शिक्षा दीक्षा, औषधोपचारको व्यवस्था गर्नुपर्ने।

पुनरावेदक प्रतिवादी देवन्द्र स्वारको पारिवारिक आर्थिक हैसियतको अतिरिक्त निज सुदूरपश्चिम डिभिजन सडक कार्यालयमा कार्यरत कर्मचारी रहेको देखिएको र निजको मासिक परिश्रमिक रू.१८,८००।– रहेको र यी प्रत्यर्थी वादी कविताकुमारी अध्ययनरत विद्यार्थी रहेको भन्ने देखिन आएकोले प्रत्यर्थी वादीलाई माना चामल स्वरूप मासिक रू.९,४००।– भराइदिने ठहर गरेको पुनरावेदन अदालत दिपायलको फैसला अन्यथा देखिन नआउने।

तसर्थ, प्रत्यर्थी वादी कविता कुमारी खातीलाई मासिक रू. ५,०००।– (पाँच हजार रूपैयाँ) प्रतिवादीबाट मानाचामल भराई दिलाई दिने गरी भएको सुरू फैसला केही उल्टी गरी मासिक रू.९,४००।– (नौ हजार चार सय रूपैयाँ) अंश प्राप्त गरी सोको चलन नपाउँदाको समयसम्म वादीले प्रतिवादीबाट भराई लिन पाउने ठहऱ्याएको पुनरावेदन अदालत दिपायल, डोटीको मिति २०७२।८।१४ को फैसला सदर हुने।

इजलास अधिकृतः सरिता रिजाल

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७५ साल साउन ३० गते रोज ४ शुभम्।

१०

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७३-WO-०३२२, उत्प्रेषण / परमादेश, *राजेन्द्र प्रधान वि. एन.आई.सी. एसिया बैंक लि. समेत*

प्रत्यर्थी बैंकले पटकपटक धितोको मूल्याङ्कन गर्दासमेत निवेदक पुमरी इन्जिनियरिङ सर्भिस प्रा.लि.ले गरेको मूल्याङ्कनको दुई तिहाई मूल्यभन्दा कम भएको र पटकपटक सूचना प्रकाशित गर्दासमेत ऋणीले कर्जा चुक्ता नगरेको हुनाले बैंकले

विभिन्न मितिमा राष्ट्रिय दैनिक पत्रिकामा ऋण चुक्ता गर्न तथा धितो लिलाम बिक्रीसम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरेको र सो समयमा समेत ऋणी कम्पनीले कर्जा चुक्ता नगरेको तथा धितो सम्पत्ति खरिद गर्नका लागि बैंकबाट धितो मूल्याङ्कन गराएको रकमभन्दा कम मात्रको बोलपत्र प्राप्त भएकोले सो बोलपत्रसमेत बैंकले अस्वीकृत गरी प्रचलित कानूनबमोजिम धितो सम्पत्ति गैरबैंकिङ सम्पत्तिको रूपमा बैंक आफैंले सकार गर्ने प्रयोजनको लागि मिति २०७१।८।२४ मा स्थानीय निकायको प्रतिनिधिसमेतको रोहबरमा पञ्चकृते मूल्याङ्कन गरी उक्त धितोमा रहेको सम्पत्तिको पञ्चकृते मूल्य रू.८९,००,०००।– कायम भएको देखियो। जुन निवेदक कम्पनीले गरेको मूल्याङ्कनको दुई तिहाइभन्दा कम रहेको देखिने।

प्रत्यर्थी बैंकले ऋणीलाई यथेस्ट समय प्रदान गर्दासमेत कर्जा चुक्ता भुक्तान नभएको र उपयुक्त बोलपत्रसमेत प्राप्त नभएको स्थितिमा प्रचलित कानूनबमोजिम उक्त धितोको पञ्चकृते मूल्याङ्कन गरी कायम भएको मूल्य रू.८९,००,०००।– मा बैंकले गैरबैंकिङ सम्पत्तिको रूपमा सकार गरेको र तत्पश्चात्समेत उक्त सम्पत्ति बिक्री गर्ने अभिप्रायले तथा बैंकको गैरबैंकिङ सम्पत्ति नीतिबमोजिम उक्त सम्पत्ति डिजाइन एण्ड डेभलपर्स इन्जिनियर्स कन्सल्टेन्सी एण्ड रिसर्च सेन्टर प्रा.लि. मार्फत मूल्याङ्कन गराउँदा मूल्याङ्कनकर्ताको मिति २०७२।८।८ को मूल्याङ्कन प्रतिवेदनमार्फत उपर्युक्त धितो घरजग्गाको फेयर मार्केट मूल्य रू.१,१७,०८,०००।– कायम भएको देखिएकोले नेपाल राष्ट्र बैंकको निर्देशनको अधीनमा रही निवेदक कम्पनीलाई कालोसूचीमा समावेश गर्नुपर्ने देखिई नेपाल राष्ट्र बैंकको एकीकृत निर्देशनको इ.प्रा.निर्देशन नं.१२।०७२ मा भएको व्यवस्थाबमोजिम बैंकको मिति २०७२।१०।२९ को पत्रबाट निवेदक कम्पनीलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गर्ने सम्बन्धमा ३५ दिनको सूचना दिइएको र निवेदकले दिएको स्पष्टीकरण बैंकलाई चित्त बुझ्दो नभएको तथा सो समयावधिसम्म पनि ऋणीले कर्जा चुक्ता गरेको नदेखिएको हुनाले नेपाल राष्ट्र बैंकको निर्देशनको अधीनमा रही निवेदकलाई जानकारी पत्र दिएको ३५ दिनपछि मात्र बैंकको मिति २०७२।१२।१४ को सिफारिस पत्रबमोजिम कर्जा सूचना केन्द्रले मिति २०७२।१२।२९ मा कालोसूची नं. ५४८९ बाट निवेदकको नाम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गरेको र निवेदकलाई कालोसूचीमा समावेश गरिएको जानकारी बैंकको मिति २०७३।४।११ को पत्रबाट दिएको देखिएकोले सो कार्यलाई कानूनसम्मत भएको होइन भनी मान्न नमिल्ने।

तसर्थ, नेपाल राष्ट्र बैंकको एकीकृत निर्देशनको इ.प्रा.निर्देशन नं.१२।०७२ को बुँदा नं.७(३) बमोजिम ऋणीको सम्पूर्ण कर्जा चुक्ता भएको अवस्थामा ऋणीसरह धितो मूल्याङ्कनकर्तालाई कालोसूचीबाट हटाउन सक्ने प्रावधान रहेको देखिएकोले प्रत्यर्थीहरूले निवेदकलाई कालोसूचीमा समावेश गरेको कार्य र निर्णय कानूनसम्मत रहेको देखिएकोले प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: नारदप्रसाद भट्टराई

कम्प्युटर: विनोदकुमार बानियाँ

इति संवत् २०७५ साल भदौ ३१ गते रोज १ शुभम्।

११

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या. श्री बमकुमार श्रेष्ठ,** ०७५-WH-००३०, बन्दीप्रत्यक्षीकरण, *अन्जु अर्याल वि. महानगरीय प्रहरी प्रभाग कालिमाटी, काठमाडौंसमेत*

थुनुवा राजेन्द्रकुमार बस्नेतका उपर जाहेरी दरखास्त दिने जाहेरवाला उद्धव सापकोटाले धादिङ जिल्ला अदालतमा लेनदेन मुद्दाको फिरादपत्र दायर गरी सो अदालतबाट मिति २०७४।१२।१ मा जाहेरवाला उद्धव सापकोटाले यी थुनामा रहेका राजेन्द्रकुमार बस्नेतबाट सावाँ ब्याज भरी पाउने ठहर भएको फैसलाको प्रतिलिपिसमेतबाट देखिएकोले यी राजेन्द्रकुमार बस्नेतलाई हिरासतमा नै राखी अनुसन्धान गर्नुपर्नेसम्मको अवस्था तत्काल देखिन नआउने।

नेपालको संविधान र अन्य प्रचलित कानूनहरूद्वारा प्रत्याभूत गरिएको मानिसको मौलिक तथा कानूनी हकको संरक्षण गर्ने दायित्व भएको राज्यको अङ्गले नागरिकको मौलिक हकमा बन्देज गर्नुपर्दा संवेदनशील हुनुपर्नेमा कुनै आधार प्रमाणबिना यी थुनुवा राजेन्द्रकुमार बस्नेतलाई पक्राउ गरी प्रहरी हिरासतमा नै राखी अनुसन्धान गर्नुपर्नेसम्मको उचित आधार र कारण खुलाउन सकेको नदेखिनुको साथै उल्लिखित ठगी तथा संगठित अपराध मुद्दामा म्याद थप गरी थुनामा राखी मुद्दामा अनुसन्धान गरेको कार्यको औचित्यसमेत पुष्टि गर्न सकेको देखिन नआउने।

तसर्थ, थुनामा रहेका निज राजेन्द्रकुमार बस्नेतलाई अन्य मुद्दामा थुनामा राख्नु नपर्ने भए यस मुद्दामा थुनाबाट आजै मुक्त गरिदिनु भनी विपक्षीहरूको नाममा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने।

इजलास अधिकृत: नारदप्रसाद भट्टराई

कम्प्युटर: विनोदकुमार बानियाँ

इति संवत् २०७५ साल असोज १ गते रोज २ शुभम्।

## इजलास नं. ८

१

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री हरिकृष्ण कार्की,** ०७०-CR-०१४७, ज्यान मार्ने उद्योग, *नेपाल सरकार वि. अशोक लामा*

पीडित ज्ञानबहादुर जोशीको घाउजाँच (केश) फारामबाट निजको टाउकोमा ४ वटा चोट तथा दायाँबायाँ कुममा १/१ वटा चोट रहेको पाइन्छ । ज्यानसम्बन्धी महलको १५ नं. बमोजिम ज्यान मार्ने मनसायले गोली चलाउने वा बम हान्ने वा घातक हतियारले काट्ने वा मार्नका लागि अरू जुनसुकै कुराको उद्योग गरी मर्नेसम्मको काम गरेकोमा कुनै कारणले ज्यान मर्न पाएको रहेनछ भने त्यस्तो काम गर्ने र गर्न लगाउने तथा सो ठाउमा गई वचन दिने वा मद्दत गर्ने व्यक्ति ज्यान मार्ने उद्योगको कसुरदार हुन्छ भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ। यस सन्दर्भमा विचार गर्दा प्रस्तुत घटनामा पीडित जाहेरवालाको घाउकेश फारामबाट मर्नेसम्मको चोट पटक लागी घाइते भएको देखिएन । अन्य कुनै कारणले वा निजलाई मार्ने मनसायबाट नभई पीडितसँग धनमाल खोस्ने मनसायले प्रतिवादीले कुटपिट गरेको देखिन्छ। ज्यानसम्बन्धीको १५ नं. को कसुर स्थपित हुन तेस्रो पक्षको हस्तक्षेप अनिवार्य तत्त्वका रूपमा रहन्छ । तर प्रस्तुत मुद्दामा तेस्रोपक्षको हस्तक्षेपका कारण पीडितको ज्यान मर्न नपाएको भन्ने कुरा मिसिल कागजहरूबाट नदेखिने।

प्रतिवादीले पीडितको साथमा रहेको धनमाल लुट्ने उद्देश्यले बसमा यात्रा गरी पीडितउपर गरेको कुटपिटलाई ज्यानसम्बन्धी महलको १५ नं. बमोजिमको घट्ना वारदात भयो भनी मान्न मिल्ने नदेखिँदा घटना वारदातसमेतलाई विचार गरी उक्त घटना सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २७ अनुसार कुटपिटमा परिणत गर्ने गरी भएको पुनरावेदन अदालतको फैसला मनासिब नै देखिने।

प्रतिवादीले अदालतमा बयान गर्दा कसुरमा इन्कार रहे पनि मौकामा अनुसन्धान अधिकारीसमक्ष बयान कागज गर्दा आकाश लामासमेतको मत सल्लाहमा माइक्रोबसका यात्रु लुट्ने योजनाबमोजिम छुरीसमेत लिई जोरपाटी कलंकी रूटमा चल्ने माइक्रोबसमा चढी सो बसमा यात्रा गर्ने पीडितहरूसँग रकम तथा धनमाल भएको थाहा पाई कुटपिट गरी नगद, मोबाइल तथा सिक्रीसमेतको धनमाल लुटी बाँडी लिई बसेको अवस्थामा पर्सिपल्ट पक्राउ परेको भनी कुटपिट गरी रकमसमेत लिएको तथ्यलाई स्वीकार गरेको अवस्था देखिने।

पीडित ज्ञानबहादुर जोशीले प्रतिवादी अशोक लामालाई चिनी यिनै प्रतिवादीसमेतले घटना वारदात गरेको भनी सनाखत गरी, निज प्रतिवादीसँग बरामद भएको मोबाइल लुटिएकै मोबाइल हो भनी सनाखत पनि गरिदिएको अवस्था देखिने।

सङ्कलित मिसिल संलग्न प्रमाणहरूबाट निजले जबरजस्ती चोरी गरेको स्थापित भएको अवस्थामा कसुर ठहर गरेको हदसम्म पुनरावेदन

अदालतको फैसला मनासिब देखिन्छ । तर सजायको हकमा विचार गर्दा चोरीको १४ (२) नं. मा चोरीको १२ नं. ले साधारण चोरीमा पहिलो पटकको लागि १ महिना कैद गर्ने व्यवस्था रहेको र १४ (२) नं. मा जबरजस्ती चोरी गर्नेलाइ डेढो बढाई सजाय गर्ने व्यवस्था रही जरिवानाबापत समेत कैद गर्नुपर्ने स्पष्ट कानूनी व्यवस्था रहेकोमा बिगो रू.७०००।– कायम गरी रू.७०००।– मात्र जरिवाना गरेको हदसम्म नमिलेको देखिँदा रू.७०००।- मा डेढो बढाई सजाय गर्ने व्यवस्था अनुरूप बिगो रू.७०००।– को डेढो रू.१०,५००।- जरिवाना र १$^{1}/_{2}$ महिना कैद गरी जरिवानाबापत समेत कैद हुने हुँदा रू.१०,५००।– लाई पनि कैदमा परिणत गर्नुपर्ने देखिँदा सो हदसम्म पुनरावेदन अदालतको फैसला मिलेको नदेखिने ।

अतः ज्यान मार्ने उद्योगतर्फको दाबीलाई कुटपिटतर्फ परिणत गर्ने तथा प्रतिवादीले मुलुकी ऐन, चोरीको महलको ४ नं.को कसुर गरेको ठहऱ्याई रू.७०००।- बिगो कायम गरी बिगो भराई बिगोबमोजिम रू.७०००।- जरिवाना हुने ठहर्छ भनी जिल्ला अदालतबाट भएको मिति २०६५।८।१५ को फैसला चोरीको ४ नं. बमोजिमको कसुर ठहर गरेको र ज्यान मार्ने उघोग र डाँका नठहर्ने भनी भएको पुनरावेदन अदालतको मिति २०६८।८।८ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । ज्यानसम्बन्धी उद्योग र डाँकामा नै सजाय हुनुपर्दछ भन्ने नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्दैन । चोरीको महलको १४(२) नं. बमोजिम ऐ. को १२ नं. ले पहिलो पटकको जबरजस्ती चोरीमा हुने सजाय १ महिना कैदको डेढो १$^{1}/_{2}$ महिना कैद गरी सोही नं. बमोजिम बिगो रू.७०००।– को डेढो रू.१०५००।– जरिवाना र जरिवानाबापत समेत कैद गर्नुपर्नेमा रू.७०००।- मात्र जरिवाना गरी कैद तथा जरिवानाबापत कैद गर्नेतर्फ नबोली भएको फैसला सो हदसम्मको उल्टी भई प्रतिवादीलाई सजायबापत १$^{1}/_{2}$ महिना कैद र बिगोको डेढी जरिवाना भएको रू.१०५००।– जरिवाना गरी सोबापत समेत कैद हुने ।

इजलास अधिकृतः जगदीशप्रसाद भट्ट

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७४ साल असार २१ रोज ४ शुभम् ।

२

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री पुरूषोत्तम भण्डारी**, ०६६-CR-००९९ र ०६६-CR-०२६१, डाँका, *अमिन मिया वि. नेपाल सरकार* र *ताविल अन्सारी वि. नेपाल सरकार*

प्रस्तुत मुद्दामा सुरू सुनसरी जिल्ला अदालतले प्रतिवादीद्वय अमिन मिया र ताबिल अन्सारीलाई अभियोग दाबीबाट सफाइ दिने गरी भएको फैसलाउपर वादी नेपाल सरकारको पुनरावेदन अदालत विराटनगरसमक्ष पुनरावेदन परेको र पुनरावेदन अदालतले सुरूको फैसला उल्टी हुने ठहऱ्याई प्रतिवादीहरूलाई ६ वर्ष कैद तथा निजहरूबाट १ लाख क्षतिपूर्तिसमेत भराइ दिने गरी फैसला गरेकोसमेत देखिने ।

फैसला गर्दा उल्लिखित मुलुकी ऐन, अ.बं.२०२ नं. बमोजिम प्रत्यर्थी झिकाई निज प्रतिवादीहरूलाई समेत राखी फैसला गर्नुपर्ने भन्ने कार्यविधिको अवलम्बन गरेको मिसिलबाट नदेखिने ।

न्याय निरूपणका सन्दर्भमा प्राकृतिक न्यायको सिद्धान्त परिपालन नगरी कानूनी प्रक्रियालाई समेत उपेक्षा गरी निर्णयमा पुग्नु कानूनसङ्गत हुन सक्दैन । प्राकृतिक न्यायको सिद्धान्तभित्र दुवै पक्षको कुरा सुन्नुपर्ने भन्ने सिद्धान्तको परिपालना अनिवार्य मानिन्छ । सुरू तहबाट सफाइ पाएको पक्षका हकमा पुनरावेदन तहमा फैसला उल्टी हुने अवस्था आएमा पुनरावेदन तहमा उपस्थित भई आफ्नो सफाइमा प्रमाण पेस गर्ने र आफ्नो भनाइ कानून व्यवसायीमार्फत समेत राख्न पाउने हकको प्रत्याभूति नेपालको संविधानको स्वच्छ सुनुवाइको हकअन्तर्गत गरिएको तथा मुलुकी ऐन, अ.बं.२०२ नं. समेतले सो अधिकार मुद्दाका पक्षहरूलाई प्रदान गरिरहेको देखिन्छ । यो

व्यवस्था कार्यविधि कानूनअन्तर्गतको रहेपनि यसको परिपालनाको अभावमा पक्षको स्वच्छ सुनुवाइको हक तथा आफू विरूद्धको कसुरमा आफ्नो कुरा राख्न पाउने सारभूत अधिकारको हनन हुन जाने देखिँदा उक्त कानूनी व्यवस्थाको अवलम्बन बिना सुरूको फैसला उल्टी भई पुनरावेदक प्रतिवादीहरू अमिन मिया र ताबिल अन्सारीलाई कसुर अभियोगमा दोषी ठहर गरी भएको पुनरावेदन अदालत विराटनगरको मिति २०६४।१०।१७ को फैसलामा कार्यविधिगत त्रुटि रहेको देखिँदा उक्त फैसला बदर हुने ठहर्छ। अब प्रस्तुत मुद्दामा जे जो बुझ्नुपर्ने हो बुझी कानूनबमोजिमको सम्पूर्ण कार्यविधि पूरा गरी पुन: इन्साफ गर्नु भनी सुरू मिसिलसहितको पुनरावेदन अदालतको मिसिल पुनरावेदन अदालत विराटनगरमा फिर्ता पठाइ दिने।

इजलास अधिकृतः जगदीशप्रसाद भट्ट

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७४ साल माघ २२ गते रोज २ शुभम्।

## इजलास नं. ९

१

**मा.न्या.श्री मीरा खडका र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** ०६९-CI-१६०२, जग्गा खिचोला चलन, *प्रकाश साह तेली वि. गोविन्दप्रसाद साह*

तत्काल बहाल रहेको न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१) को खण्ड (ग) ले बिगो रू. पचास हजार भएको मुद्दामा मात्र पुनरावेदन अदालतले पुनरावेदनको रोहमा निर्णय गर्दा केही वा पूरै उल्टी भएको मुद्दामा मात्र सर्वोच्च अदालतमा पुनरावेदन लाग्न सक्ने कानूनी व्यवस्था गरेकोमा ७५००।– बिगो भएको प्रस्तुत मुद्दामा मोरङ जिल्ला अदालतको फैसला केही उल्टी हुने ठहऱ्याई पुनरावेदन अदालत विराटनगरले गरेको फैसलाउपर यस अदालतमा पुनरावेदन नै लाग्न सक्ने नदेखिने।

अतः आफ्नो पुनरावेदन सुन्ने क्षेत्राधिकारभित्र नपर्ने प्रस्तुत पुनरावेदन पत्रको औचित्यभित्र प्रवेश गरी पुनरावेदन अदालत विराटनगरको फैसला मिलेको छ छैन भन्नेतर्फ विचार गर्नुपर्ने अवस्था नदेखिँदा प्रस्तुत पुनरावेदनपत्र खारेज हुने।

इजलास अधिकृतः हरिकृष्ण श्रेष्ठ

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७४ साल माघ २२ गते रोज २ शुभम्।

२

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७१-CR-१२१०, मानव बेचबिखन तथा ओसारपसार, *नेपाल सरकार वि. विमला तामाङ*

प्रतिवादी विमला तामाङ पीडितसँगै विदेश भारतसम्म पुगेको नदेखिएबाट पीडितलाई बेचबिखन गर्दाका अवस्थासम्मको कार्यमा निजको प्रत्यक्ष संलग्नता रहेको देखिन नआई नेपाल सरहद भित्रैको काठमाडौंबाट हेटौंडासम्म पीडितलाई पुऱ्याउने कार्यमा निजको संलग्नता रहेको देखिन्छ। पीडितलाई विदेश भारतको दिल्लीसम्म पुऱ्याई बेचबिखन गर्ने कार्यमा मोक्तान नाम गरेका अन्य व्यक्ति पीडितका साथमा गएको भनी पीडितको जाहेरी बेहोरा, निजले मौकामा गरेको बयान तथा प्रतिवादीले मौकामा गरेको बयान बेहोराबाट देखिएको हुँदा पीडितलाई बेचबिखन गर्न लैजाने उक्त कार्यमा यी प्रतिवादीले सहयोग पुऱ्याई पीडितको बेचबिखन भए गरेको भन्ने नै देखिन आउने।

मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१) (ज) मा "मानव बेचबिखन वा ओसारपसारको कसुर गर्न दुरूत्साहन, षड्यन्त्र वा उद्योग गर्नेलाई वा सो कसुरको मतियारलाई सो कसुर गर्दा हुने सजायको आधा सजाय हुन्छ" भन्ने कानूनी व्यवस्था रहेको हुँदा यी प्रतिवादी उक्त कसुरको मतियारका रूपमा रहेको पुष्टि हुन आई निजलाई १० वर्ष कैद र ५०,०००।- रूपैयाँ जरिवाना हुने ठहऱ्याएको सुरू अदालतको फैसलालाई सदर गरेको पुनरावेदन अदालत पाटनको फैसला मिलेकै देखिन आएको हुँदा अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने पुनरावेदक वादी नेपाल सरकारको

पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

तसर्थ उपर्युक्त विवेचित आधार प्रमाणहरूबाट निज प्रतिवादी विमला तामाङलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४(२) बमोजिमको कसुरमा सोही ऐनको दफा १५(१)(ज) बमोजिम १० वर्ष कैद र रू.५०,०००।- जरिवाना तथा ऐ.को दफा १७ बमोजिम रू.२५,०००।- पीडितलाई क्षतिपूर्तिसमेत भराई दिनुपर्ने ठहर गरेको सुरू काठमाडौं जिल्ला अदालतको मिति २०७०।३।२६ को फैसलालाई सदर हुने ठहऱ्याएको पुनरावेदन अदालत पाटनको मिति २०७१।०५।१० को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : सुरथप्रसाद तिमल्सेना

कम्प्युटरः हर्कमाया राई

इति संवत् २०७४ साल जेठ १४ गते रोज १ शुभम् ।

३

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७१-CR-१४१२, गौ वध, *ताराबहादुर राई वि. नेपाल सरकार*

प्रतिवादीले उक्त गाई, बाच्छीको कुनै उपकार गर्दा गाई बाच्छीलाई ढुङ्गाले लाग्न गएको वा अन्य केही कुरा गर्दा अकस्मात रूपमा उक्त गाई र बाच्छीलाई लाग्न गएको भन्ने निजको बयान बेहोराको कथनबाट समेत देखिँदैन । गोठघरमा बाँधी राखिएको गाईले ठूलो ठूलो श्वास फेरी हान्न खोजेको कारणले आफूले उक्त गाईलाई ढुङ्गाले टाउकोमा प्रहार गरेको भनी प्रतिवादीले गरेको बयान बेहोराको कथनबाट नै उक्त गाई र बाच्छीलाई आफूले सामान्य रूपले ढुङ्गाले प्रहार गरेको अवस्थामा टाउकोमा लाग्न गएको भन्नेसमेत देखिएन । उक्त गाई र बाच्छीलाई दुवै सिङको बीच टाउकोमा २/४ पटक हिर्काएको भनी अदालतसमक्षको बयान बेहोरामा नै उल्लेख गरेको देखिएको छ । Death due to fracture injury of brain, and haeammorage र Death due to fracture, head injury and brain damage मृतक गाई र बाच्छीको पोस्टमार्टम रिपोर्टबाट देखिएबाट समेत गाईको संवेदनशील अङ्गको रूपमा रहेको टाउकोमै ढुङ्गाले जानी जानी हिर्काएको कारण उक्त गाई र बाच्छीको मृत्यु भएको देखिएको छ । यस्तो स्थितिमा आफूले उक्त गाई र बाच्छीलाई मारौं भन्ने नियतले मारेको नभई भवितव्यबाट उक्त गाई र बाच्छीको मृत्यु हुन गएको भन्ने यी प्रतिवादीको पुनरावेदन जिकिर कहीँकतैबाट पुष्टि प्रमाणित हुन सकेको नदेखिएबाट यी प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

तसर्थ, यी प्रतिवादीले गाईको संवेदनशील अङ्ग टाउकोमै ढुङ्गाले जानी जानी हिर्काएको कारण उक्त गाई र बाच्छीको मृत्यु भएको देखिन आएबाट निज प्रतिवादी सुजन भन्ने ताराबहादुर राईलाई मुलुकी ऐन, चौपायाको महलको १ नं.को कसुर ऐ.महलको ११ नं. बमोजिम बाह्र वर्ष कैद हुने भनी सुरू इलाम जिल्ला अदालतको मिति २०७१।३।३१ को फैसलालाई सदर गरेको पुनरावेदन अदालत इलामको मिति २०७१।११।१९ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः सुरथप्रसाद तिमल्सेना

कम्प्युटरः मन्जिता ढुंगाना

इति संवत् २०७४ साल जेठ १४ गते रोज १ शुभम् ।

४

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७२-CI-१६७५, उत्प्रेषण, *शुभनारायण प्रसाद यादवसमेत वि. पर्सा जिल्ला अदालत, वीरगन्ज*

पुनरावेदकहरूको नाउँको तामेली म्याद हेर्दा पुनरावेदकहरूमध्येका पवनकुमार गुप्ता तथा शुभनारायण यादवको नाउँको म्याद निजहरूको ठेगाना पर्सा अलौ गा.वि.स. वडा नं.८ मा निजहरू तथा निजहरूको उमेर पुगेका एकाघरका सदस्यसमेत फेला नपरेको भनी निजहरूको घर दैलोमा सोही वडाका २ जना स्थानीय व्यक्तिसमेतलाई साक्षी राखी गा.वि.स.का प्रतिनिधिको रोहवरमा मिति २०६६।११।४ मा म्याद तामेल भएको देखिन्छ भने पुनरावेदक वृजा सहनीको नाउँको म्याद निजको ठेगाना पर्सा अलौ गा.वि.स. वडा

नं. ७ मा निज तथा निजका उमेर पुगेको एकाघरका उमेर पुगेका कुनै व्यक्तिसमेत फेला नपरेकोले निजको घरमा स्थानीय व्यक्ति २ जना साक्षीसमेत राखी गा.वि.स.को प्रतिनिधिको रोहवरमा म्याद तामेल भएको देखिन्छ। सोबमोजिम प्रक्रिया पुऱ्याई तामेल भएको म्यादलाई अ.बं. ११० नं. मा भएको उल्लिखित प्रक्रियाअनुरूप नै तामेल भएको मान्नु पर्ने।

पुनरावेदकहरूका नाउँमा अ.बं.११० नं. बमोजिमको प्रक्रिया पुऱ्याई म्याद तामेल भएको देखिएको, सो म्यादभित्र आफू अदालतमा उपस्थित भई प्रतिवादसमेत गर्न सकेको नदेखिँदा निजहरूलाई सुनुवाइको मौका दिइएन भन्ने पुनरावेदन जिकिर मनासिब देखिन नआउने।

अतः उपर्युक्त विवेचनाहरूबाट यी पुनरावेदकहरू उपर्युक्त अपहरण मुद्दामा प्रतिवाद गर्न आउनको लागि जारी गरेको म्याद रीतपूर्वक तामेल भएको देखिएको, तामेल भएको म्यादभित्र निजहरू अदालतसमक्ष उपस्थित हुन र प्रतिवाद गर्न नगएको र मिसिल संलग्न प्रमाणहरूको आधारमा कानूनबमोजिम पर्सा जिल्ला अदालतबाट यी पुनरावेदकहरूलाई अभियोग दाबीबमोजिम कसुरदार ठहर गरी सोहीबमोजिम कैदको सजायसमेत हुने गरी फैसला भइसकेको आधार र कारणसमेतबाट निवेदन खारेज हुने ठहऱ्याई भएको पुनरावेदन अदालत हेटौंडाको मिति २०७२।२।१३ को आदेश मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः हरिकृष्ण श्रेष्ठ

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७४ साल मङ्सिर १० गते रोज १ शुभम्।

## इजलास नं.१०

१

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०७१-CR-०५००, गौ वध, *नेपाल सरकार वि. हुमन पुलामीसमेत*

प्रतिवादीहरूको अधिकारप्राप्त अधिकारीसमक्षको बयान हेर्दा भिरबाट लडेको गोरू उठाउन जाँदा उठाउन नसकेपछि हामी घरमा फिर्ता आई अब गोरू उठाउन सकिएन काटेर मासु खाऔँ भनी सल्लाह भई हामी चारैजना पुनः गोरू भएको स्थानमा गई गोरूको घाँटी रेटी शरीरबाट अलग गरी खुट्टाको फिलाको मासु निकाली पोली खाएको भन्ने देखिए तापनि अदालतसमक्षको बयानमा कचल ९ को देउराली भन्ने ठाउँको भीरबाट लडी मरेको गोरू काटी मासु खाएका हौँ। हामीले जिउँदो गोरू काटेको होइन भनी कसुरमा इन्कार रही बयान गरेको देखियो। प्रतिवादीहरूको उक्त इन्कारी बयानलाई समर्थन हुने गरी प्रतिवादीका साक्षी हुमबहादुर फुङजा, नारायण पुलामी, गुनबहादुर सुस्लिङ, कर्ण तरामुले बकपत्र गरिदिएको पाइने।

नेपाल सरकारका साक्षीका रूपमा रहेका जाहेरवाला हुमबहादुर राहादीले प्रतिवादीहरूले जंगलमा लोटेको गोरू काटी मासु खाएका हुन भन्ने सुनेको हुँ। उक्त गोरू जिउँदो थियो वा मरेको थियो मलाई थाहा भएन भनी बकपत्र गरको देखियो। अनुसन्धानका क्रममा बुझिएका कमलप्रसाद न्यौपाने र कर्णबहादुर भण्डारी र दुर्गाबहादुर भण्डारीले जिउँदो मरेको वा के कस्तो अवस्थाको गोरूको मासु खाएका हुन् त्यो थाहा भएन भनी अदालतमा बकपत्र गरेको देखियो। मिति २०६९।२।६ गते घटेको घटनाको सूचना मिति २०६९।६।४ अर्थात् ४ महिनापछि मात्र दिएको देखिन्छ। घटना घटेको ४ महिनापछि जाहेरी दिनुपर्ने आधार र कारण जाहेरीमा खुलेको पनि देखिँदैन। सिनो परीक्षण प्रतिवेदनमा carcass लास गोरूको रहेको भन्ने उल्लेख भएबाट गोरूको मासु भन्नेसम्म स्थापित हुने हो, उक्त गोरू जिउँदो काटेको भन्ने स्थापित नहुने।

प्रतिवादीहरूले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान अन्य स्वतन्त्र प्रमाणबाट पुष्टि हुन सकेको छैन। वारदात घटेको ४ महिनापछि जाहेरी पर्नु र जाहेरवाला एवम् वादीका साक्षीहरूले यी

प्रतिवादीहरूले जिउँदो गोरू काटी मारी खाएका हुन् भनी किटानसाथ भन्न नसकेको अवस्था हुँदा जाहेरी बेहोरा नै शङ्कास्पद देखिन आएको छ। गोरू भीरबाट लडेको भन्ने तथ्य स्थापित भइरहेको परिप्रेक्ष्यमा जिउँदो गोरू मारेको हो भन्ने ठोस एवम् वस्तुनिष्ठ प्रमाणको अभावमा केवल शङ्का वा अनुमानको आधारमा गौ वधजस्तो जघन्य अपराधमा सजाय गर्नु फौजदारी न्याय सिद्धान्तको प्रतिकूल हुने।

तसर्थ प्रतिवादीहरूले अदालतसमक्ष गरको बयान जाहेरवाला, वस्तुस्थित मुचुल्काका मानिस एवम् प्रहरीमा कागज गर्ने व्यक्तिहरूले गरेको बकपत्र तथा सिनो परीक्षण प्रतिवेदनसमेतका मिसिल संलग्न प्रमाणबाट प्रतिवादीहरूले गौवधको कसुर गरेको तथ्य शङ्कारहित तवरले पुष्टि हुन नसकेको हुँदा शङ्काको सुविधा अभियुक्तले पाउने फौजदारी कानूनको मान्य सिद्धान्तसमेतको आधारमा पुनरावेदन अदालत बुटवलबाट भएको मिति २०७०।१२।२४ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: यदुराज शर्मा

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७४ साल मङ्सिर ११ गते रोज २ शुभम्।

२

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०७३-WO-१२०४, उत्प्रेषण, *महारजनियाँ गुरौ वि. भूमिसुधार कार्यालय, नवलपरासीसमेत*

निवेदकका पति शिवनारायण गुरौले यो गुठी संस्थान ऐन, २०२१ प्रचलनमा रहेकै समयमा मिति २०२८।१२।०५ मा यस जग्गामा मोहियानी हकको प्रमाणपत्र पाएको देखिएको छ। निजले त्यस्तो मोहियानी हकको प्रमाणपत्र भूमिसुधार मन्त्रालयबाट पाएको देखिन्छ । सो पाउँदा गुठी संस्थानको कुनै मन्जुरी रहे भएको भन्ने पनि यी निवेदकले देखाउन सकेको पाइँदैन। गुठीको लगतमा मोहीकायम भएको भन्ने पनि निवेदकले देखाउन सकेको पाइँदैन । यसबाट उक्त जग्गामा दिइएको मोहियानी हकलाई कानूनअनुरूप दिएको भन्न नमिल्ने।

कानूनअनुरूप सिर्जना नभएको वा सिर्जना हुन नसक्ने हकमा कहीँकतैबाट कुनै हकको भनी प्रमाणपत्र प्राप्त भएकै आधारमा हक सिर्जना भएको भन्न मिल्दैन। त्यसरी प्राप्त भएको भनिएको हकले कुनै कानूनी मान्यता नपाउने हुँदा स्वतः शून्यमा परिणत हुन्छ र सोको आधारमा हक नामसारी हुने वा सम्पत्तिसम्बन्धी अन्य हकहरू प्रचलन गर्न पाउने नदेखिने।

ऐनको दफा ३१ मा यस ऐनबमोजिम गुठी तैनाथी हुने जग्गा राजगुठी र संस्थानको हितविपरीत कुनै व्यक्तिले कुनै किसिमले बन्दोबस्तीमा लिएको भए पनि गुठी संस्थान ऐन, २०२१ लागू भएपछि बन्दोबस्तीमा पाएको त्यस्तो हक अधिकार स्वतः समाप्त भई त्यस्तोमा संस्थान र राजगुठीको हक र स्वामित्व पुनः कायम हुने छ भन्ने व्यवस्थाले पनि राजगुठीको जग्गामा कायम भएको हकसमेत समाप्त भई त्यस्तो जग्गामा स्वतः गुठी संस्थानअन्तर्गत राजगुठीको हक स्वामित्व हुने देखिएबाट पनि गुठी संस्थान ऐन, २०२१ प्रचलनमा रहेकै अवस्थामा अर्थात् २०२८ सालमा गुठी संस्थानको कुनै मन्जुरी बिना यी निवेदकका पतिले सो जग्गामा मोहियानी हक प्राप्त गर्नसक्ने भन्ने देखिन नआउने।

गुठीको जग्गाको जग्गाधनी श्री कुमारवर्ती माई भएको र कुमारवर्ती माइको मन्दिरको पुजारी यी निवेदकका पति शिवनारायण गुरौ भएकोले निजले पुजा आजा गरेबापत प्रस्तुत जग्गा जोती भोग गरिआएकोमा कुनै विवाद नरहेको अवस्थामा यी निवेदकका पति शिवनारायण गुरौले उक्त जग्गामा मोहियानी हक प्राप्त गर्ने देखिन नआउने।

जग्गा जोतभोगको विभिन्न प्रयोजन र सर्त हुने हुन्छ। जग्गा जोतभोग गरेकै आधारमा मोहियानी हक कायम हुने हुँदैन । मोहीको हैसियतले जग्गा जोतभोग गर्ने सर्त जग्गाधनीसँग राखी सोअनुसार जग्गाधनीले स्वीकार गरी मोहीको हैसियतले कमाएको आधिकारिक रेकर्ड राखी जोतभोग गरेको जग्गामा मात्र मोहियानी हक कायम हुने।

प्रस्तुत जग्गा राजगुठीको लगतमा रहेको र सोको सम्पूर्ण व्यवस्था गुठी संस्थानले गुठी ऐनअनुसार गर्ने हुन्छ । त्यस्तो जग्गा मोहीको हैसियतले कमाएको भए सोको लागि गुठी संस्थानको मन्जुरी देखिई लगतमा समेत जनिनुपर्नेमा सो रहेभएको देखिन आउँदैन । यस्तो गुठीको जग्गाको नियमनसमेत भूमिसम्बन्धी ऐनअनुसार हुने नभई गुठी संस्थान ऐनअनुसार गुठी संस्थानबाट नै हुने ।

निवेदकको पतिले भूमिसम्बन्धी ऐन, २०२१ को दफा २५ अनुसार मिति २०२८।१२।५ मा उक्त जग्गामा मोहियानी हकको प्रमाण पत्र पाएको भन्ने उक्त प्रमाणपत्रबाट देखिए पनि यसरी मोहियानी हकको प्रमाणपत्र पाएको गुठीकै जग्गाको सम्बन्धमा आवश्यक व्यवस्था गर्न बनेको तथा गुठी सम्बन्धको विशेष ऐनका रूपमा तत्काल प्रचलित रहेको गुठी संस्थान ऐन, २०२१ को कानूनी व्यवस्थाअनुकूल रहे भएको देखिन नआएबाट उक्त प्रमाणपत्र कानूनअनुरूप दिएको देखिन नआएबाट सोले कानूनी मान्यता पाउने नदेखिने ।

कानूनप्रतिकूल पाएको कुनै निस्सा वा प्रमाणपत्र तथा भए गरेको कुनै कार्य जुनसुकै समयमा पनि बदर हुने हुन्छ । त्यसले कुनै प्रकारले कहिल्यै पनि कानूनी मान्यता पाउन सक्दैन र त्यसको आधारमा कुनै प्रकारको हक अधिकारसमेत सिर्जना हुन सक्दैन । यसमा पनि यी निवेदकका पति शिवनरायण गुरौले पाएको मोहियानी हकको प्रमाण पत्र तत्काल प्रचलित गुठी संस्थान ऐन, २०२१ को कानूनी व्यवस्थाको प्रतिकूल रहेको र तत्पश्चात् लागू भएको गुठी संस्थान ऐन, २०२९ र हाल प्रचलित गुठी संस्थान ऐन, २०३३ को कानूनी व्यवस्थासमेत अनुसार मिलेको नदेखिएकोले कानूनी मान्यता पाउन नसक्ने ।

गुठी संस्थान ऐन, २०३३ को दफा २७ को प्रतिबन्धात्मक वाक्यांश खण्ड (क) मा गुठीको कुनै निश्चित काम गरेबापत जोतभोग गर्न पाउने रकमीले त्यस्तो जग्गामा मोहियानी हक नपाउने भन्ने प्रस्ट कानूनी व्यवस्थाअनुसार सो जग्गामा यी निवेदिकाले आफ्नो पतिले जोतभोग गरी आएको भन्ने आधारमा पनि मोहियानी हक प्राप्त गर्नसक्ने देखिन नआएकोले मोहियानी हक नामसारी गरिपाउँ भनी यी निवेदकले दिएको निवेदन खारेज गरिदिन भनी लेखी पठाउने भन्ने गुठी संस्थान प्रधान कार्यालयको मिति २०७३।१०।७ को निर्णय कानूनअनुरूप मिलेकै देखिन आउने ।

गुठी संस्थान ऐन, २०३३ को दफा २७ को प्रतिबन्धात्मक वाक्यांश खण्ड (क) मा गुठीको कुनै निश्चित काम गरेबापत जोतभोग गर्न पाउने रकमीले त्यस्तो जग्गामा मोहीयानी हक नपाउने भन्ने प्रस्ट कानूनी व्यवस्थाअनुसार सो जग्गामा यी निवेदिकाले आफ्नो पतिले जोतभोग गरी सोको आयस्ताबाट कुमारवर्ती माईको पूजा चलाई आएको हुँदा गुठी संस्थानलाई केही नबुझाएको भनी उल्लेख गरेको देखिएबाट पनि निजका पतिले कानूनबमोजिम मोहियानी हक प्राप्त गर्न सक्ने देखिन नआएकाले मोहियानी हक नामसारी गरिपाउँ भनी यी निवेदकले दिएको निवेदन खारेज गरिदिन भनी लेखी पठाउने भन्ने गुठी संस्थान प्रधान कार्यालयको मिति २०७३।१०।७ को निर्णय कानूनअनुरूप मिलेकै देखिन आउने ।

गुठी संस्थान कार्यालयको निर्णय मिलेकै देखिए पनि यी निवेदकका पतिले कुमारवर्ती माईको पूजाआजा गरी उक्त जग्गा भोग गरिआएको देखिएको छ । यसरी पितापूर्खाको पालादेखि पूजा गरी जग्गा चलन भोग गरिआएको देखिएबाट निजका सन्तान दरसन्तानले पनि पूजा गर्दै गएमा उक्त जग्गा भोग चलन गर्न पाउने नै देखिन आयो र सम्बन्धित निकायले पनि निजका सन्तानले पूजाआजाको कार्यलाई निरन्तरता दिएसम्म सो जग्गा भोग चलन गर्न दिनुपर्ने नै हुन्छ । विवादित जग्गा कुमारवर्ती माईको पूजाआजा गरेबापत पहिलेदेखि नै यी निवेदकका पति शिवनारायण गरौले भोग चलन गर्दै आएको देखिएकाले निजका सन्तान दरसन्तानले जग्गाको आयस्ताबाट पूजा सञ्चालन गरून्जेलसम्म निजहरूले नै उक्त जग्गा चलन गर्न पाउने गरी विपक्षी गुठी संस्थानले व्यवस्था मिलाउनु पर्नेसम्मको अवस्था देखिने ।

अतः विवेचित आधार र कारणबाट दाबीको

कि.नं.२९ को जग्गा राजगुठीको लगतमा दर्ता रहेको श्री कुमारवर्ती माई जग्गाधनी रहेको र उक्त जग्गा कुमारवर्ती माइको मन्दिरमा पुजा आजा गरेबापत पुजारीले मात्र भोग चलनसम्म गर्न पाउने र सो जग्गामा मोहियानी हक कायम हुन नसक्ने देखिएकोले गुठी संस्थान प्रधान कार्यालयबाट तत्काल प्रचलित गुठी संस्थान ऐन, २०२१ को दफा १७ मा भएको कानूनी व्यवस्था कायम हुँदाका बखत पुजारीले पूजा गरेबापत जोती भोग गरी आएको जग्गाको मोहियानी हकको प्रमाणपत्र लिएको भए तापनि त्यसको आधारमा राजगुठीको जग्गामा मोही हक नपाउने हुँदा त्यहाँ परेको निवेदन खारेज गरिदिन भूमिसुधार कार्यालय नवलपरासीलाई लेखी पठाउन र मोही नलाग्ने जग्गा पूजा गरेबापत जोती भोग गरी आएकोमा पुजारीको मृत्यु भएको अवस्थामा नयाँ पूजारी नियुक्त गर्ने र पूजा गरून्जेल उक्त जग्गा जोती भोग गर्न पूजारीले पाउने व्यवस्था गर्ने अधिकार गुठी संस्थानको भएको बेहोरासमेत भूमिसुधार कार्यालय नवलपरासीलाई जानकारी गराउने भनी मिति २०७३।९।१६ मा भएको भनिएको निर्णय र सोसम्बन्धी मिति २०७३।१०।७ को पत्र तथा काम कारबाही कानूनसम्मत नै रहेको देखिएकाले निवेदन मागअनुसारको आदेश जारी गर्न मिल्ने देखिन आएन। रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: यदुराज शर्मा
कम्प्युटर: सिजन रेग्मी
इति संवत् २०७५ साल भदौ ६ गते रोज ४ शुभम्।

३

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** ०७१-RB-००८०, बैंकिङ कसुर, *नेपाल सरकार विगीता राणा (अधिकारी)*

बैंकिङ कसुर तथा सजाय ऐनको दफा ३(ग) ले गरेको व्यवस्थाअनुसारको कसुर कायम हुन चेकमा उल्लिखित रकम धारकलाई भुक्तानी दिने र भुक्तानी लिने कार्य अनिवार्य रूपमा सम्पन्न भएको हुनुपर्ने देखिन्छ। यस व्यवस्थाले जारी भएको चेक बैंङ्कबाट भुक्तानी भइसकेको छ भने त्यस्तो अवस्थालाई मात्र सम्बोधन गर्दछ। कसैले जारी गरेको चेक धारकले बैंङ्कमा प्रस्तुत गरेको तर खातावालाको खातामा जारी चेकमा उल्लिखित रकम नभएको कारण भुक्तानी हुन नसकी चेक फिर्ता हुने अवस्थाको कार्यलाई यस दफाले समेट्न सकेको नदेखिने।

बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ३(ग) बमोजिमको कसुर कायम हुनको लागि चेकबमोजिमको रकम भुक्तानी लिने दिने कार्य सम्पन्न भइसकेको हुनुपर्ने अनिवार्यतालाई वादी नेपाल सरकार प्रतिवादी दुर्गा कार्की रहेको (ने.का.प. २०७२, अङ्क ८, नि.नं. ९४५२) बैंकिङ कसुर मुद्दामा स्वीकार गरी सिद्धान्तसमेत कायम भइसकेको र प्रस्तुत मुद्दाको विषय वस्तु र सिद्धान्त प्रतिपादन भएको मुद्दाको विषयवस्तु समान देखिएकोले प्रस्तुत मुद्दामा उक्त सिद्धान्त आकर्षित हुने।

अतः बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ३(ग) ले आफूले काटेको चेकले खाम्ने रकम आफ्नो खातामा नभएको जानकारी हुँदा हुँदै पनि चेक काट्ने काम गरी चेक बराबरको रकम भुक्तानी लिने दिने कार्यलाई कसुर कायम गरको तर भुक्तानी लिने दिने कार्य भई नसकेको अवस्थालाई कसुर कायम नगरेको देखिएकोले पुनरावेदन अदालत पाटन वाणिज्य इजलासले मिति २०७०।८।२१ मा अभियोग दाबी खारेज हुने ठहऱ्याई गरेको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत**:** यदुराज शर्मा
कम्प्युटर**:** मन्दिरा रानाभाट
इति संवत् २०७५ साल जेठ २७ गते रोज १ शुभम्।

४

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०६८-CR-०७६९, वन पैदावार हानि नोक्सानी, *नेपाल सरकार वि. सन्तोषकुमार खड्कासमेत*

प्रतिवादीहरू अनुसन्धान अधिकारीसमक्ष ३ थान काठसहित पक्राउ परेको तथ्यमा साबित रहेका र बरामदी मुचुल्कासमेतबाट निजहरूको साबिती

बयान समर्थित भएको देखिँदा यी प्रतिवादीहरूले बिना इजाजत वन पैदावार हानि नोक्सानी गरी वन ऐन, २०४९ को दफा ४९(घ) र (ङ) बमोजिमको कसुर गरेको प्रस्ट स्थापित हुन आउने।

बरामदी मुचुल्कामा ६'X९"X१२", ६'X९"x१०" र ७१/२X३६" काठ जम्मा गरी ३ थान ठुटा गरी जम्मा ८५ क्यु. फिट काठ प्रतिवादीहरूले काटी हानि नोक्सानी गरेको भनी प्रस्ट उल्लेख रहेको देखिन्छ । सोबाहेकका अन्य काठहरू उल्लेख गरेको भए पनि सो काठहरूको कोष्ठमा बरामद काठ भएको भनी जनाइएको पाइँदैन । बरामद भएको काठ सन्दर्भमा सर्जमिन मुचुल्काका मानिसहरू र बरामदी मुचुल्काका मानिसहरूसमेतले बकपत्र गर्दा बरामदी मुचुल्कामा उल्लिखित काठको ठुटा थान-३ बाहेकका अन्य के कति ठुटाहरू हानि नोक्सानी गरेको भनी किटानी साथ खुलाउन सकेको देखिएन । साथै स्वयं प्रतिवेदकले पनि बरामदी मुचुल्कामा उल्लिखित ३ थानबाहेकको अन्य काठको अवस्था बारेमा खुलाउन सकेको अवस्था देखिएन । अत: यस्तो स्थितिमा बरामदी काठको ठुटाहरू बाहेकको अन्य बरामद नभएको काठको ठुटाहरूलाई अनुमान गरी एवम् बरामद नै नभएको काठ हानि नोक्सानी भएको भनी आधार लिई बिगो कायम गरी सजाय गर्न मिल्ने नदेखिने।

वस्तुत: बरामदी मुचुल्कामा उल्लिखित वस्तु, त्यसको परिमाण एवम् विवरणहरूको तथ्य अन्यथा प्रमाणित नभएसम्म बरामदी मुचुल्कामा उल्लेख भएकै तथ्यलाई आधिकारिक प्रमाणको रूपमा लिइन्छ । प्रस्तुत दृष्टिकोणबाट हेर्दा प्रस्तुत मुद्दामा वादी नेपाल सरकारले रूख काटेको ठाउँमा अन्य काठका ठुटाहरू मौजुदा रहेको अवस्थामा बरामद भएका काठहरूको मात्र बिगो कायम गरी पुनरावेदन अदालतबाट भएको फैसला त्रुटिपूर्ण छ भनी जिकिर लिएको पाइन्छ । तर जङ्गलमा रहेको अन्य काठका ठुटाहरू पनि यी प्रतिवादीहरूले पटकपटक काटी हानि नोक्सानी गरेको भनी वस्तुगत आधार एवम् ठोस प्रमाण गुजार्न सकेको पाइँदैन । यसरी बरामदी मुचुल्कामा उल्लिखित बरामद भएको काठ मात्रको बिगो कायम गरी भएको फैसलालाई अन्यथा भन्न नमिल्ने हुँदा बरामद नै नभएको काठको पनि बिगो कायम गरी सजाय गर्नुपर्छ भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अत: उपर्युक्त विवेचित र विश्लेषित आधार प्रमाणबाट बरामदी मुचुल्कामा ६'X९"X१२", ६'X९"x१०" र ७१/२X३६" बरामदी काठ र ३ थान ठुटाको जम्मा ८५ क्यु. फिट काठ प्रतिवादीहरूले हानि नोक्सानी गरेको देखिएकोमा बरामदी ३ थान काठ र सोको ठुटा बाहेकका जङ्गलमा रहेका अन्य ठुटाहरूसमेतको बिगो कायम गर्ने गरी गरेको सजायको हदसम्म उदयपुर जिल्ला अदालतबाट मिति २०६७।१।१३ मा भएको फैसला कानूनसम्मत नदेखिँदा केही उल्टी भई वन ऐन, २०४९ को दफा ५०(१)(३)(४) बमोजिम बरामद काठ र सोही ऐनको दफा ६६ बमोजिम बरामद आरासमेत जफत गरी प्रतिवादीहरूलाई बरामद ८५ क्यु. फिटको प्रति क्यु. फिट रू.२५०।- को दरले हुन आउने बिगो रू.२१,२५०।- को दोब्बर अर्थात् रू.४२,५००।- जरिवाना हुने ठहऱ्याई पुनरावेदन अदालत राजविराजबाट मिति २०६७।१२।१४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: यदुराज शर्मा

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७४ साल माघ ३ गते रोज ४ शुभम्।

## इजलास नं. ११

१

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०६८-WO-११८१, उत्प्रेषण, *ज्ञानेन्द्रप्रसाद भुसाल वि. अकला कुर्मिनीसमेत*

निवेदक ज्ञानेन्द्रप्रसाद भुसालसमेत प्रतिवादी भई विवादित जग्गाको सम्बन्धमा घर भत्काई खिचोला मेटाई चलन मुद्दा चली कपिलवस्तु जिल्ला अदालतबाट मिति २०५९।१२।६ मा फैसला हुँदा प्रतिवादीको

घरमा आउने जाने र बालफाल गर्न चाहिने जग्गा र घर बनेको जमिनबाहेकका अरू जमिन प्रतिवादीको कब्जा छुटाई वादीहरूले चलन चलाई लिन पाउनेसमेत गरी ठहऱ्याएको फैसला पुनरावेदन अदालत बुटवलबाट मिति २०६१।७।१६ मा सदर भई अन्तिम भएको देखिन्छ । खिचोला मुद्दाको उक्त फैसलाले सुरक्षित गरेको यी निवेदकको घरवासको हकमा आघात पुग्ने गरी पुनरावेदन अदालतबाट आदेश भएको देखिन नआउने।

पुनरावेदन अदालत बुटवलको मिति २०६९।१।१४ को आदेशप्राप्त भएपछि कपिलवस्तु जिल्ला अदालतबाट च.नं.६३०३ मिति २०६९।३।२८ को पत्रबाट निवेदक अकला कुर्मीसमेतका नाउँमा विवादित कि.नं.१२ को जग्गा दाखिल खारेजको लागि लेखी पठाइसकेको देखिन्छ । यसरी उक्त कि.नं.१२ को जग्गा आफ्ना नाउँ दर्ता गराएपछि पूरै जग्गा अकला कुर्मी, कोठारी कुर्मी र रामकुमार कुर्मीले संयुक्त रूपमा मिति २०६९।५।२६ मा नै राजीनामा गरी इश्वरीप्रसाद भुसाललाई बिक्री गरिसकेको देखिन्छ । तत्पश्चात् पनि उक्त विवादित जग्गा ईश्वरीप्रसाद भुसालले टुक्रा पारी गान्दिप भुसाल, जग नारायणप्रसाद नागिला र दीपक घिमिरेलाई बिक्री गरेको भन्ने निज ज्ञानेन्द्रप्रसाद भुसालले नै पेस गरेको निवेदनबाट देखिने।

निज निवेदकले पेस गरेको राजीनामाको प्रतिलिपिबाट सोही जग्गामध्येको ०-५-८ जग्गा दीपनारायण घिमिरेबाट राजीनामा गरी विष्णु खनालका नाउँमा मिति २०७३।१०।७ मा खरिद गरेको देखिन्छ । सोही लिखतमा लिने विष्णु खनालको लेखिएको तीनपुस्ते विवरणमा पति ज्ञानेन्द्रप्रसाद भुसाल र ससुरा मोतीलाल भुसाल भनी उल्लेख भएको देखिँदा यी रिट निवेदकको श्रीमतीकै नाउँमा उक्त जग्गा खरिद भइसकेको समेत देखिने।

पुनरावेदन अदालत बुटवलबाट मिति २०६९।१।१४ मा आदेश गर्दा यी निवेदकलाई असम्बन्धित भनी उल्लेख गरेकोसम्म मिलेको नदेखिई अरू वादी रामकुमार कुर्मी र प्रतिवादी यी निवेदक भएको घर भत्काई खिचोला मेटाई चलन मुद्दाको फैसलासमेत हेरी फैसला कार्यान्वयनतर्फ परेका दरखास्तमा कारबाही गर्न पठाएको पुनरावेदन अदालत बुटवलको मिति २०६९।१।१४ को आदेश त्रुटिपूर्ण नदेखिँदा अन्यथा गर्नुपर्ने देखिन नआउने।

अतः विवेचित आधारमा दे.नं.१८६२ र ७२८ को मुद्दामा भएको फैसलाले कायम गरेको हक हनन् भएको नदेखिँदा पुनरावेदन अदालत बुटवलबाट मिति २०६९।१।१४ मा भएको आदेशमा निवेदकलाई असम्बन्धित भनी उल्लेख गरेको शब्दसम्म सान्दर्भिक नदेखिँदा सो असम्बन्धित भन्ने शब्दसम्म हटाई दिइएको छ। रिट निवेदकको मागबमोजिम उत्प्रेषणको आदेश जारी गरी पुनरावेदन अदालत बुटवलको मिति २०६९।१।१४ को आदेश बदर गर्नुपर्ने देखिएन । प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: दुर्गाप्रसाद भट्टराई

कम्प्युटर: विनोदकुमार बनिया

इति संवत् २०७४ साल पुस १६ गते रोज १ शुभम्।

२

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०६९-CR-५०३, जबरजस्ती करणी उद्योग, *रविन्द्र बुढाथोकी वि. नेपाल सरकार*

मौकामा बुझिएकी वारदातस्थलका प्रत्यक्षदर्शी पीडिताको बहिनीले मौकामा भएको कागजमा भएको सहीछाप मेरो हो । बेहोरा दिदीलाई समाएको रिसले भनेको हुँ । प्रतिवादीले दिदीलाई हातमा मात्र समाएको हो भनी सुरू अदालतमा बकपत्र गरेको देखियो । पीडिता परिवर्तित नाम “एम” ले सुरू अदालतमा उपस्थित भई प्रतिवादीले म घाँस काटिरहेको बेला मेरो हात मात्र समाएका हुन्। मौकाको बेहोरा रिसको झोंकमा भनेको हुँ । पछि बहिनीले हँसियाले हिर्काउन खोज्दा भागी गएका हुन् भनी बकपत्र गरिदिएको देखिँदा प्रस्तुत वारदात मुलुकी ऐन आशय करणीको महलअन्तर्गतको कसुरको परिभाषाभित्र पर्न जाने देखिन आउने।

घटनास्थल प्रकृति मुचुल्का, पीडितले दिएको जाहेरी दरखास्त, पीडितले मौका गरिदिएको कागज, प्रत्यक्षदर्शीको कागज, यी प्रतिवादीले मौकामा अनुसन्धान अधिकारीसमक्ष भएको बयान, पीडिता "एम" ले तथा प्रत्यक्षदर्शीले सुरू अदालतसमक्ष गरिदिएको बकपत्रसमेतका प्रमाणहरू र वारदातको प्रकृतिसमेतलाई हेर्दा प्रस्तुत वारदातमा स.मु.स. ऐन, २०४९ को दफा २७ अनुसार सरोकारवाला पीडितालाई झिकाई निजले सकार गरे वादी पक्ष कायम गरी प्रस्तुत मुद्दा प्रस्तुत मिसिलबाट आशय करणीतर्फ परिणत गरी कानूनबमोजिम कारबाही किनारा गरिदिने ठहऱ्याई पुनरावेदन अदालत इलामबाट मिति २०६८।९।२६ मा भएको फैसलालाई अन्यथा गरिरहनु नपर्ने।

अत: वारदातको प्रकृतिअनुसार सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २७ बमोजिम सरोकारवाला पीडितलाई झिकाई निजले साकार गरे वादी पक्ष कायम गरी प्रस्तुत मुद्दा आशय करणीतर्फ परिणत गर्ने गरी पुनरावेदन अदालत इलामबाट मिति २०६८।९।२६ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: लोकबहादुर हमाल
कम्प्युटर: मन्दिरा रानाभाट
इति संवत् २०७४ साल जेठ ३ गते रोज ४ शुभम्।

३

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०७२-CI-०५५३, अंश चलन, *शान्ती बस्नेत वि. अलैंची बस्नेतसमेत*

पुनरावेदक वादी शान्ती बस्नेतको आमा तारादेवी बस्नेत र दाजु प्रल्हाद बस्नेत वादी र चन्दा भन्ने तारादेवी बस्नेत तथा विनोद बस्नेतसमेत प्रतिवादी भई २०३५ सालको दे.मि.नं.१७१५ को अंश मुद्दा चली काठमाडौं जिल्ला अदालतबाट मिति २०३६।३।१८ मा भएको फैसलाबाट वादीको आमा तारादेवी एवम् दाजु प्रल्हाद बस्नेतले चार भागको दुई भाग अंश पाउने ठहरी फैसला भई सो फैसला अन्तिम भएर बसेको देखिने।

अर्का प्रत्यर्थी प्रतिवादी अलैंची बस्नेतसमेत वादी भई चन्दा भन्ने तारादेवी बस्नेतसमेत प्रतिवादी भएको ०४८।०४९ सालको दे.दा.नं.३२।३५६१ को अंश चलन मुद्दा काठमाडौं जिल्ला अदालतबाट मिति २०५६।२।१९ मा भएको फैसला पुनरावेदन अदालत पाटनबाट मिति २०५८।४।२९ मा सदर भएको पाइन्छ । उपर्युक्त दुवै मुद्दा फैसला हुँदाको अवस्थामा ३५ वर्ष नपुगेकी अविवाहित छोरी यी पुनरावेदक वादीले अंश पाउने अवस्था देखिन आएन। मुलुकी ऐनमा २०५९।६।१० देखि लागू हुने गरी भएको एघारौं संशोधनबाट लागू भएको अंश बन्डाको १ नं. बमोजिम मात्र अविवाहित छोरीले समेत अंश पाउने कानूनी व्यवस्था गरेको अवस्थामा तत्काल प्रचलित अंशबन्डाको महलको १६ नं. बमोजिम अंश पाउने अवस्था नदेखिने।

पुनरावेदक वादीले आफ्नो आमा र दाजुको अंश हकबाट मात्र अंश प्राप्त गर्ने हो। पिता इन्द्रमानको छोरा र श्रीमतीसरहको अंशियारको हैसियत यी वादीको तत्कालीन अवस्थामा नदेखिई विवाह खर्च पर सारेको देखिन आएकाले अन्य कुरातर्फ विचार गर्नु नपर्ने।

कि.नं.३ को जग्गा मोही हकको जग्गा हुँदा बन्डा गर्नु नपर्ने आमा तारादेवीको निजी आर्जनको जग्गा हो भन्ने पुनरावेदन जिकिर सम्बन्धमा विचार गर्दा उक्त जग्गाकै सम्बन्धमा वादीको आमा तारादेवीले यसै अदालतमा २०६२ सालको रि.नं.३५८४ को उत्प्रेषण मुद्दा दर्ता गरी सो मुद्दामा वादी प्रतिवादीबीच चलेको अंश मुद्दामा अन्तिम भएको फैसलालाई प्रत्यक्ष कानूनी त्रुटिको अभावमा रिट क्षेत्रबाट हस्तक्षेप गर्न नहुने र फैसला कार्यान्वयन गर्ने कार्यमा अवरोध गर्न नहुने भनी मिति २०६६।१२।१६ मा रिट खारेज भएको देखिन्छ। यसरी प्रस्तुत विवाद सोही बखत टुङ्गो लागि अन्तिम फैसला कार्यान्वयन भइसकेको विषयलाई अहिले अन्यथा भन्न मिल्ने नदेखिने।

पुनरावेदक वादीकी आमा तथा दाजु वादी भई चलेको २०३६ सालको अंश मुद्दाबाट निजहरूले

४ भागको २ भाग अंश पाई बन्डासमेत छुट्टिइसकेको भन्ने देखिएको र निज वादी आमा तारादेवी तथा दाजु प्रल्हादको हाँगातर्फ रही हालसम्म अविवाहित रहेको भन्ने देखिन्छ। यस्तो स्थितिमा यी वादी निजकी आमा तारादेवी र दाजु प्रल्हादसँग मात्र सगोलमा रहेको मान्नु पर्ने हुन्छ र निजले आमा तथा दाजुबाट सम्म अंश पाउनु पर्ने देखिन आउने।

अत: पुनरावेदक वादीले निजको आमा तारादेवी एवम् दाजु प्रल्हाद बस्नेतबाट मात्र अंश पाउनु पर्ने देखिएकोले मिति २०५६।२।१९ को फैसलाबाट ५ भागको २ भागलाई एक भाग कायम गरी (कि. नं.१५४ र १५६ को जग्गाबाट उक्त फैसलाबमोजिम यी दुवै कित्तालाई ५ भागको २ भागलाई एक भाग कायम गरी) पुनः तीन भाग गरी एक भाग अंश वादीले प्रतिवादीबाट छुट्टयाई लिन पाउने ठहरी काठमाडौं जिल्ला अदालतबाट मिति २०६९।१०।३ मा भएको फैसला मनासिब हुने ठहऱ्याएको पुनरावेदन अदालत पाटनको मिति २०७१।८।१९ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : दुर्गाप्रसाद भट्टराई
कम्प्युटर: विनोदकुमार बनिया
इति संवत् २०७५ साल वैशाख ४ गते रोज ३ शुभम्।

- यसै लगाउको ०७२-CI-०५५४, अंश चलन, *शान्ती बस्नेत वि. अलैची बस्नेतसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

४

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७०-CR-०८१९, लागु औषध खैरो हिरोइन, *नेपाल सरकार वि. हरि बिक्रम शाहीसमेत*

प्रतिवादीहरूबाट लागु औषध खैरो हिरोइन जम्मा ७.०६ ग्राम बरामद भएको तथ्यमा विवाद देखिँदैन। साथै सो बरामद हुँदा लागु औषध पोका पार्न कागजहरूको टुक्रा पारिएको जम्मा ६८ थान, कागज टुक्रा पार्ने कैंची पनि बरामद भएको पाइन्छ। लागु औषधको कसुरमा बरामद भएको लागु औषध अभियुक्तबाट अन्यथा हो भनी पुष्टि नभएसम्म निजको साथबाट लागु औषध बरामद हुनु नै कसुर स्थापित भएको मानिने।

निरपेक्ष दायित्वको अपराधमा प्रमाणको भार प्रतिवादीमा निहित रहेको हुन्छ। आफूउपरको आरोपको खण्डन सबुत प्रमाण पेस गरी अभियुक्तले गर्नुपर्ने हुन्छ। जसको साथबाट लागु औषध बरामद भएको तथ्य पुष्टि हुन्छ, उसैबाट कसुर भएको हो भनी मानिन्छ। लागु औषध साथमा भेटिनु नै कसुर भएको मानिने हुँदा सो कार्य गर्ने मनसाय निजमा थियो थिएन भनी विचार गरिरहनु पर्ने देखिँदैन। सेवन वा बिक्री कुन प्रयोजनको हो भन्ने प्रश्नको सम्बन्धमा भने बरामद भएको परिणाम तथा अन्य परिस्थितिजन्य प्रमाणलाई विचार गरिनु पर्ने।

प्रतिवादीद्वयले अधिकारप्राप्त अधिकारीसमक्ष सेवन र बिक्री गर्ने उद्देश्यले भारत सोहरतगढबाट रू.३,०००।- मा खरिद गरी ल्याएको भनी बयान गरेका छन्। निज प्रतिवादीहरूसँगै गई खरिद गरी ल्याई एकै ठाउँमा बसी धेरै पोकाहरूमा सो लागु औषध राख्ने उद्देश्य लिएकोसम्बन्धी सो कार्यहरूबाट निजहरूले बेचबिखन गर्ने नियतले ओसारपसार गरी लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(च) को कसुर गरेको देखियो। प्रतिवादीहरू एकैसाथ गई खरिद गरी ल्याई सानासाना पोका बनाउने कार्य गर्दागर्दै बरामद भएको र सो बरामदी मुचुल्कामा निज प्रतिवादी रोहवरमा बसेको देखिन आएकाले प्रतिवादीहरूको सो कार्य बिक्री गर्ने उद्देश्यले नै ओसारपसार गरेको पुष्टि हुन्छ। तत्काल बरामद भएको परिमाणसमेत ७.०६ ग्रा. रहेको पाइने।

प्रतिवादीहरूबाट बरामद भएको लागु औषधको परिमाणलाई विचार गर्दा सेवन प्रयोजनको लागि मात्र राखेको हो भन्ने पनि देखिँदैन। प्रतिवादीहरूले लागु औषधलाई स-साना पोकाहरू बनाउने कार्यबाट नै बिक्री वितरण गर्ने उद्देश्य लिएको स्पष्ट हुन्छ। तसर्थ, प्रतिवादीहरूले अधिकारप्राप्त अधिकारीसमक्ष बेचबिखनसमेत उद्देश्य लिएको भनी गरेको साबिती बयान बरामदीलगायतका वस्तुगत

प्रमाणबाट पुष्टि हुने।

अतः लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(ङ) बमोजिम जनही १ वर्ष कैद सजाय गर्ने ठहर गरी सेवनतर्फ सजाय गर्ने गरेको पुनरावेदन अदालत बुटवलको मिति २०७०।२।२० को फैसला मिलेको नदेखिँदा केही उल्टी भई अभियोग दाबीबमोजिम सोही ऐनको दफा १४(१)(छ)(१) बमोजिम प्रतिवादीद्वय हरिविक्रम शाही र विश्वास रेग्मीलाई जनही ५ (पाँच) वर्ष कैद र रू.५,०००।- (पाँच हजार रूपैयाँ) जरिवाना हुने ठहऱ्याई प्रतिवादीहरूलाई सजाय गर्ने गरेको सुरू कपिलवस्तु जिल्ला अदालतको फैसला सुरू सदर हुने।

इजलास अधिकृत: कालिबहादुर साम्प्यु लिम्बू

इति संवत् २०७५ साल जेठ २२ गते रोज ३ शुभम्।

५

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०६८-CI-१००६, छुट जग्गा दर्ता, *चिरञ्जिवी घिमिरे वि. मालपोत कार्यालय, डिल्लीबजार, काठमाडौं*

पुनरावेदकले दाबी गरेको जग्गा साबिकमा बलबहादुर रानामगरले ठुली थापा क्षेत्रीलाई र.नं.१४११ मिति २०३०।७।८ मा, त्यसैगरी ठुली थापा क्षेत्रीले मानबहादुरलाई र.नं.१९२८ मिति २०३१।७।२६ मा र मानबहादुर बस्नेतले र.नं.५४६८ मिति २०३१।१२।२६ मा यी पुनरावेदकलाई राजीनामा गरी लिनु दिनु गरेको पाइन्छ। तर ती लिखतहरूमा साबिक लगत, क्षेत्रफल, बीज माना कुनै नखुलाई राजीनामा पारित गरी लिएको देखिन्छ। साबिक दर्ता उतार केही उल्लेख छैन। छुट जग्गा दर्ताको निवेदन दिँदाका बखत साबिक लगत देखाई लिखतको हकको स्रोत देखाउन सकेका छैनन्। २०३१ सालमा राजीनामा गरिदिएको जग्गा भिड्ने प्रमाण देखिँदैन। सुरू नापीका समयमा प्रमाण देखाउन नसकी फिल्डबुकको जोताहा महलमा पर्ती जनिएको देखिने।

वादीले प्राप्त गरेको २०३१ सालको राजीनामाको जग्गा यो विवादित जग्गा हुन स्रेस्ता प्रमाणबाट देखिनुपर्दछ। जग्गा दर्ताको मुख्य स्रोत साबिक लगत, तिरो तिरेको रसिदसमेतबाट पुष्टि गर्नुपर्दछ। पुनरावेदकले २०१५ सालको आफ्ना पिता शिवनाथ पाध्या घिमिरेका नाउँको लगत निवेदन साथ मिति २०५०।३।१७ मा मालपोत कार्यालय, काठमाडौंमा पेस गरेको पाइन्छ। २०३१ सालमा किनेको जग्गा २०१५ सालको बाबुका नाउँको लगतभित्र पर्नसक्ने अवस्था नै रहँदैन। बाबुको नाउँको साबिक लगत बाट दर्ता हुने जग्गा हो भने साबिकदेखि नै सो जग्गा निजैहरूको नाउँमा रहनु पर्ने हुन्छ। २०३१ सालमा अरूबाट खरिद गरेको राजीनामालाई पुष्टि गर्न २०१५ सालको आफ्नो बाबुको लगत पेस गरेबाट नै दाबीको राजीनामाभित्र विवादित जग्गा पर्ने स्थिति नै नरहने।

नापीको समयमा पर्ती जनिई तत्कालीन श्री ५ को सरकारको नाममा हाल साबिक नापी भई २०६१ सालमा स्रेस्तासमेत प्रमाणित भएको अवस्था देखिन्छ। यी पुनरावेदकको नाउँमा दर्ता हुन सक्ने स्रोतको भरपर्दो र अकाट्य प्रमाणको अभाव देखियो। यस्तो अवस्थामा दाबीको जग्गा यी पुनरावेदकको नाउँमा दर्ता हुन सक्ने नदेखिने।

तसर्थ, पुनरावेदकका नाउँमा मागबमोजिम जग्गा दर्ता गर्न नमिल्ने भनी सुरू मालपोत कार्यालय, डिल्लीबजारबाट मिति २०६७।३।१० मा भएको निर्णय सदर गरी पुनरावेदन अदालत पाटनले मिति २०६७।८।९ मा गरेको फैसला मिलेको हुँदा सदर हुने।

इजलास अधिकृत: दुर्गाप्रसाद भट्टराई

कम्प्युटर: विनोदकुमार बानिया

इति संवत् २०७५ साल जेठ २८ गते रोज २ शुभम्।

## इजलास नं. १२

१

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.डा. श्री आनन्दमोहन भट्टराई,** ०६९-RB-००१४, सेयरधनीको हित संरक्षण गरिपाऊँ, *चन्द्रबहादुर राई*

*वि. सहदेव आचार्यसमेत*

पुनरावेदकले आफ्नो हकको सेयर अन्य व्यक्तिलाई बिक्री गरी सकेको र सो बिक्रीबाट हक स्थापित भएका व्यक्तिसँग प्रत्यर्थीहरूले सेयर खरिद गरेको भन्ने देखिन्छ । व्यक्तिका नाममा रहेका कम्पनीका सेयर भनेका व्यक्तिका सम्पत्ति हुन । यस्तो सम्पत्तिलाई कानूनको प्रक्रिया पूरा गरी हक हस्तान्तरण गर्नसमेत मिल्ने नै हुन्छ । यसरी कानूनबमोजिम हक हस्तान्तरण भई कायम रहेका सेयर सदस्यहरूको साधारण सभाले प्रबन्धपत्र र नियमावलीसमेतको अधीनमा रही कम्पनीको सञ्चालन वा व्यवस्थापन सम्बन्धमा आवश्यक निर्णय गर्नसक्ने नै हुँदा त्यसलाई कानून प्रतिकूल मान्न नमिल्ने ।

प्रत्यर्थीहरूले क्षेत्राधिकार नाघी के कस्तो काम गरेको र त्यस्तो काम कारबाहीबाट यी पुनरावेदक सेयरधनीको के कस्तो हक हितमा के कसरी असर परेको हो भन्ने सम्बन्धमा स्पष्ट रूपमा दाबी लिई आफ्नो दाबी प्रमाणबाट पुष्टि गराउन सकेको देखिँदैन । मर्का पर्ने व्यक्तिले स्पष्ट माग दाबी लिई साधिकार निकायमा उपचार माग गर्न सक्नु पर्दछ । दाबी नै स्पष्ट छैन भने त्यस्तो दाबीबाट उपचार प्रदान हुन सक्तैन । दाबी नै स्पष्ट नभएको अवस्थामा अदालतले अनुमान गरी उपचार प्रदान गर्न नमिल्ने ।

कम्पनीको पुँजी वृद्धि गरी उनाउ व्यक्तिलाई सेयर बिक्री गरी कम्पनीमा प्रवेश गराउन लागेको भन्ने पुनरावेदन जिकिर सम्बन्धमा हेर्दा कम्पनी अविछिन्न उत्तराधिकारवाला र स्वशासित संस्थाको रूपमा रहेको कानूनी व्यक्ति हो । यसले प्रचलित कानूनको अधीनमा रही आफ्नो सञ्चालन विधि, व्यवस्थापनको तरिका र लगानी गर्ने पुँजीसमेतका कुरामा आवश्यक निर्णय गर्नसक्ने नै हुन्छ । सोहीबमोजिम पूर्वाञ्चल एजुकेसन फाउन्डेसन प्रा.लि.बाट निर्णय एवम् काम कारबाही भएको देखिन्छ । उक्त प्रा.लि.को साधारण सभाबाट पुँजी वृद्धि गर्ने गरी भएको निर्णयबाट पुनरावेदकको हक हितमा कसरी असर पर्‍यो भन्ने कुरा पुष्टि हुन आएको पाइएन । सेयर दर्ता किताबबाट यी पुनरावेदकसँग ७,५०० थान सेयर रहेको देखिन्छ र निजले चाहेमा कम्पनीले पुँजी वृद्धि गर्ने निर्णय गरेको सेयरसमेत खरिद गर्नसक्ने भनी प्रत्यर्थीहरूको प्रतिउत्तर पत्रमा बेहोरा उल्लेख भएको छ । निज निवेदकको हक हितमा असर परेको भन्ने कुनै विश्वसनीय तथ्य प्रस्तुत भएको देखिन नआउने ।

प्रत्यर्थीहरूले विद्यालयको रकम निजी खातामा जम्मा गरी हिसाब गोलमाल गरेको भनी पुनरावेदकको जिकिर प्रति प्रत्यर्थीहरू इन्कार रहेको पाइयो । प्रत्यर्थीहरूले विद्यालयको यो यति रकम यो बैंकमा यसको नाममा जम्मा गरी गोलमाल गरेको भनी स्पष्ट रूपमा पुनरावेदकले दाबी लिन सकेको देखिँदैन । यो विषय कम्पनीको वार्षिक लेखा परीक्षणसमेतबाट यकिन हुने विषय भएकोले त्यसबाट अन्यथा देखिए सोही बखत प्रचलित कानूनबमोजिम हुने नै हुँदा अहिले नै यो मुद्दाको रोहमा निरूपण गरी रहनु पर्ने विषय भन्ने देखिएन । प्रत्यर्थीहरूबाट तीन करोड दश लाख मूल्य बराबरको सम्पत्ति दिलाई पाउँ भन्ने निवेदन दाबी रहेको देखिन्छ । कम्पनी ऐन, २०६३ को दफा १३८ र १३९ मा गरिएको कानूनी व्यवस्था कम्पनीमा कुनै सञ्चालक वा पदाधिकारीले गरेको त्रुटिपूर्ण कार्य रोक्नका लागि तत्काल आवश्यक कारबाही गर्ने अवस्थामा क्रियाशील हुने व्यवस्था हो भन्ने देखिने ।

अतः निवेदक उजुरवालाको दाबी केही हदमा स्पष्ट नभएको र सो दाबी प्रमाणबाट पुष्टि हुनसमेत नसकेको देखिँदा पुनरावेदकको हकहित प्रतिकूल हुने गरी प्रत्यर्थीहरूको संलग्नतामा पूर्वाञ्चल एजुकेसन फाउन्डेसन दमक प्रा.लि.बाट निर्णयहरू भएको देखिन आएन । तसर्थ, सो निर्णय बदर गरिपाउँ भन्नेसमेतको उजुरी निवेदन माग दाबी पुग्न नसक्ने ठहर गरेको पुनरावेदन अदालत विराटनगर, वाणिज्य इजलासको मिति २०६८।१०।३ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: गीता श्रेष्ठ

इति संवत् २०७४ साल माघ २४ गते रोज ४ शुभम् ।

२

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** ०७२-CI-१६७६, बेलगती मोही लगत कट्टा, *जलिल राउत गदी वि. मजाहिर राउत गदी*

जोतहाको अस्थायी निस्सा, मोहीको १ नं. लगत, मोहियानी हकको प्रमाणपत्र, फिल्डबुक, जग्गाधनी प्रमाणपुर्जा इत्यादी प्रमाणहरू मोही कायमसम्बन्धी विवादको निरूपणको लागि आवश्यक पर्ने लिखतहरू हुन। एकपटक मोही कायम भइसकेपछि कानूनबमोजिम मोही निष्कासन नभएसम्म मोहीको मोहियानी हक भूमिसम्बन्धी ऐनको दफा २६ ले सुरक्षित गरेको छ । वादीले विवादित जग्गा प्राप्त गर्दा मोहियानी लागेको जग्गा प्राप्त गरेकोमा विवाद छैन । जग्गा प्राप्त गरी मोहीको मोहियानी हक भएको कुरा स्वीकार गरी बसेपछि अब आएर उल्लिखित जग्गा मोहीले कहीँले पनि जोतकमोद नगरेको र मोही भजाई राउत गदीको नाम मोहीको १ नं. लगत, २ नं. लगत प्रकाशित भएको प्रमाणसमेत भूमिसुधार कार्यालयको अभिलेख शाखामा नभएकोले त्यस्तो मोहीलाई मोही मान्न नमिल्ने भएकोले बेलगती कायम गरी मोही लगत कट्टा गरिपाउँ भनी भन्न पाउने हक वादीलाई देखिएन । पहिलाकै जग्गाधनीको पालामा कानूनबमोजिम मोहियानी हक कायम भइसकेपछि उही जग्गा किन्ने अर्को जग्गाधनीले वर्षौंपछि आएर मोहीको १ नं. लगत, २ नं. लगत प्रकाशित भएको प्रमाण नभएको भन्दै बेलगती कायम गरी मोही लगत कट्टा गर्दै जाने हो भने भूमिसम्बन्धी कानूनी व्यवस्था र कानूनी राज्यको नै उपहास हुन जाने।

विवादित कि.नं. ५१ को जग्गाको मोहियानी हकको प्रमाणपत्र हेर्दा मोहीको नाम भजाहिर राउत गदी, उक्त जग्गाको फिल्डबुक उतारमा किसानको महलमा भजाई राउत, वादी जलिल राउत गदीको नाउँको जग्गाधनी प्रमाणपत्रमा उक्त कि.नं. ५१ को मोहीको नाम भजाई राउत उल्लेख भएको देखियो । निज प्रतिवादीले पेस गरेको नागरिकताको प्रमाणपत्रमा ईसु मिया गदीको छोरा मजाहिर राउत गदी उल्लेख भएको देखियो। उक्त विवादित जग्गाको मोही भनिएका व्यक्तिको नाम नै मोहीसँग सम्बन्धित विभिन्न कागजातहरूमा भजाहिर, मजाहिर, भजाई उल्लेख भई मोहीको नाम नै फरक परेको अवस्था देखियो । जानकीटोला गा.वि.स. वडा नं. ९ बस्ने मजाहिर राउत गदीले प्राप्त गरेको कि.नं. ५१ को मोहियानी हकको प्रमाणपत्रमा निजको नाम भजाहिर राउत लेखिएको र नागरिकता प्रमाणपत्रमा निजको नाम मजाहिर राउत गदी उल्लेख भई नाम फरक परे पनि भजाहिर राउत गदी र मजाहिर राउत गदी एउटै व्यक्ति हो भनी च.नं. १३० मिति ०६३।१२।२४ मा जानकीटोला गा.वि.स. पर्साले प्रमाणित गरेको देखिने।

च.नं.१५ मिति ०६४।६।१८ मा जानकीटोला गा.वि.स.द्वारा जिल्ला पर्सा, जानकीटोला गा.वि.स वडा नं. ९ दशौता बस्ने जमदार गदीको नाति, ईसु राउत गदीको छोरा, मजाहिर राउत गदी र भजाहिर राउत गदी एउटै व्यक्ति हुन् भनी तीनपुस्ते प्रमाणित गरेको देखिन्छ । त्यसैगरी दाबीको कि.नं. ५१ को जग्गाको मोहीको नाम कतै मजाहिर राउत गदी र कतै भजाई राउत गदी लेखिए पनि मजाहिर राउत गदी र भजाई राउत गदी एउटै व्यक्ति हुन् । निज मजाहिर राउत गदीको नागरिकतामा बाबुको नाम ईसु मिया गदी र मोहीहकको प्रमाण पत्रमा पलक राउत गदी लेखिए पनि ईसु मिया गदी र पलक राउत गदी एउटै व्यक्ति हुन् । कि.नं. ५१ को जग्गा निज मोही मजाहिर राउत गदीले जोतकोड गरी आएको भनी मिति २०६६।०१।११ मा गाँउसर्जमीन मुचुल्का गरी सोही बेहोरा उल्लेख गरी च.नं.१०२ मिति ०६६।१।१२ मा जानकीटोला गा.वि.स.ले भूमिसुधार कार्यालय, पर्सालाई सिफारिसपत्र लेखेको देखिन्छ। मजाहिर राउत गदी र भजाई राउत गदी एउटै व्यक्ति हुन् भनी च.नं. ५५६८ मिति २०६९।१०।२५ मा जिल्ला प्रशासन कार्यालय, पर्साले प्रमाणित गरिदिएको पनि देखिने।

उक्त सिफारिसलाई वादीले अन्यथा भन्न सकेको पनि देखिँदैन । प्रमाणमा आएको २०६३

सालको मि.नं. ५४६।१८६ को मुद्दामा दाबीकै कि.नं. ५१ जग्गा बाँडफाँड गरिपाउँ भन्ने मुद्दाको मिसिल हेर्दा, निज जग्गाधनीले उक्त कि.नं. ५१ को जग्गाको मोही बाँडफाँड गरिपाउँ भनी मिति २०६३।९।५ मा भूमिसुधार कार्यालय, पर्सामा निवेदन दर्ता गरी प्रतिवादी भजाई राउत गदीलाई मोही स्वीकार गरेको अवस्था देखिन्छ । सोही मुद्दाको म्याद तामेलको क्रममा उक्त कि.नं. ५१ जग्गाको मोही भजाई राउत भए पनि निज प्रतिवादी मजाहिर राउत गदी आफ्नो नाम र बाबुको नामसमेत ढाँटी भजाई राउत गदी भन्ने व्यक्ति म हुँ भनी मजाहिर राउत गदीले जालसाजीपूर्वक म्याद तामेल गरे गराएको भनी यी वादी जलिल राउत गदीले यीनै प्रतिवादी मजाहिर राउत गदीउपर दिएको जालसाजी मुद्दामा वादी दाबी नपुग्ने ठहर गरी पर्सा जिल्ला अदालतबाट मिति २०७०।२।७ गते फैसला भएको देखिएबाट समेत मोहीको विभिन्न कागजातहरूमा भजाहिर राउत गदी, मजाहिर राउत गदी र भजाई राउत गदी भन्ने नाउँ गरेको एउटै व्यक्ति भएको देखिन आउने।

विवादित जग्गाको मोहीको बाबुको नाम फरक परेकोले मोही लगत कट्टा हुनुपर्ने भन्ने पुनरावेदक जग्गाधनीको जिकिर छ तत्सम्बन्धमा हेर्दा, प्रतिवादी मजाहिर राउत गदीको नागरिकताको प्रमाणपत्रमा निजको बाबुको नाम ईसु मियाँ गदी उल्लेख भएको र मोहीको पारिवारिक लगतमा निजको बाबुको नाम पलक राउत गदी भन्ने उल्लेख भएको देखिँदा दुवै नाम थर गरेको व्यक्ति एउटै व्यक्ति हुन् वा होइनन् भनी विचार गर्नुपर्ने देखियो । प्रतिवादीले आफ्नो पिताको नाउँ पलक राउत गदी भन्ने ईसु मियाँ गदी हुन् भनी जिकिर लिएको देखिन्छ । नागरिकताको प्रमाणपत्र जारी गर्ने निकाय जिल्ला प्रशासन कार्यलयबाट प्राप्त हुन आएको मिसिल संलग्न जिल्ला प्रशासन कार्यालय, पर्साको च.नं.१५३६, मिति २०७०।५।१ को पत्रबाट पलक राउत गदी भन्ने इसु मियाँ गदी एउटै व्यक्ति हुन् भन्ने देखिइरहेको अवस्था छ । जग्गाधनी स्वयम्ले मोही जग्गा बाँडफाँड गरिपाउँ भनी पहिले दिएको मुद्दामा प्रतिवादीलाई मोही स्वीकार गरेको र दाबीको जग्गामा प्रतिवादीको मोहियानी हक कायमै रहेको मिसिल संलग्न कागजातहरूले पुष्टि गरिरहेको हुँदा मोहीको पिताको नाउँ फरक परेको भन्नेसमेत आधार लिई वादी दाबीको जग्गाको बेलगती मोही लगत कट्टा हुने ठहऱ्याएको सुरू भूमिसुधार कार्यालय, पर्साको फैसला उल्टी गर्ने गरेको पुनरावेदन अदालत हेटौंडाको फैसलालाई अन्यथा भन्न नमिल्ने।

अतः विवेचित आधार प्रमाणहरूबाट बेलगती मोही भनी लगत कट्टा गर्ने गरी भूमिसुधार कार्यालय, पर्साबाट मिति २०७१।१।९ मा भएको निर्णय उल्टी गर्ने गरेको पुनरावेदन अदालत हेटौंडाको मिति २०७२।४।२९ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: डल्लुराम चौधरी

कम्प्युटर: अर्जुन पोख्रेल

इति संवत् २०७५ साल भदौ ३ गते रोज १ शुभम्।

३

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** ०७३-CI-०१०८, चलन चलाई पाऊँ, *भगवती कार्की वि. विजय रानाभाट*

विवादित दृष्टिबन्धकको लिखत मुलुकी ऐन, रजिस्ट्रेसनको महलको १ नं. बमोजिम सम्बन्धित मालपोत कार्यालयबाट कानूनको रीत पुऱ्याई रजिस्ट्रेसन पास भएको देखिन्छ । वादीले ऐनको म्यादभित्र चलनको लागि नालिस गरेको पाइयो । वादीले नालिस दिँदा प्रतिवादीले बन्धक राखेको अचल सम्पत्ति वादीको नाँउमा दर्ता गरी चलन चलाई पाउँ भनी दाबी लिएको देखिने।

वस्तुतः भोगबन्धकीको लिखतले स्वामित्ववालाको स्वामित्व समाप्त गर्दैन । भोग बन्धकीवाला साहुले असामीको ऋण चुक्ता नगरेसम्म लिखतअनुसारको सम्पत्तिमा भोगाधिकारको हैसियतसम्म राख्ने हुँदा यसले सम्पत्तिको स्वामित्वलाई निस्तेज पार्दैन । दृष्टिबन्धकको लिखतबमोजिमको भाखाभित्र ऋणीले रकम फिर्ता गर्न नसकेमा बन्धक राखेको अचल सम्पत्ति नै साहुको नाउँमा हक

हस्तान्तरण गरी चलन चलाई दिनुपर्छ भन्ने कानूनी व्यवस्था देखिँदैन । ऋणीले भाखाभित्र साहुको रकम फिर्ता गर्न नसकेमा रकम फिर्ता नगरेसम्म साहुले बन्धक राखेको सम्पत्ति भोगसम्म गर्न पाउने अवस्था रहन्छ । बन्धक रहेको सम्पत्ति नै साहुको नाउँमा हक हस्तान्तरण गरी भोगचलन गर्न दिनुपर्छ भन्ने होइन । यस अवस्थामा प्रतिवादीले बन्धक राखेको कि.नं. ५२ क्षे.फ. १२७.२७ व.मि. को जग्गासमेतका सम्पत्ति वादी विजय रानाभाटले चलन चलाई पाउने नै देखियो। वादी विजय रानाभाटबाट रू.२०,८४,०००।– रूपैयाँ मात्र लिएको र उक्त रकम एनडिइपी डेभलपमेन्ट बैंकको चेक नं.१२५२२६ मिति २०६९।६।१० मा दिइसकेको छु भन्ने प्रतिवादी भगवती कार्कीको पुनरावेदन जिकिर भए पनि सो तथ्य मिसिल संलग्न प्रमाणबाट पुष्टि भएको नपाइने।

अतः विवेचित आधार, कारणबाट वादी दाबी पुग्न नसक्ने ठहर्‍याई सुरू काठमाडौं जिल्ला अदालतबाट मिति २०७०।१०।८ मा भएको फैसला उल्टी भई वादी दाबीबमोजिमको जग्गा चलन चलाई दिने ठहर गरेको पुनरावेदन अदालत पाटनको मिति २०७२।६।१८ गतेको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: डल्लुराम चौधरी
कम्प्युटर: अर्जुन पोख्रेल
इति संवत् २०७५ साल भदौ ३ गते रोज १ शुभम्।

४

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** ०७३-CI-०१५८, क्षतिपूर्ति, *पुष्पमणि पोखरेल वि. विराटनगर उपमहानगरपालिका कार्यालय, मोरङसमेत*

विवादित जग्गाको सम्बन्धमा विराटनगर उपमहानगरपालिकाको प्राविधिक कर्मचारीले बनिसकेको घरले त्रिमूर्ति पथको सडक क्षेत्रफल ३ फिट ९ इन्च मिचेको देखिएको भन्ने मिति २०६४।४।१७ मा प्रतिवेदन पेस गरेको देखिन्छ। वादीले कि.नं. ४७३ र ४९३ को जग्गामा २०४९।०५० मा घर निर्माणको कार्य सुरू गरेको भए पनि निजले मिति २०६४।४।२९ मा घर निर्माण सम्पन्न भएको प्रमाणपत्र लिनुभन्दा अगाडि अर्थात् मिति २०६४।४।१७।५ गते विराटनगर उपमहानगरपालिका कार्यालयमा कागज गर्दा आफूले मापदण्ड र प्रचलित नियमअनुसार जग्गाको दक्षिणपट्टि कच्ची सडकको बीच सेन्टरदेखि १४ फिट ९ इन्च छाडी घर पर्खाल निर्माण गर्नुपर्नेमा सो नगरी ३ फिट ९ इन्च सार्वजनिक सडकको जग्गा मिची घर निर्माण गरेकोले सो मापदण्डविपरीत र मिचिएको जति भाग विराटनगर उपमहानगरपालिकाबाट सडक बिस्तार गर्दा वादी आफैँले आफ्नै खर्चमा उक्त मापदण्डविपरीत र मिचिएको संरचना बिना मुआब्जा भत्काउने र सो सम्बन्धमा कहीँकतै कुनै किसिमको उजुरबाजुरसमेत गर्नेछैन भनी विराटनगर उपमहानगरपालिकामा कागज गरी क्षति भएको सम्बन्धमा कुनै दाबी नगर्नेसमेत गरी कागज गरेको कुरा उपमहानगरपालिकाबाट प्राप्त नक्सा पाससम्बन्धी प्रमाण मिसिलबाट देखिने।

विराटनगर उपमहानगरपालिकाअन्तर्गत गठित त्रिमूर्ति सडक एवम् नाला निर्माण उपभोक्ता समितिले वादी पुष्पमणि पोखरेलले बनाएको जग्गा घर पर्खालले त्रिमूर्ति पथको मिचिएको ३ फिट ९ इन्च क्षेत्रफल मात्र भत्काएको देखिन्छ। वादीले उल्लिखित जग्गामा घरको नक्सा पास गर्दा मिति २०६४।४।१७ मा गरेको कबुलियतभन्दा बढी जग्गा, पर्खाल, घर प्रतिवादीहरूले भत्काएको भन्ने वादी दाबी पनि नभएको र सो कागजविपरीत गई प्रमाण ऐन, २०३१ को दफा ३४ बमोजिम वादीले प्रतिवादीहरूबाट क्षतिपूर्तिको माग गर्ने अवस्था पनि नरहने।

अतः विवेचित आधार प्रमाणहरूबाट वादी दाबी पुग्न नसक्ने ठहर गरेको पुनरावेदन अदालत विराटनगरको मिति २०७३।२।१० को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: डल्लुराम चौधरी
कम्प्युटर: अर्जुन पोख्रेल
इति संवत् २०७५ साल भदौ ३ गते रोज १ शुभम्।

५

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७१-CR-०३४४, ज्यान मार्ने उद्योग, *दिलबहादुर लामा वि. नेपाल सरकार*

मिति २०६७।०५।०३ गते जाहेरवाला पदमप्रसाद दाहाल आफ्नो फर्ममा रहेको अवस्थामा प्रतिवादी दिलबहादुर लामाले गोली प्रहार गरी भाग्दै गरेको अवस्थामा पेस्तोल र गोलीसहित तत्काल पक्राउ परेको देखिन्छ। प्रतिवादी दिलबहादुर लामाले अधिकारप्राप्त अधिकारी र अदालतसमक्ष बयान गर्दा चितवन जिल्लाका वरिष्ठ व्यक्तिहरूको हत्या गरी आतङ्क मच्चाई चन्दा माग गर्ने योजनाअनुसार जिल्ला प्रहरी कार्यालय, नजिक कानून व्यवसायीलाई हत्या गरेमा चन्दा असुल गर्न सजिलो हुने ठानी पदमप्रसाद दाहाललाई हत्या गर्ने योजना बनाएको र सो योजनाअनुसार विवेक पाण्डे, सागर के.सी., टाटे गुरूङ, अर्जुन बाहुन, सुदन बाहुनसमेतलाई बोलाई कानून व्यवसायी पदमप्रसाद दाहाललाई गोली हान्ने भन्ने निर्णय गरी सो ग्रुपलाई A, B, C मा विभाजन गरी जाहेरवालालाई गोली हानेको हुँ, पैसाको लोभले यस्तो काम गरेको हुँ भन्ने बेहोरा उल्लेख गरेबाट जाहेरवालालाई ज्यान मार्ने उद्देश्यले गोली प्रहार गरेको भनी कसुरमा साबित रहेको पाइयो । साथै जाहेरवालालाई यी लगायतका प्रतिवादीहरूले वारदात हुनुपूर्व भेटी जाहेरवालाको ल फर्ममा गएको देखिन्छ। यी पुनरावेदक प्रतिवादीसमेत भई चितवनको वरिष्ठ व्यक्तिको हत्या गरी आतङ्क मच्चाई चन्दा माग गर्ने योजनाअनुसार जाहेरवाला माथि गोली प्रहार गरेको पुष्टि हुन आउने।

कानूनमा उल्लेख भएअनुसार कैदमा राख्ने अवधि निर्धारण गर्दा अपराधको गम्भिरता, अपराध गर्दाको अवस्था, अपराध गर्नुको उद्देश्य र अपराधमा संलग्न व्यक्तिको आपराधिक मनोवृत्ति, पृष्ठभूमि, निजको आचरण र समाजमा पर्ने असर जस्ता कुरालाई ख्याल गर्नुपर्ने हुन्छ । अपराधमा संलग्न व्यक्तिलाई कसुरदार ठहर गरेपछि त्यस्तो कसुरदारलाई सजाय निर्धारण गर्ने सम्बन्धमा विकसित विभिन्न दण्डका सिद्धान्तहरूमध्ये समानुपातिकता (Proportionality) अर्थात् कसुरअनुसारको सजाय (Let the punishment fit the crime) पनि एक हो । यस सिद्धान्तअनुसार प्रतिवादीबाट भएको कसुरजन्य कार्यको समग्र अवस्था र गाम्भिर्यसमेतलाई विचार गरी निजलाई हुने कैद सजायको अवधि निर्धारण गर्नुपर्ने।

यी पुनरावेदक प्रतिवादीसमेतको योजना मुताविक चितवन जिल्लामा कुनै विशिष्ठ व्यक्तिहरूको हत्या गरी समाजलाई आतङ्कित तुल्याई चन्द असुली गर्न सहज हुने भन्ने निजहरूको उद्देश्य रहेको देखिन्छ । प्रतिवादीहरूको यस्तो कलुषित उद्देश्य समाजको शान्ति अमनचयनको लागि अत्यन्त घातक मात्र नभई घृणित र निन्दनीय रहेको मान्नुपर्दछ। यही उद्देश्य हासिल गर्न जाहेरवालालाई गोली हान्ने निर्णय गरी कार्यान्वयनको क्रममा योजनाबद्ध तरिकाले आफ्नो ग्रुपलाई A, B, C मा विभाजन गरी प्रत्येक ग्रुपको कार्य विभाजन गरी बिहान करिब १०.०० बजेको मानिसहरूको व्यापक चहल पहल हुने अति संवेदनशील समयमा जाहेरवालाको कार्यालय रहेको सार्वजनिक स्थानमा दिनदहाडै समाजलाई आतङ्कित बनाउने उद्देश्यले हाकाहाकी गोली हान्ने कार्यलाई सामान्य रूपमा लिन सकिँदैन । प्रतिवादीले जाहेरवालालाई गोली प्रहार गर्दा मानिस मर्न सक्ने भन्ने सामान्य समझ भएको व्यक्तिले बुझ्न सक्छ। प्रतिवादीले गरेको यस्तो आपराधिक तथा घृणित कार्यले आपराधिक गम्भीरता र संवेदनशीलता बढाएको छ। यी पुनरावेदक प्रतिवादीले ज्यान मार्ने उद्देश्यले अधिवक्ता पदमप्रसाद दाहाललाई गोली हानी मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १५ नं. बमोजिम ज्यान मार्ने उद्योगको कसुर गरेको देखिन आयो । तसर्थ पुनरावेदन अदालत हेटौंडाबाट ७ वर्ष कैद गरेको सजाय बढी भयो भन्ने पुनरावेदकको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः उल्लिखित आधार एवम् कारणबाट पुनरावेदक प्रतिवादी दिलबहादुर लामालाई

ज्यानसम्बन्धी महलको १५ नं. बमोजिम ५ वर्ष कैद सजाय गरी सुरू चितवन जिल्ला अदालतबाट मिति २०६८।१२।१३ मा भएको फैसला केही उल्टी गरी निज प्रतिवादीलाई ७ वर्ष कैद गर्ने गरी भएको पुनरावेदन अदालत हेटौंडाको मिति २०७१।१।२ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः महेश खनाल

कम्प्यरटर: मिनु शाही

इति संवत् २०७४ साल साउन १७ गते रोज ३ शुभम्।

## इजलास नं. १३

१

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७१-CI-०८८९, फैसला बदर बन्डा दर्ता बदरसमेत, सुनिल खड्कासमेत वि. विश्वम्भर थापा

वादी विश्वम्भर थापा प्रतिवादी रञ्जना खड्का भएको मिति २०६६।११।६ मा दे.नं. ४७०० को लेनदेन मुद्दा दायर भएको र सो मुद्दामा प्रतिवादी रन्जना खड्काबाट मात्र लेनदेनको बिगो वादीले भरिपाउने ठहर गरी काठमाडौं जिल्ला अदालतबाट मिति २०६७।१।७ मा फैसला भएको र सोउपर प्रतिवादीहरूको पुनरावेदन परी ऋण लिदाको अवस्थामा सगोलमा रहेका रन्जना खड्का, विनय खड्का र सुनिल खड्कासमेतका सबै अंशियारहरूको सगोलको सम्पत्तिबाट साहुको साँवा ब्याज भराई लिने गरी उक्त लेनदेन मुद्दा पुनरावेदन अदालत पाटनमा मिति २०६८।७।४ मा मिलापत्र गरी सो मुद्दा अन्तिम भएको देखिने।

सार्थक र सुनिता खड्काले दिएको अंश मुद्दामा फैसला भइसकेपछि लेनदेन मुद्दा परेको देखिन्छ। विश्वम्भर थापा र रञ्जना खड्काबीच लेनदेन कारोबार हुँदाका अवस्थामा सगोलमा रहेका रन्जना खड्का, विनय खड्का र सुनिल खड्कासमेतका सबै अंशियारहरूको सगोलको सम्पत्तिबाट साहुको साँवा ब्याज भराई लिने गरी लेनदेन मुद्दाका वादी विश्वम्भर थापा र प्रतिवादी रन्जना खड्कासमेत बीच पुनरावेदन अदालत पाटनमा मिति २०६८।७।४ मा मिलापत्र भएको देखिन्छ। निज विश्वम्भर थापा अंशचलन मुद्दाको पक्ष रहे भएको देखिँदैन । अंश चलन मुद्दामा भएको फैसला र सोबमोजिमको बन्डा मुचुल्कासमेतलाई असर पर्ने गरी उक्त मुद्दाको पक्ष नै नरहेको व्यक्तिले मिलापत्र गर्नसक्ने अधिकार कानूनत: पुनरावेदक प्रतिवादीहरू विनय खड्कासमेत र विश्वम्भर थापामा रहन सक्ने देखिदैन । उक्त मिति २०६८।७।४ को मिलापत्रमा जो जो पक्ष रहेका छन् तिनको हकमा मात्र मिलापत्रले असर गर्ने हुन्छ। तसर्थ, प्रतिवादी सार्थक खड्का र सुनिता खड्का उक्त लेनदेन मुद्दाको पक्ष नै नरहेकाले निजहरूको हकमा उक्त लेनदेन मुद्दामा भएको मिलापत्रले असर गर्ने वा निजहरूको हकमा दायित्व सिर्जना हुन सक्ने नदेखिने।

विश्वम्भर थापा र रञ्जना खड्काबीच भएको मिति २०६०।४।९ को कपाली तमसुकमा सुनिता खड्का वा निजका पति सुनिल खड्कासमेत साक्षी बसेको भन्ने देखिँदैन। पारिवारिक सम्बन्धमा विचलन आई अंश मुद्दा चलिसकेपछि पछिबाट लेनदेनको कपाली तमसुकको विषय अगाडि सारेको देखिन्छ । घरायसी तमसुकमा जुनसुकै मिति पनि राख्न सकिने देखिने।

अंशको विषय नितान्त व्यक्तिको नैसर्गिक अधिकारसँग जोडिएको हुँदा यस विषयलाई कथित लेनदेनको विषय सिर्जना गरी अधिकार शून्य बनाउन कानूनत: मिल्दैन। अंश मुद्दाका प्रतिवादी अर्थात् यस मुद्दाका पुनरावेदक प्रतिवादी रन्जना खड्कासमेतले उक्त अंश चलन मुद्दामा कुनै प्रतिवाद नगरी पछि अंशको तायदाती फाँटवारी पेस गर्दाको अवस्थामा मात्र विश्वम्भर थापा साहु रहेको सत्तरी लाख रूपैयाँको कपाली तमसुक पेस गरेको देखिएको र उक्त अंश चलन मुद्दा फैसला भइसकेपछि मात्र सो कपाली तमसुकको आधारमा निज विश्वम्भर थापाले मिति २०६६।११।०६ लेनदेन मुद्दा दायर गरेको भन्ने देखिएकोले पुनरावेदक

प्रतिवादीहरू र विश्वम्भर थापाले परस्पर मिलेमतो गरी सार्थक खड्का र सुनिता खड्काको अंश हकमा असर पार्ने उद्देश्यले नै सो कार्य गरेको तथ्य पुष्टि हुन आएबाट उक्त कपाली तमसुकबापतको दायित्व यी पुनरावेदक प्रतिवादीहरूले मात्र बेहोर्नु पर्ने देखिन आउने।

ऋण लिएको रकम सगोलको प्रयोजनको लागि वा पारिवारिक जिम्मेवारी बहन गर्ने क्रममा खर्च गरिएको हुनुपर्दछ भन्ने हो। त्यसरी पारिवारिक प्रयोजनमा खर्च गरिएको भन्ने मिसिल प्रमाणबाट नदेखिएको र अंश हकमा असर पर्ने पक्षको मन्जुरीले ऋण लिएको भन्ने पनि नदेखिएको अवस्थामा उक्त ऋणको दायित्व अन्य अंशियारसमेतलाई वहन गराउनु पर्ने भन्ने उक्त कानूनको मनसाय रहेको भनी अर्थ गर्न नमिल्ने।

त्यस्तै ठूलो परिमाणमा ऋण लिँदा के कुन प्रयोजनका लागि लिइएको र सो ऋण रकम के कसरी, कहाँ खर्च गरिएको हो भन्ने पनि उक्त ऋण लिने परिवारको जिम्मेवार सदस्यले प्रमाण ऐन, २०३१ को दफा २८ समेतबमोजिम खुलाई देखाई पुष्टिसमेत गर्न सक्नुपर्दछ। अन्यथा आफ्ना नाता सम्बन्धका व्यक्तिका नाममा घरसारमा कपाली तमसुकको लिखत तयार गरी ऋण देखाई अंश मार्ने गलत प्रवृत्तिले प्रश्रय पाउने हुन्छ। यस किसिमको गलत प्रवृत्तिलाई निरूत्साहित गर्नु न्याय र कानूनको सर्वोपरि उद्देश्य हुन आउने।

पुनरावेदक प्रतिवादीहरूले पुनरावेदन अदालत पाटनको फैसला बदरको लागि यस अदालतमा पुनरावेदन दायर गरेकोमा मुद्दा अन्तिम किनारा हुन्जेल तारेखमा नरही मिति २०७२।५।१५ मा तारेखसमेत गुजारी बसेको मिसिलबाट देखिन आएकोबाट आफ्नो मुद्दाप्रति यी पुनरावेदक प्रतिवादीहरू संवेदनशील रहेको वा सोको औचित्य प्रमाणित गर्न गराउनसमेत सकेको भन्ने देखिन नआउने।

तसर्थ, विवेचित आधार र कारणबाट अंश चलन मुद्दामा भएको फैसला बदर हुने ठहर्‍याई काठमाडौं जिल्ला अदालतबाट भएको फैसला उल्टी भई वादी विश्वम्भर थापाको फिराद दाबी खारेज हुने ठहर गरी पुनरावेदन अदालत पाटनबाट मिति २०७१।५।१६ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: महेन्द्रप्रसाद भट्टराई
कम्प्युटर: प्रेमबहादुर थापा
इति संवत् २०७४ साल साउन २३ गते रोज २ शुभम्।

२

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०७४-WO-०६५८, उत्प्रेषण, रिया श्रेष्ठ वि. वीना श्रेष्ठसमेत

रिट निवेदक नेपालबाट अस्ट्रेलिया प्रस्थान गर्न अध्यागमन विभागबाट मिति २०७४।१२।०७ का दिनमा रोकिएको भन्ने कुरामा विवाद देखिएन। उक्त कार्य हुनुमा विपक्षीहरूमध्येकै रिट निवेदिकाकी आमा बिना श्रेष्ठले महिला आयोगमा दिएको निवेदन बेहोरा नै रहे भएको देखिन आयो। उक्त दिन रिट निवेदिका अस्ट्रेलिया प्रस्थान गर्नुपर्नेमा अध्यागमन कार्यालयले रिट निवेदिकालाई महिला आयोगमा उपस्थित गराएको देखिन्छ। तत्पश्चात् महिला आयोगले रिट निवेदिका र निजको आमाका बीचमा विभिन्न समयमा छलफल गराएको भन्नेसमेतको बेहोरा राष्ट्रिय महिला आयोगको लिखित जवाफबाट देखिने।

यस अदालतको मिति २०७४।१२।१८ को आदेशपश्चात् निज अस्ट्रेलिया गइसकेको भन्ने कुरा निवेदिकाका कानून व्यवसायीहरूले इजलाससमक्ष व्यक्त गरेको हुँदा निवेदिका अस्ट्रेलिया गइसकेको भन्ने देखिन आयो। यस अवस्थामा रिट निवेदनमा अस्ट्रेलिया जानबाट रोक लगाउने कार्य नगर्नु र आफ्नो नाउँको पासपोर्ट फिर्ता गर्न आदेश जारी गरिपाउँ भनी लिएको निवेदनको मूल जिकिर भएको र निज हाल अस्ट्रेलियामा गइसकेको अवस्था हुँदा निवेदन मागबमोजिम आदेश जारी गरिरहन पर्ने नदेखिने।

अध्यागमन कार्यालयले मिति २०७४।१२।७ मा रिट निवेदिकालाई अस्ट्रेलिया जाने क्रममा रोकी राष्ट्रिय महिला आयोगमा छलफलका लागि हाजिर गराएको देखियो। अध्यागमन कार्यालयको उक्त कार्यले रिट निवेदिकाको संविधान प्रदत्त स्वतन्त्र

रूपमा आवतजावत गर्न पाउने हकबाट निज बञ्चित भएको कुरा देखिन आयो । छलफल गराउने कार्यका लागि मात्र निवेदिकालाई अस्ट्रेलिया जानबाट रोक्न कानूनतः मिल्ने देखिँदैन । परिवार बीचको घरेलु विवादमा छलफलको लागि निवेदिका विदेश जाने दिनभन्दा अगावै राष्ट्रिय महिला आयोगले प्रहरीमार्फत निवेदिकालाई उपस्थित गर्न लगाएर त्यस सम्बन्धमा आवश्यक तथ्य एवम् कुराहरू बुझी त्यस विवाद सम्बन्धमा निक्यौंलमा पुग्न सक्ने अवस्था हुँदा हुँदै राष्ट्रिय महिला आयोगले पनि त्यस्तो प्रक्रिया अपनाउन सकेको नदेखिने ।

कुनै कसुरका सम्बन्धमा कानूनबमोजिम उजुर परी कानूनले अनुसन्धान गर्न पाउने अधिकारी र अदालतले देशभित्र र विदेश कतै जान रोक लगाई तत्काल पक्राउ गर्नु भनी भएको आदेशबमोजिम अधिकारप्राप्त निकायबाट व्यक्तिलाई पक्राउ गर्नु कानूनसङ्गत नै हुन आउँछ । तर प्रस्तुत विषयका सम्बन्धमा निवेदिकालाई विदेश जान रोक लगाई तत्काल पक्राउ गर्नु भनी कुनै पनि अदालत, वा अधिकारप्राप्त निकायबाट आदेश भएको नभई सामान्य घरायसी विषयका सम्बन्धमा छलफलका लागिसम्म निवेदिकालाई राष्ट्रिय महिला आयोगमा उपस्थित गराउने भन्ने बेहोराले विदेश यात्रामा जान लागेकी निवेदिकालाई प्रत्यक्ष रूपमा मर्का पर्ने गरी विदेश जानबाट रोक्ने अध्यागमन कार्यालयको प्रस्तुत कार्य न्यायोचित नदेखिने ।

कुनै कसुरका सम्बन्धमा कानूनबमोजिम अनुसन्धान गर्न पाउने अधिकारी र अदालतले तत्काल पक्राउ गर्नु भनी भएको आदेशबमोजिम बाहेक कुनै पनि नागरिकलाई स्वतन्त्र रूपमा हिँडडुल गर्न पाउने संविधानप्रदत्त नैसर्गिक अधिकारबाट बञ्चित नगर्नु, नगराउनु भनी विपक्षी महिला आयोग र अध्यागमन कार्यालयका नाउँमा निर्देशनात्मक आदेश जारी गरिएको देखिने ।

इजलास अधिकृत: विष्णुप्रसाद पौडेल

कम्प्युटर: मञ्जु खड्का

इति संवत् २०७५ साल पुस २६ गते रोज ५ शुभम् ।

३

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०७२-CI-१९०१, अंश दर्ता, *रामअवधप्रसाद वरै वि. राजपति देवी बैरनीसमेत*

मुद्दामा वादी प्रतिवादीहरूबीचमा अंशबन्डा हुनुपर्ने कुरामा मुख मिलेको देखिन्छ । निजहरूको बीच नातामा कुनै विवाद देखिँदैन । यहाँ मुख्य रूपमा विवाद जिल्ला पर्सा नगवा (वी) वडा नं.६ नं. कि. नं. ३०४ को क्षेत्रफल ०-०-१२¹/₂ जग्गा अंशियार बीचमा बन्डा नलाग्ने भनी फैसला भएको कुरामा रहेको देखिन्छ । वादी र प्रतिवादीहरू सगोलमा छँदै सगोलको आय आर्जनबाट जनकिया कुर्मिनबाट जिल्ला पर्सा नगवा (वी) वडा नं.६ कि. नं. ३०४ को क्षेत्रफल ०-०-१२¹/₂ जग्गा रू. ९,४००।– मा जेठो छोरा शिवलखन बरैको नाउँमा मालपोत कार्यालय, पर्साबाट मिति २०४९।२।२ गते र.नं. ५११० को लिखतबाट राजीनामा लिखत पारित गरी खरिद लिएको कुरा मिसिल संलग्न लिखतबाट देखिने ।

शिवलखन वादी भई मिति २०५५।१।३ मा दायर भएको अंश मुद्दा दर्ता हुँदाका बखत विवादको कि.नं.३०४ को जग्गा निज शिवलखनको नाममा कायम रहेको अवस्थामा उक्त मुद्दा दायर भएपश्चात् निज शिवलखनले तारेख गुजारी बसेकोले तामेलीमा गएपश्चात् मिति २०५८।७।१९ मा हरदेश राउतलाई बिक्री गरेको पाइयो । उक्त हक हस्तान्तरण गरेउपर अन्य अंशियारहरूले लिखत बदर मुद्दा दायर भई ८ भागको ७ भाग लिखत बदर हुने ठहरी मिति २०६४।१०।२० मा भएको फैसला र सो फैसला कार्यान्वयन गर्ने अवधिभित्रै मिति २०६५।४।३ मा सो जग्गा अंशियारमध्येकै आमा राजपतिदेवीले सम्पूर्ण जग्गा राजीनामा गरी लिएबाट निजको नाममा कायम भएको अवस्था देखियो । यस अवस्थामा उक्त विवादको कि. नं. ३०४ को जग्गा वादी प्रतिवादीहरू बीचमा बन्डा लाग्ने सगोलको सम्पत्ति नै देखिन आउने ।

वादी र प्रतिवादीहरू सगोलमा रहेको अवस्थामा कि.नं. ३०४ को जग्गा सगोलको आय

आर्जनबाट जेठो छोरा शिवलखनको नाउँमा राजीनामा लिखत गरी किनेकोमा अंशबन्डा नहुदै सगोलमा बसेको अवस्थामा शिवलखनले बिक्री गरे तापनि अंशबन्डा गरी छुट्टी भिन्न नभई सगोलमा बसेको अवस्थामा पछि आमाको नाउँमा कायम आएको भन्ने आधारमा मात्र छोराहरूलाई अंश हक नलाग्ने भन्न कानूनसम्मत देखिन आएन । सगोलको आय आर्जनबाट भएको कि. नं. ३०४ को जग्गा अन्य व्यक्तिबाट आमा राजपतिदेवि वरैको नाउँमा कायम भएको देखिए पनि सो सगोल कै सम्पत्ति नै हुँदा सबै अंशियारहरूमा उक्त कि. नं. जग्गामा बराबर अंश भाग लाग्ने हुन्छ । यी पुनरावेदक प्रतिवादी र प्रत्यर्थी वादीहरू सगोलमा रहेको देखिएको र यिनीहरू बीचमा अंशबन्डा भई छुट्टी भिन्न भएको अवस्था नहुँदा यी पुनरावेदक प्रतिवादी रामअवध वरैसमेत सबै अंशियारले कि.नं. ३०४ को जग्गासमेतबाट बराबर आ-आफ्नो अंश भाग पाउने नै देखिने ।

तसर्थः उल्लिखित विवेचित आधार र कारणबाट सुरू जिल्ला अदालतले मिति २०५५।१।३ लाई मानो छुट्टिएको मिति कायम गरी कि.नं. ३०४ को जग्गा मानो छुट्टिएपश्चात् खरिद गरेको हुँदा बन्डा नलाग्ने भनी मिति २०६९।१०।२१ मा भएको फैसलालाई सदर गर्ने गरी भएको पुनरावेदन अदालत हेटौंडाबाट मिति २०७१।८।२९ मा भएको फैसला सो हदसम्म मिलेको नदेखिँदा केही उल्टी हुने र उक्त कि.नं. ३०४ को जग्गा वादी प्रतिवादीहरू बीचमा अंश भाग बन्डा लाग्ने ठहर्ने ।

इजलास अधिकृतः मनकुमारी जि.एम.वि.क
कम्प्युटर: पद्मा आचार्य
इति संवत् २०७५ साल चैत ३ गते रोज १ शुभम ।

## इजलास नं. १६

१

**मा.न्या. श्री सपना प्रधान मल्ल र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०६७-CR-१२०६, कर्तव्य ज्यान, नेपाल सरकार वि. धनकुमार पुर्जासमेत

वारदात घट्दाको अवस्थामा प्रतिवादीहरूमध्येका धनकुमार पुर्जा, खेम पुन र गिरबहादुर पुनले मृतक व्यास घिमिरेलाई हतियार छाडेको कुरामा इन्कार रही वारदातस्थलबाहिर रहेको कुरालाई मौकाको बयानमा खुलाएको र अदालतको बयानमा समेत सो कुरालाई स्वीकार गरेको पाइन्छ । प्रतिवादीहरू वारदात स्थलमा नै गई मृतकलाई हतियार छाड्ने कार्यमा संलग्न रहेको भनी वादी पक्षले प्रमाण ऐन, २०३१ को दफा २५ बमोजिम प्रमाण गुर्जान सकेको नपाइने ।

प्रतिवादीहरू धनकुमार पुर्जा, खेम पुन र गिरबहादुर पुन प्रतिवादीहरूलाई सहयोग पुऱ्याउने नियतले वारदातस्थल बाहिर बसी वारदात घटेपछि भागेको भन्ने तथ्य स्थापित भएको देखिँदा निजहरूको हकमा ज्यानसम्बन्धी महलको १३(१) नं. आकर्षित हुने देखिएन । उल्लिखित अवस्थामा निज प्रतिवादीहरूलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) बमोजिम सजाय नगरी ऐ. १७(३) नं. बमोजिम जनही ३ वर्ष कैद सजाय गर्ने गरी भएको पुनरावेदन अदालतको फैसला मनासिब देखिन आउने ।

प्रतिवादी राजन गुरूङलाई सफाइ दिएको फैसला नमिलेको भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर सम्बन्धमा हेर्दा प्रतिवादी राजन गुरूङ अदालतमा उपस्थित भई बयान गर्दा आफ्नो नाम राजन गुरूङ नभइ रञ्जन गुरूङ भएको र आफू सो वारदातमा उपस्थित नभएको भनी जिकिर लिएको पाइन्छ । प्रत्यक्षदर्शी बुद्धिमान पुनले अदालतमा बकपत्र गर्दा प्रतिवादी राजन गुरूङलाई उक्त वारदातमा संलग्न रहेको भनी किटान गर्न सकेको देखिँदैन । यस अवस्थामा शङ्का कै भरमा प्रतिवादी राजन गुरूङ भन्ने व्यक्ति रञ्जन गुरूङ नै हुन् भनी कसुरदार कायम गर्न न्यायोचित नदेखिँदा वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

प्रतिवादी सिद्धार्थ पुन र डिलन स्वार्जमेनको पुनरावेदन जिकिर सम्बन्धमा विचार गर्दा, प्रतिवादीलाई पुनरावेदन अदालतबाट ज्यानसम्बन्धी महलको

१७(३) नं. बमोजिम जनही ३ वर्षको सजाय भएको देखिन्छ। प्रतिवादी धनकुमार पूर्जाले मौकाको बयानमा यी प्रतिवादीहरूलाई पोल गरेको देखिन्छ । घटनाको प्रत्यक्षदर्शी बुद्धिमान पुनले समेत यी प्रतिवादी सिद्धार्थ पुन र डिलन स्वार्जमेन वारदात स्थलमा आएको भनी मौकामा र अदालतमा बयान गर्दासमेत किटान गरेको देखिन्छ । यसबाट निज प्रतिवादीहरूको मत सल्लाह र सहयोगमा नै वारदात घट्न गएको देखिँदा आरोपित कसुरबाट सफाइ पाऊँ भन्ने प्रतिवादीहरू सिद्धार्थ पुन र डिलन स्वार्जमेनको पुनरावेदन जिकिर समेत मनासिब देखिन नआउने।

अतः विवेचित आधार कारणबाट सुरू कास्की जिल्ला अदालतको फैसला केही उल्टी गरी प्रतिवादीहरू सिद्धार्थ पुन, डिलन स्वार्जमेन, धनकुमार पुर्जा, गिरबहादुर पुन, खेम पुनसमेतलाई ज्यानसम्बन्धीको महलको १७(३) नं. बमोजिम जनही ३ वर्ष कैद हुने र राजन गुरूङको हकमा सफाइ दिएको फैसला मनासिब ठहऱ्याई पुनरावदेन अदालत, पोखराबाट मिति २०६७।११।८ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: ढाकाराम पौडेल

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७५ साल असार २५ गते रोज २ शुभम्।

२

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री पुरुषोत्तम भण्डारी,** ०७३-CR-०६२१, ज्यान मार्ने उद्योग, *नेपाल सरकार वि. रविन सुनुवारसमेत*

जाहेरी बेहोरा र जाहेरवालाको बकपत्रबाट सन्जय तामाङउपर शङ्कासम्म व्यक्त गरेको देखिन्छ। मौकामा कसुरमा साबित रहेका र पछि कसुर ठहर भएका प्रतिवादी सुरेन पालुङवाले मौकामा प्रतिवादीहरूलाई गढाउ नगरेको र अदालतको बयानमा समेत पोल गरेको देखिँदैन । प्रतिवादी रविन सुनुवार र सन्जय तामाङको जाहेरवालासँग पूर्वरिसइवी रहेको भन्ने मिसिलबाट खुलेको छैन। वारदातको चार महिनापछि मात्रै जाहेरी परेको र वारदातका सम्बन्धमा जाहेरीमा उल्लेख नभएको कुरालाई अदालतमा आई बकपत्र गर्दा रविन सुनुवारले ठोकठोक भनी आदेश दिएको भनी जाहेरीसँग विरोधाभाषपूर्ण भनाई उल्लेख गरेबाट सो बकपत्रलाई कसुर पुष्टि गर्ने आधारको रूपमा ग्रहण गर्न न्यायोचित देखिँदैन। जाहेरीमा चश्मदित र ज्यान मर्नबाट बचाउ गर्ने भनिएका व्यक्ति अफ्रिका मावो लिम्बूले समेत यी प्रतिवादीको प्रहारबाट पीडित घाइते भएको भनी खुलाएको नपाइने।

प्रतिवादीमध्येका सुरेन पालुङवालाई कसुर ठहर भएको र पीडितको शरीरमा खुकुरीको एउटा मात्र चोट देखिएको अवस्था हुँदा वस्तुनिष्ठ र शङ्का रहित तवरबाट प्रमाणित नभएसम्म जाहेरी र मौकाको झिनो पोलको आधारमा मात्र यी प्रतिवादीहरू रविन सुनुवार र संजय तामाङलाई समेत ज्यान मार्ने उद्योग जस्तो गम्भीर फौजदारी अपराधमा कसुरदार ठहऱ्याउन न्यायोचित नदेखिँदा वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः विवेचित आधार प्रमाणबाट सुरू ताप्लेजुङ जिल्ला अदालतको मिति २०७१।११।११ को फैसला केही उल्टी गरी प्रतिवादी रविन सुनुवारले समेत अभियोग दाबीबाट सफाइ पाउने ठहऱ्याई भएको पुनरावेदन अदालत इलामको मिति २०७२।५।२७ को फैसला मनासिब देखिँदा सदर हुने।

इजलास अधिकृत: ढाकाराम पौडेल

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७५ साल जेठ २३ गते रोज ४ शुभम्।